सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१ फागुन २०८१, बिहीबार (13 Feb 2025, Thursday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २९८ ■ पृष्ठ १० nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

उपप्रधानमन्त्री सिंहकी दिदी संलग्न बाल संगठनको जग्गा हिनामिनामा पनि मुद्दा नचलाउने निर्णय

अनाथ बालबालिका पाल्ने बाल संगठनमा ३३ वर्षसम्म अध्यक्ष रहेकी रिता सिंह वैद्यले नक्सालस्थित झन्डै २९ रोपनी जग्गा ५४ वर्षका लागि कौडीको भाउमा लिजमा लगाउँदा अनियमितता गरेको निष्कर्षसहित पाँच वर्षअघि नै उच्चस्तरीय छानबिन आयोगले बुझाएको थियो प्रतिवेदन, सिआइबीले अनुसन्धान गर्दै रिताविरुद्ध पक्राउ पुर्जी पनि लिएको थियो, तर सत्ता र शक्तिको आडमा अहिले मुद्दा नचलाउने निर्णय गरियो

● **रामहरि काफ्ले,** सहन्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय काठमाडौं

नेपाल बाल संगठनको जग्गा लिजमा दिने क्रममा भएको भ्रष्टाचारसँग सम्बन्धित मुद्दा नचलाउने निर्णय भएको छ। निर्णयपत्र हामी कहाँबाट उच्च सरकारी वकिलको कार्यालय गइसकेको छ। महान्यायाधिवक्ता कार्यालयमा पनि जाने क्रममा होला।

टेकराज थामी/नयाँ पत्रिका

अनाथ बालबालिका पाल्ने परोपकारी संस्था नेपाल बाल संगठनमा ३३ वर्ष नेतृत्वमा रहँदा आर्थिक अनियमिततामा संलग्न उपप्रधानमन्त्री एवं कांग्रेस नेता प्रकाशमान सिंहकी दिदी रिता सिंह वैद्यलाई पनि सरकारले उन्मुक्ति दिएको छ। उनको मुख्य संलग्नता रहेको संगठनको जग्गा लिज हिनामिनामा मुद्दा नचलाउने निर्णय जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले गरेको छ। सरकारले सिआइबीको अनुसन्धान प्रक्रियामै हस्तक्षेप गरी मुद्दा चलाउन आवश्यक नरहेको राय पेस गर्न दबाब दिएकोमा सोही प्रतिवेदनका आधारमा यस्तो निर्णय गरिएको हो।

गत १४ वैशाखदेखि अनुसन्धान थालेको सिआइबीले जग्गा लिजमा दिने क्रममा ठगी भएको भन्दै संगठनकी तत्कालीन अध्यक्ष वैद्यसहित २० जनाविरुद्ध अदालतबाट पक्राउ पुर्जी मागेको थियो। जिल्ला अदालत काठमाडौंले २७ वैशाखमा पक्राउ पुर्जी जारी गरेको थियो। त्यतिबेला सिआइबीको नेतृत्वमा थिए, एआइजी श्याम ज्ञवाली। तर, अनुसन्धानकै क्रममा सरकारको नेतृत्वमा एमाले

» पृष्ठ ९ मा क्रमशः

उच्चस्तरीय छानबिन आयोगले सरकारलाई पाँच वर्षअघि नै बुझाएको थियो लिजमा भएको बदमासीको फेहरिस्त

रिता सिंह वैद्य

५४ वर्षका लागि झन्डै २९ रोपनी लिजमा, सम्झौता भएको आठ वर्षसम्म बढ्ने भाडा संगठनले लिन नपाउने

बाल संगठनमा देखिएको बेथितिमाथि छानबिन गर्न सरकारले ०७७ मा उच्च अदालतका पूर्वन्यायाधीश हरिबहादुर भट्टराईको संयोजकत्वमा उच्चस्तरीय आयोग गठन गरेको थियो। आयोगको प्रतिवेदनअनुसार तत्कालीन अध्यक्ष रिता सिंह वैद्यले वृहस्पति विद्या सदनसँग संगठनको नक्सालस्थित झन्डै २९ रोपनी जग्गा आगामी ५४ वर्ष अर्थात् वि.सं. २१३१ सम्मका लागि भाडामा दिने सम्झौता गरेकी थिइन्। प्रत्येक दुई वर्षमा पाँच प्रतिशतका दरले बढ्ने गरी वार्षिक एक करोड रुपैयाँ भाडा दिने सम्झौता भएकोमा आठ वर्षसम्म भने बढेको भाडा संगठनले लिन नपाउने भनिएको छ। उक्त जग्गा बैंक अफ काठमाण्डूमा धितो राखेर वृहस्पतिले ३० करोड ऋण लिएको छ। जग्गा र जग्गामा बनेको भवन वृहस्पतिले राई स्कुललाई लिजमा लगाएको छ।

बाल संगठनको जग्गामा व्यापारीको कनक पेट्रोल पम्प, कनक र संगठनबिच भाडाबापत भएको लेनदेन अपारदर्शी

बाल संगठनलाई सरकारले दिएको टेकुस्थित करिब एक रोपनी ११ आना जग्गा कनक ट्रेडर्स सेन्टरलाई आगामी २५ वर्षका लागि अर्थात् वि.सं. २१०२ सम्मका लागि लिजमा दिइएको छ। यसबापत कनकले वार्षिक चार लाख ८७ हजार रुपैयाँ भाडा बुझाउने भनिएको छ। कनक ट्रेडर्सका मालिक पेट्रोलियम डिलर्स एसोसिएसनका पूर्वअध्यक्ष शिवप्रसाद घिमिरे हुन्। घिमिरेले उक्त स्थानमा पेट्रोल पम्प चलाइरहेका छन्। तर, जग्गा भाडामा दिएबापत हुने आम्दानीको हिसाब पारदर्शी नभएको आयोगको प्रतिवेदनमा उल्लेख छ।

संगठनका तत्कालीन महासचिवबाटै संगठनको जग्गा आफ्नै कम्पनीलाई भाडामा

टेकुस्थित महानगरीय प्रहरी परिसर काठमाडौं कार्यालयको उत्तरतर्फ मुख्य सडकमा जोडिएको संगठनकै नाममा अर्को एक रोपनी ११ आना जग्गा छ। जग्गामा १८ वटा सटर छन्। सटर नरेन्द्रलाल प्रधान अध्यक्ष रहेको व्यापारिक संस्था फेयर इन्टरनेसनलको हो। फेयरको मुख्य सेयरहोल्डर संगठनका तत्कालीन महासचिव गणेशभक्त श्रेष्ठ आफैं हुन्। उनले कुनै टेन्डर आह्वान नगरी मिलिभगतमै आफ्नै कम्पनीलाई जग्गा भाडामा लगाएको छानबिनमा खुलेको छ। तर, आयोगका अनुसार संगठनले उक्त जग्गाको भाडा वार्षिक १८ लाख ६ हजार उठाइरहेको छ जुन अत्यन्तै न्यून हो। श्रेष्ठले उक्त सेयर अहिले श्रीमतीको नाममा गरेका छन्।

बालशोषण गर्ने एमाले सांसदलाई उन्मुक्ति प्रकरण

मानव अधिकार आयोगले थाल्यो अनुसन्धान

प्रदेश सांसद शर्मा

१४ वर्षीया बालिकालाई ६ वर्षसम्म बालमजदुरका रूपमा बन्धक बनाएर शारीरिक यातनासमेत दिने एमाले लुम्बिनी प्रदेश सांसद रेखा शर्मालाई सरकारले उन्मुक्ति दिएपछि मानव अधिकार आयोगले अनुसन्धान थालेको छ। आयोगले उच्च सरकारी वकिलको कार्यालय पाटन र जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंमा पत्राचार गरी प्रहरीले रायसहित पेस गरेको अनुसन्धान प्रतिवेदन मागेको हो। प्रतिवेदन बुझाउन आयोगले सात दिनको समय दिएको छ।

सांसद शर्मालाई मुद्दा चलाउनुपर्ने भन्दै जिल्ला सरकारी वकिलको कार्यालयले गरेको निर्णयलाई उच्च सरकारी वकिलको कार्यालय पाटनले पनि सदर गरेपछि फाइल हाल महान्यायाधिवक्ताको कार्यालयमा पुगेको छ। सरकारको यस्तो कदमको चौतर्फी आलोचना बढेपछि मानव अधिकार आयोगले स्वविवेकीय क्षेत्राधिकार प्रयोग गरी अनुसन्धान थालेको जनाएको छ। आयोगका सहायक प्रवक्ता श्यामबाबु काफ्लेले बुधबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'दाङ जिल्लानिवासी एक बालिकालाई सोही जिल्लाका लुम्बिनी प्रदेश सभा सदस्य रेखा शर्माले ६ वर्षसम्म बन्धक बनाई श्रमशोषण गरेको भनिएको घटनामा उन्मुक्ति दिएको भन्दै सञ्चारमाध्यममा प्रकाशित समाचारपछि आयोगले स्वविवेकीय क्षेत्राधिकार प्रयोग गरी छानबिन तथा अनुसन्धान प्रारम्भ गरेको छ। सो क्रममा उच्च सरकारी वकिल कार्यालय पाटन र जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंमा पत्राचार गरी नेपाल प्रहरीबाट सरकारी वकिल कार्यालयसमक्ष पेस गरेको रायसहितको प्रतिवेदन सात दिनभित्र उपलब्ध गराउन आयोगले आजै पत्राचार गरेको छ।'

सांसद शर्माको बालुवाटारस्थित घरमा काम गर्न राखिएकी पीडित बालिकालाई महानगरपालिकाले गत जेठमा उद्धार गरेको थियो। बालिकामाथि चरम अमानवीय व्यवहार गरेको खुलेपछि महानगरले प्रहरीमा जाहेरी दिएको थियो। तर, सत्ताको आडमा शर्मालाई मुद्दा नचलाउने निर्णय सरकारी वकिलले गरेको छ।

■ भुक्तानी नपाएपछि सप्लायर्सले वीरलाई दिएन फिल्म सिट

आजदेखि एक्सरे सेवा ठप्प हुने जोखिम

अध्यादेशमार्फत गरिएका ५२ नियुक्तिविरुद्धको रिटमाथि चार वर्षपछि सुनुवाइ

रिट हेर्दाहिँदैमा, आगामी पेसी २१ फागुनमा

(विस्तृत पृष्ठ ३)

जनयुद्ध र समाजवाद

अग्रलेख

● **इन्द्रप्रसाद गोतामे (जगतजंग)**

जनयुद्धले उठाएका कैयौं मुद्दा, समृद्धि, सुशासन र सामाजिक न्यायको आन्दोलन अझै बाँकी नै छ

(पृष्ठ ५)

अर्थमन्त्रीले बजेटबाट हटाए भरतपुर-बुटवल-पोखरा त्रिभुज परियोजना

दुई अर्ब विनियोजन गरेर सार्वजनिक-निजी साझेदारी मोडलमा अघि बढाउने गरी अघिल्लो सरकारले ल्याएको लुम्बिनीसहितको विकासका लागि महत्त्वपूर्ण परियोजना अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बजेटको मध्यावधि समीक्षामार्फत हटाए

(विस्तृत पृष्ठ ७)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ **भूमि अध्यादेशमा सरकारलाई थप संकट**

सत्तारूढ लोसपा पनि विपक्षमा

प्रेम गौतम/नयाँ पत्रिका

राष्ट्रिय सभामा बहुमत जुटाउन नसकेर अध्यादेशमाथिको छलफल नै थाती राखेको सरकारमाथि यसलाई फिर्ता लिनुपर्ने दबाब बढेको छ। सत्तारूढ दल लोसपाले पनि भूमिसम्बन्धी अध्यादेशलाई समर्थन नगर्ने निर्णय गरेपछि सरकारमाथि थप संकट बढेको हो।

सरकारलाई समर्थन गरेको जसपा नेपालले भूमिसम्बन्धी अध्यादेशको विपक्षमा मतदान गर्ने निर्णय गरेको भोलिपल्ट बुधबार लोसपाले पनि समर्थन नगर्ने निर्णय गरेको हो। सरकारमा लोसपाबाट एक मन्त्री छन्। राष्ट्रिय सभामा बहुमत जुटाउन नसक्दा अध्यादेशमाथिको छलफल कार्यसूचीमै चढेको छैन।

महन्थ ठाकुर
अध्यक्ष लोसपा

भूमिसम्बन्धी अध्यादेश जनताको हितविपरीत रहेको ठहर गर्दै लोसपाले यथास्थितिमा समर्थन गर्न नसक्ने स्पष्ट गरेको छ। 'भूमिसम्बन्धी अध्यादेशको अन्तर्यको अध्ययन गर्दा समग्रमा अत्यन्त गरिब र पिछडिएका डोम, मुसहर, चमार, दुसाध, सन्थाल, गनगाईं, राजवंशी, रानाथारूलगायतका पूर्णरूपमा कृषिमा आधारित गरिब समुदायलाई यसको उपलब्धिको दायराबाट वञ्चित राखिने तथा यो अध्यादेशले वनफँडानी र अवैध कब्जा गर्ने प्रवृत्तिलाई बढावा दिने हाम्रो ठहर छ,' लोसपा अध्यक्ष महन्थ ठाकुरले विज्ञप्ति निकालेर पार्टीको धारणा सार्वजनिक गरेका छन्।

राष्ट्रिय सभामा लोसपाका एक सांसद छन्। सत्तारूढ दलले नै अध्यादेशलाई समर्थन गर्न नसक्ने निर्णय गरेपछि सरकार नैतिक

» पृष्ठ ९ मा क्रमशः

प्रिन्सिपलकी छोरीले तातो पन्युले डामिन् स्कुलका चार बालकको गाला

तस्बिर : हुलाकी खबर अनलाइन टिभी



तनहुँको भिमाद नगरपालिका- ६ स्थित प्रभात एकेडेमी बोर्डिङ स्कुलकी लेखापाल सुष्मा श्रेष्ठले मंगलबार चार कक्षामा पढ्ने चार बालकलाई तातो पन्युले गालामा डामेको विरोधमा बुधबार भिमाद बजारमा अभिभावक र स्थानीयले गरेको प्रदर्शन।

■ एक पीडित बालकले भने- **साथीहरू कक्षामा गफ गरिरहेका थियौं, मिस आउनुभयो अनि कक्षामा हल्ला गर्ने भन्दै तातो पन्युले गालामा हान्नुभयो। पोलेपछि मसँगै अरू साथीहरू पनि रोए। अहिले पनि गालामा पोलिरहन्छ। विद्यालय जान पनि डर लाग्छ।**

तनहुँमा **उपेन्द्र खनाल**
पोखरामा **रोहितराज पराजुली**

तनहुँमा एक निजी स्कुलका प्रिन्सिपलकी छोरीले चार विद्यार्थीमाथि निन्दनीय र अमानवीय हर्कत गरेकी छिन्। विद्यार्थीलाई सुरक्षा र सम्मान दिनुपर्नेमा प्रिन्सिपल कृष्णदेव श्रेष्ठकी छोरीसमेत रहेकी लेखापाल सुष्माले तातो पन्युले चार विद्यार्थीको गाला डामेकी छिन्। बालबालिकामाथि कुनै पनि प्रकारको हिंसा बाल अधिकारको गम्भीर उल्लंघन हो।

घटना भिमाद नगरपालिका- ६ तनहुँस्थित प्रभात एकेडेमी बोर्डिङ स्कुलको हो। घटना मंगलबार बिहान साढे ११ बजेतिरको भए पनि बुधबार मात्र सार्वजनिक भएको छ। विद्यार्थीको गालामा अझै डाम छ। चारै बालक कक्षा ४ मा अध्ययनरत हुन्। क्यान्टिनमा पन्यु तताई गालामा पन्यु डाम्ने श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ।

पीडित एक बालकले बताएअनुसार दोस्रो पिरियड सकिएपछि कक्षा चारका विद्यार्थी आपसमा कुराकानी गरेर बसेका थिए। त्यहीबेला सुष्मा आएर विद्यार्थीको गालामा पन्युले डामेकी हुन्। सामाजिक विषयका शिक्षक गयल भएकाले श्रेष्ठ कक्षामा पुगेकी थिइन्।

'साथीहरू गफ गरिरहेका थियौं, मिस आउनुभयो अनि कक्षामा हल्ला गर्ने भन्दै तातो पन्युले गालामा हान्नुभएको हो,' ती बालकले भने, 'तातो पन्युले हानेपछि मसँगै अरू साथीहरू पनि रोए। अहिले पनि गालामा पोलिरहन्छ। विद्यालय जान पनि डर लाग्छ।' सुष्माले विद्यार्थीले आफूलाई जिस्क्याएको, भनेको नटेरेको र हल्ला गरेको भन्दै पन्युले डामेको बताएकी थिइन्। विद्यार्थी र श्रेष्ठको घर एउटै ठाउँ हो।

पीडित एक बालकका अभिभावक विष्णु परियारले विद्यार्थीको गाला डाम्नेमाथि कारबाही हुनुपर्ने बताए। 'विद्यार्थीले गल्ती गरेकै भए पनि सम्झाउन सकिन्थ्यो, अभिभावकलाई भन्न सकिन्थ्यो होला। तर, चरम शारीरिक यातना दिनु ठिक होइन। अब छोराछोरीलाई कसरी स्कुल पठाउने ?' उनले प्रश्न गरे।

प्रिन्सिपल कृष्णदेव श्रेष्ठले विद्यार्थीमाथि कुटपिट, शारीरिक यातना गलत रहेको बताए। उनले भने, 'यस्तो यातना कसैलाई पनि दिनुहुँदैन, हिजोको घटनाको जिम्मेवारी हामी लिन्छौं।' श्रेष्ठले मंगलबार आफू विवाहमा रहेकाले स्कुल नगएको बताए।

उनका अनुसार घटनापछि विद्यार्थीलाई स्थानीय अस्पतालमा उपचार गरेर थप उपचार गर्नुपरे पोखरा लैजाने सहमति भएको थियो। 'त्यतिखेर परिवारले ठुलो समस्या छैन, पोखरा लैजान पर्दैन

» पृष्ठ ९ मा क्रमशः

मेलम्ची खानेपानी आपूर्तिको पाइप फुट्दा बबरमहल क्षेत्र जलमग्न

मेलम्ची आयोजनाले चार घण्टासम्म बन्द गर्न सकेन भल्ब, चार फाँटमा क्षति पुगेपछि काठमाडौं जिल्ला अदालतका केही इजलास प्रभावित, **चार घण्टासम्म बग्दा ४० लाख लिटर पानी खेर, ४० लाखबराबर क्षति, मर्मतसम्भार नहुँदासम्म बबरमहल क्षेत्रमा खानेपानी वितरण रोकियो**

पाइप फुटेपछि बबरमहलस्थित वनपरिसरबाहिरको दृश्य।

काठमाडौं जिल्ला अदालतका मिसिल सुरक्षित गर्दै प्रहरी।

पानीले क्षतिग्रस्त सडक। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

शिवहरि घिमिरे/नयाँ पत्रिका

ठेकेदारको लापरबाहीले बुधबार दिउँसो खानेपानी आपूर्तिको पाइप फुट्दा बबरमहल क्षेत्र जलमग्न भएको छ। मेलम्ची खानेपानीको २० इन्च मोटो फलामे पाइप फुट्दा बाहिरिएको पानीले वरिपरि रहेका सरकारी र निजी भवन डुबानमा परेका छन्।

» पृष्ठ ९ मा क्रमशः

■ किन तत्काल बन्द गर्न सकिएन पानी ?

बुधबार बबरमहलमा पाइप फुटेको क्षेत्रमा पानी आफूर्ति रोक्न सकिने प्रणालीमै छ। तर, पिआइडीका अधिकारीहरूका अनुसार मोटो पाइपमा एकैपटकमा पानी नियन्त्रण गर्न भने कठिन हुन्छ। यहीकारण चार घण्टासम्म पानी रोकिएन। अधिकारीहरूका अनुसार यहाँको मोटो पाइपको पानी नियन्त्रण गर्न तीन स्थान (तिनकुने, पुतलीसडक र अनामनगर)को भल्ब बन्द गर्नुपर्ने हुन्छ। तर, एकै समयमा बन्द गर्न नसकिएको र एकातिर मात्रै बन्द गर्दा पानी फर्किएर फेरि त्यही पाइपमा आउने प्रणाली रहेको प्रोजेक्ट डाइरेक्टर चौधरीले बताए। 'यो पाइप बन्द गर्ने प्रणाली नभएको होइन। एक त यो ठाउँ ओरालोमा छ। अर्को, पाइप आफैंमा मोटो हुन्छ। एक ठाउँबाट मात्रै बन्द गरेर हुँदैन,' उनले भने, 'तीन ठाउँबाट बन्द गर्दा समय लाग्यो। पाइप इन्टरकनेक्टेड हुन्छ, सबैतिर बन्द गरेपछि मात्रै रोकिन्छ।'

■ चाबहिलमा पाइप फुटे हुन सक्छ ठुलो क्षति

मेलम्ची खानेपानीको सबैभन्दा मोटो पाइप चाबहिल क्षेत्रमा छ। यहाँ मेलम्चीबाट आएको मुख्य पाइप रहेको हुँदा यस क्षेत्रमा ५६ इन्च मोटो पाइप छ। 'बबरमहलमा फुटेको पाइपभन्दा तीन गुणा मोटो पाइप चाबहिल क्षेत्रमा छ, त्यो पाइप फुट्यो भने त्यो क्षेत्र नै डुबान पर्छ,' काठमाडौं उपत्यका खानेपानी आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी)का प्रोजेक्ट डाइरेक्टर टीका चौधरीले भने। सम्भावित जोखिम न्यूनीकरणका लागि पिआइडीले पटक-पटक विद्युत् प्राधिकरण र अन्य निकायलाई पूर्वसूचनासमेत दिइसकेको छ। 'यहाँ काम गर्दा अन्य निकायले बढीभन्दा बढी चासो दिनुपर्छ। तर, खानेपानीको पाइपबारे अन्य निकायलाई मतलब नै छैन। कतिपयले फुटाएर हिँड्छन्, यो राम्रो होइन,' उनले भने।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, ब्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

१)	**ऋणी: विपिन बोहरा** स्थायी ठेगाना: रुपन्देही जिल्ला, देवदह न.पा.वडा नं. ३, हालको ठेगाना: रुपन्देही जिल्ला, देवदह न.पा.वडा नं. ५ बाबु: राधेश्याम बोहरा, बाजे: मेहर सिंह बोहरा
२)	**१) ऋणी फर्म: महेन्द्र कपडा पसल,** प्रोप्राईटर तथा जमानीकर्ता: भिम बहादुर शाही दर्ता नं.: उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, बिरेन्द्रनगर, सुर्खेत नेपालमा प्रा.फ.र.नं.२८६/०६४/०६५, मिति: २०६४/०५/०५, ठेगाना: जिल्ला सुर्खेत, बिरेन्द्रनगर न.पा. वडा नं. ६,
	२) ऋणी: मिमकोशा शाही स्थायी ठेगाना: कालिकोट जिल्ला, चिल्खाया गा.वि.स. वडा नं. ९, हालको ठेगाना: सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा वडा नं. ४ बाबु: मान बहादुर सिंह, ससुरा: रनदल शाही, पति: भिम बहादुर शाही
३)	**१) ऋणी फर्म: न्यू पूर्णिमा सप्लायर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: देवीकला कडेल दर्ता नं.: वाणिज्य विभाग, विरेन्दजगर कार्यालय, सुर्खेत प्रा.फ.नं. ९९१७/०७६/०७७, मिति २०७६/०४/०५, ठेगाना: जिल्ला सुर्खेत, बिरेन्द्रनगर न.पा. वडा नं. ३
	२) ऋणी: धनिराम कडेल (क्रेडिट कार्ड कर्जा सहित) स्थायी ठेगाना: कैलाली जिल्ला, धनगढी गा.वि.स वडा नं. ३, हालको ठेगाना: सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ३ बाबु: गंगाराम कडेल, बाजे: बालाराम कडेल
४)	**ऋणी: दिपेन्दर प्रसाद चौधरी** स्थायी ठेगाना: नवलपरासी जिल्ला, रमपूरवा गा.वि.स. वडा नं. २, हालको ठेगाना: नवलपरासी जिल्ला, पाल्हीनन्दन गा.पा. वडा नं. १, बाबु: कन्है चौधरी, बाजे: लक्ष्मण चौधरी
५)	**१) ऋणी फर्म: पर्फेक्ट होम एण्ड सप्लायर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: रेनुका कार्की (दंगाल) दर्ता नं.: वाणिज्य विभाग, फर्म तथा अभिलेख व्यवस्थापन शाखामा प्रा.फ.र.नं: १३७००६/०७४/७५, दर्ता मिति २०७४/०५/२१, ठेगाना: जिल्ला भक्तपुर, मध्यपुर थिमी न.पा. वडा नं. १६
	२) ऋणी: भैरब दंगाल स्थायी ठेगाना: सिन्धुपाल्चोक जिल्ला, भीमटार गा.वि.स वडा नं. १, हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३५, बाबु: तुला प्रसाद दंगाल, बाजे : सुर्य कान्त दंगाल
६)	**ऋणी: नारायण प्रसाद घिमिरे** स्थायी ठेगाना: रामेछाप जिल्ला, सालु गा.वि.स. वडा नं. ५, हालको ठेगाना: काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ५ बाबु: इन्द्र नाथ घिमिरे, बाजे: राम प्रसाद उपाध्याय
७)	**१) ऋणी फर्म: जि.एम. ट्रेडर्स,** प्रोप्राइटर तथा जमानीकर्ता: एकराज दाहाल दर्ता नं.: घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, सुनसरीमा प्रा.फ.र.नं.. ४४२४/०७२/०७३, दर्ता मिति: २०७२/१०/१८, ठेगाना: जिल्ला सुनसरी, इटहरी उप.म.न.पा. वडा नं. ४
	२) ऋणी: एकराज दाहाल स्थायी ठेगाना : सुनसरी जिल्ला, इटहरी न.पा. वडा नं. ३, हालको ठेगाना: सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ४, बाबु : तिलक बहादुर दाहाल, बाजे : डम्बर बहादुर दाहाल
८)	**ऋणी: राम बहादुर राना मगर** स्थायी ठेगाना: झापा जिल्ला, अर्जुनधारा गा.वि.स. वडा नं. ६, हालको ठेगाना: झापा जिल्ला, अर्जुनधारा न.पा. वडा नं. ५, बाबु : चन्द्र लाल राना मगर, बाजे: शिवलाल राना मगर
९)	**ऋणी: बिजय के.सी. खत्री** ठेगाना: सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ८, बाबु: नर बहादुर के.सी खत्री, बाजे : डम्बर बहादुर खत्री तथा **ऋणी: नर बहादुर खत्री** ठेगाना: सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ८, बाबु: डम्बर बहादुर खत्री, बाजे : लाल बहादुर खत्री
१०)	**ऋणी फर्म: रमेश ज्वेलर्स,** फर्मधनी/साझेदार तथा जमानीकर्ता: रमेश कुमार विश्वकर्मा दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, भद्रपुर, झापामा वाणिज्य फर्म दर्ता नं ३८१-१७८९०, दर्ता मिति: २०७९/१०/१९, ठेगाना: जिल्ला झापा, शिवशताक्षी न.पा. वडा नं. ८
११)	**ऋणी: शम्भु प्रसाद पटेल** स्थायी ठेगाना: रौतहट जिल्ला, बिश्रामपुर गा.वि.स. वडा नं. ९, हालको ठेगाना : रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बाबु : प्रहलाद राउत, बाजे : चेथरु राउत
१२)	**ऋणी कम्पनी: ए.आर. टेक्नोलोजी प्रा.लि.,** संचालक तथा जमानीकर्ता: रितेश कुमार यादव दर्ता नं.: कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौंमा दर्ता नं. २५५३०३/०७७/०७८, दर्ता मिति २०७७/१०/२७, ठेगाना: जिल्ला धनुषा, जनकपुर उ.म.न.पा. वडा नं. २
१३)	**ऋणी: गौरी शंकर साह कानु** स्थायी ठेगाना: पर्सा जिल्ला, सेढवा गा.वि.स. वडा नं. ६, हालको ठेगाना: पर्सा जिल्ला, जिराभवानी गा.पा. वडा नं. २, बाबु: धनई साह कानु, बाजे: तपेश्वर साह कानु
१४)	**ऋणी: रंजित कुमार साह** स्थायी ठेगाना : रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. १, हालको ठेगाना : रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ९ बाबु : सर्व लाल साह, बाजे: अमिरी साह कानु
१५)	**ऋणी फर्म: पुरुषोतम जेनरल स्टोर,** प्रोप्राईटर तथा जमानीकर्ता: प्रेम सा कानु दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय कलैया, बारामा प्रा.फ.र.नं.: ८२६२/०७६/७७, दर्ता मिति २०७६/०५/२५, ठेगाना: जिल्ला बारा, सिम्रौनगढ न.पा. वडा नं. ५
१६)	**ऋणी फर्म: श्याम ट्रेडर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: लाल बाबु राय यादव दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्रा.फ.र.नं. ४५०१/४६१, दर्ता मिति २०७३/०३/२९, ठेगाना: जिल्ला रौतहट, कर्कच कर्मैया गा.वि.स. वडा नं. ८ (हाल देवाही गोनाही न.पा. वडा नं. ५)
१७)	**ऋणी फर्म: प्रकाश होटल,** संचालक तथा जमानीकर्ता: संगिता गुप्ता दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, रौतहट, गौरमा उद्योग दर्ता नं. ७८४३/१४२/१२४/७ (गुजरा), दर्ता मिति २०७७/०६/११, ठेगाना: जिल्ला रौतहट, सिम्राभवानीपुर गा.वि.स. वडा नं. ४ (हाल गुजरा न.पा. वडा नं. ९)
१८)	**ऋणी: सिता आले** स्थायी ठेगाना: तनहुँ जिल्ला, अरुणोदय गा.वि.स वडा नं. १, हालको ठेगाना: कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १२ बाबु: गोविन्द राना, ससुरा: डिल बहादुर आले, पति: नरेश आले
१९)	**१) ऋणी फर्म: एनजेल किराना पसल,** प्रोप्राईटर तथा जमानीकर्ता : देकी तमाङ दर्ता नं.: वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा प्रा.फ.र.नं. ३८७/०७३/०७४, दर्ता मिति: २०७४/०२/२४, ठेगाना: जिल्ला रसुवा, गोसाईकुण्ड गा.पा. वडा नं. ६
	२) ऋणी: देकी तमाङ ठेगाना: रसुवा जिल्ला, गोसाईकुण्ड गा.पा. वडा नं. ६, बाबु: डनाङदे घले, ससुरा: मिङमर तमाङ तितुङ, पति: छोवाङ तमाङ
२०)	**ऋणी: अन्जना महतो** स्थायी ठेगाना: चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. ७, हालको ठेगाना: चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. ८, बाबु: राम सिंह महतो, ससुरा: वुधिराम महतो, पति: कमल महतो
२१)	**१) ऋणी फर्म : कल्पना इनोद स्टोस,** प्रोप्राइटर तथा जमानीकर्ता : कल्पना तमाङ दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालयमा प्रा.फ.र.नं. ८२५/०७५/०७६, दर्ता मिति: २०७५/०९/२६, ठेगाना : जिल्ला चितवन, रत्ननगर न.पा. वडा नं. १५
	२) ऋणी : कल्पना तमाङ स्थायी ठेगाना: चितवन जिल्ला, पिठूवा गा.वि.स. वडा नं. ८, हालको ठेगाना: चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १५, बाबु: जगत बहादुर तमाङ, ससुरा: राम बहादुर घलान, पति: इनोद कुमार घलान
२२)	**ऋणी: मोहन सिं थापा मगर** स्थायी ठेगाना : गोरखा जिल्ला, भुमलीचोक गा.पं. वडा नं. ५, हालको ठेगाना : चितवन जिल्ला, खैरनी न.पा. वडा नं. २ बाबु : कृष्ण बहादुर थापा मगर, बाजे: गज बहादुर थापा मगर
२३)	**ऋणी फर्म: आकाश विकाश टायर पसल,** प्रोप्राईटर तथा जमानीकर्ता: ललिता देवी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, कलैया बारामा प्रा.फ.र.नं. १०७५६/०७७/७८ स्थानीय व्यापार, दर्ता मिति २०७७/१२/०९, ठेगाना: जिल्ला बारा, सिमौनगढ न.पा. वडा नं. ८
२४)	**ऋणी: तेज बहादुर तामाङ** स्थायी ठेगाना: रामेछाप जिल्ला, हिलदेवी गा.वि.स. वडा नं. ५, हालको ठेगाना: चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ५ बाबु: कुलमान सिं तमाङ, बाजे: कान्छा राम तमाङ
२५)	**ऋणी: अर्जुन चौधरी** ठेगाना: चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. ४, बाबु: झगरु महतो, बाजे: छलाही
२६)	**१) ऋणी फर्म: समैजी ट्रेड,** प्रोप्राईटर तथा जमानीकर्ता: कान्डु कुमारी शेर्पा दर्ता नं.: वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग (वाणिज्य व्यवसाय व्यवस्थापन तथा नियमन शाखा)मा प्रा.फ.र.नं. १५५१७१/०७७/७८, दर्ता मिति: २०७७/०४/१८, ठेगाना: जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. १४
	२) ऋणी: कान्डु कुमारी शेर्पा स्थायी ठेगाना : डडेलधुरा जिल्ला, असिग्राम गा.वि.स. वडा नं. ७, हालको ठेगाना : डडेलधुरा जिल्ला, असिग्राम गा.वि.स./उ.म.न.पा. वडा नं. ७, बाबु : पासाङ शेर्पा, ससुरा : तोक बहादुर खत्री, पति : हिक्मत बहादुर खत्री
२७)	**ऋणी: बिर बहादुर तामाङ** ठेगाना: काभ्रे जिल्ला, बेथानचोक गा.पा. वडा नं. ३, बाबु : माईला तामाङ, बाजे : लाल बहादुर वाईवा
२८)	**ऋणी: घनश्याम चौधरी** स्थायी ठेगाना : चितवन जिल्ला, चित्रवन न.पा. वडा.नं. १, हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १७, बाबु : भिम बहादुर चौधरी, बाजे: सनिचरा चौधरी
२९)	**ऋणी फर्म: अभिनास पशु फार्म,** प्रोप्राईटर तथा जमानीकर्ता: जितेन्द्र राय यादव दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्र.फ.नं. ७११२/१०९/१२४/९, (गरुडा), दर्ता मिति २०७६/०५/१६, ठेगाना: जिल्ला रौतहट, जयनगर गा.वि.स. वडा नं. ५ (हाल गरुडा न.पा. वडा नं. १)
३०)	**ऋणी: अशोक खनाल** स्थायी ठेगाना: चितवन जिल्ला, चैनपुर गा.वि.स. वडा नं. ७, हालको ठेगाना: चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. २, बाबु: टेक नाथ खनाल, बाजे: गिरि शर्मा खनाल
३१)	**ऋणी: डिमा घोर्जे गुरुङ** स्थायी ठेगाना : मनाङ जिल्ला, खाङसार गा.वि.स. वडा नं. १, हालको ठेगाना : नवलपरासी (ब.सु.पु) जिल्ला, गैडाकोट न.पा. वडा नं. ९, बाबु : काल्तेन गुरुङ, बाजे : फुर्पा गुरुङ
३२)	**ऋणी फर्म: सियो सिलाई उद्योग,** संचालक तथा जमानीकर्ता : कमला माया मुक्तान दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुरमा प्राइभेट फर्म दर्ता नं. ५५७/४४४/०७८/०७९, दर्ता मिति: २०७८/०६/०४, ठेगाना: जिल्ला मकवानपुर, मनहरी गा.पा वडा नं. ९
३३)	**ऋणी: भिम बहादुर वाईबा** स्थायी ठेगाना: मकवानपुर जिल्ला, हर्नामाडी गा.वि.स. वडा नं. ८, हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १८, बाबु: जित बहादुर बाईबा, बाजे: उत्तर बहादुर बाईबा
३४)	**ऋणी: विमान रुम्बा** स्थायी ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ८, हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ८, बाबु: आईत सिं रुम्बा, बाजे: किर्तिमान रुम्बा
३५)	**ऋणी: बलराज बानिया** स्थायी ठेगाना : मकवानपुर जिल्ला, हर्नामाडी गा.वि.स. वडा नं. ८, हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १८, बाबु : दामोदर बानिया, बाजे: उदय बहादुर बानिया
३६)	**ऋणी: घन बहादुर थिङ** स्थायी ठेगाना : मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ३, हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा.. वडा नं. १३, बाबु : प्रेम बहादुर थिङ, बाजे: भिम बहादुर थिङ
३७)	**ऋणी: एलिस प्रजा** ठेगाना: मकवानपुर जिल्ला, मनहरी गा.पा. वडा नं. ५, बाबु: कुल बहादुर प्रजा, बाजे: हर्ष बहादुर प्रजा
३८)	**ऋणी: श्याम बहादुर राना मगर** स्थायी ठेगाना: मकवानपुर जिल्ला, हाडीखोला गा.वि.स. वडा नं. ९, हालको ठेगाना: मकवानपुर जिल्ला, मनहरी गा.पा. वडा नं. ५, बाबु: हर्क बहादुर राना मगर, बाजे: शेर बहादुर राना मगर
३९)	**ऋणी: नरेन्द्र शाह** स्थायी ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ७, हालको ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ८, बाबु: गोविन्द बहादुर शाह, बाजे: युद्ध बहादुर शाह
४०)	**ऋणी फर्म : श्री मर्चवारी देवी ट्रेडिङ्ग सेन्टर,** प्रोप्राईटर तथा जमानीकर्ता : चन्द्रकला त्रिपाठी दर्ता नं.: वाणिज्य कार्यालय, रुपन्देहीमा प्रा.फ.र.नं. ३३७४९/०७१, मिति २०७१/०५/२६, ठेगाना : जिल्ला रुपन्देही, लुम्बिनी सास्कृतिक न.पा. वडा नं. २
४१)	**ऋणी फर्म: अमुल डेरी उद्योग,** प्रोप्राईटर तथा जमानीकर्ता: हरि नन्दन मण्डल दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय धनुषा, जनकपुरधाममा उद्योग दर्ता नं. १२१४६/१९/०७७/०७८, दर्ता मिति २०७७/०४/०७, ठेगाना: जिल्ला धनुषा, क्षिरेश्वरनाथ न.पा. वडा नं. ७

नोट: ऋणी तथा प्रोप्राइटरबाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानीकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

■ एकै समय निर्माण सुरु भएका उपत्यकाका चार पुल

बिजुलीबजार र डल्लुको पुल सञ्चालनमा, तीनकुने र टेकुको अलपत्र

प्राविधिक त्रुटि देखिएपछि सरकारले स्विकारेन टेकुको पुल, तीनकुने पुल निर्माणमा नयाँ ठेक्का लगाइँदै

■ **अर्जुनप्रसाद अर्याल,** प्रवक्ता, सडक विभाग

टेकुको पुल गुणस्तर भएन भन्ने अध्ययन रिपोर्ट आयो, तीनकुनेमा पनि ठेकेदारको लापरबाही देखिएपछि ठेक्का तोडेर नयाँ प्रक्रिया अघि बढाउँदै छौं । नयाँ पुलको डिजाइन स्वीकृतिका लागि सडक विभागमा पेस भएको छ । ठेकेदारले लगिसकेको भुक्तानी कसरी असुल्ने भन्नेबारे योजना बनिसकेको छैन, यो पुलको बेसमेन्ट पनि काम लाग्ने अवस्थामा

प्राविधिक त्रुटि देखिएपछि अलपत्र टेकु पुल । **तस्बिर : अमुल थापा/नयाँ पत्रिका**

शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौंको तीनकुने, टेकु, डल्लु र बिजुलीबजारस्थित मुख्य सडकको पुल निर्माणका लागि ठेक्का प्रक्रिया एकै चरणमा सुरु भएको थियो । ०७१ मा पप्पु कन्स्ट्रक्सन प्रालिलाई चार स्थानका पुल निर्माणको ठेक्का लगाइएकोमा हाल दुइटा पुल मात्रै सवारीसाधन गुड्न लायक छन् । त्यतिवेला एउटा प्याकेजमा टेकु र डल्लु पुल, अर्को प्याकेजमा तीनकुने र बिजुलीबजार पुल ठेक्का लगाइएको थियो ।

ठेकेदार कम्पनीले चारवटै पुलको निर्माण ०७४ मा सक्ने गरी पहिलोपटक सम्झौता गऱ्यो । तर, म्याद थप्दाथप्दै ०७६ को अन्तिमतिर बिजुलीबजारको पुल तयार भएर सञ्चालनमा आयो । डल्लु र टेकुको पुल ०७८ मा निर्माण सम्पन्न भयो । प्राविधिक चेकजाँचपछि डल्लु पुल हस्तान्तरण भयो, तर टेकु पुलमा भने ठेकेदार कम्पनीले ठुलो बदमासी गरेको फेला पऱ्यो । हेर्दा पुलको भौतिक निर्माण सकिएको र ठिकै देखिए पनि तोकिएभन्दा डिजाइन नै परिवर्तन भएको फेला परेको थियो । डन्डी पनि तोकिएभन्दा कमसल प्रयोग भएको पाएपछि सरकारी पक्षले उक्त पुल स्वीकार गरेन । निर्माण सम्पन्न भएको तीन वर्ष बित्दा पनि उक्त पुलमा कुनै पनि सवारीसाधन गुड्दैनन् । अलपत्र अवस्थामा छ । चारवटा पुलको डिजाइन पनि एकै किसिमको थियो ।

तीनकुने पुलको हालत टेकु पुलको भन्दा बिजोग छ । ०७१ पुसमा ठेक्का लगाइएको यो पुल निर्माणमा ठेकेदारले चरम लापरबाही गरेको फेला परेको थियो । ठेकेदार कम्पनीले तोकिएभन्दा फरक डिजाइन र कमसल तरिकाले निर्माण सुरु थालेपछि बिचमै सडक विभागले काम रोकिदिएको थियो । बेसमेन्ट, पिलर नमिलेको तथा डन्डीसमेत गुणस्तरीय प्रयोग नभएको पाइएपछि ०७७ मै सरकारले काम रोकेको थियो । उक्त पुल करिब २० करोड लागतमा पप्पु कन्स्ट्रक्सनलाई नै ठेक्का लगाइएको थियो । तर, ठेकेदार कम्पनीले पाँच करोडभन्दा बढी भुक्तानी लगे पनि काम भने गुणस्तरहीन गरेपछि ढलान गर्ने अवस्थामा पुगेको पुलको कामै रोकेर सरकारले भत्कायो । हाल उक्त पुलको वारि-पारि दुईवटा पिलर र बेसमेन्ट देखिन्छ । तर, बेसमेन्ट काम लाग्ने अवस्थामा छैन ।

सडक विभागका प्रवक्ता अर्जुनप्रसाद अर्यालका अनुसार उक्त पुल निर्माणमा ठेकेदारको लापरबाही देखिएपछि ठेक्का तोडेर नयाँ ठेक्का लगाउने प्रक्रिया अघि बढाउन लागिएको छ । उनले ठेकेदारले लगेको भुक्तानी असुल्ने विषयमा आफूलाई थाहा नभएको बताए । 'टेकु पुल पनि गुणस्तर भएन भन्ने अध्ययन रिपोर्ट आयो, तीनकुनेमा पनि ठेकेदारको लापरबाही देखिएपछि ठेक्का तोडेर नयाँ प्रक्रिया अघि बढाउँदै छौं, नयाँ पुलको डिजाइन स्वीकृतिका लागि सडक विभागमा पेस भएको छ,' उनले भने, 'ठेकेदारले लगिसकेको भुक्तानी कसरी असुल्ने भन्नेबारे योजना बनिसकेको छैन, यो पुलको बेसमेन्ट पनि काम लाग्ने अवस्थामा छैन ।' उनका अनुसार टेकु पुल निर्माणको विषय निकै विवादित बन्यो । ठेकेदार 'आर्बिटेसन' मुद्दा प्रक्रियामा गएर पनि फैसला भइसकेको छ । आर्बिटेसनको फैसला चित्त नबुझेपछि सडक डिभिजन काठमाडौं त्यसविरुद्ध पुनरावेदनमा गएको छ ।

डिभिजन काठमाडौंका प्रमुख नारायणदत्त भण्डारीका अनुसार टेकु र डल्लु पुल ०७१ सालमा तत्कालीन दिगो सहरी कार्यालयले ठेक्का लगाएर निर्माण सुरु गरेको थियो भने बिजुलीबजार र तीनकुने पुल विभागले नै ठेक्का लगाएको थियो । त्यतिवेला यी सबै पुलको निर्माण सम्पन्न म्याद ०७४ चैतसम्म तोकिएको थियो । '०७४ मा दिगो सहरी कार्यालय खारेज भएपछि उक्त योजना डिभिजन सडक काठमाडौंलाई हस्तान्तरण भयो, त्यसपछि हामीले उक्त योजनालाई लिड गरेका थियौं, काम सकिए पनि टेकु पुल स्वीकार गर्ने अवस्थामा देखिँदैन,' डिभिजन प्रमुख भण्डारीले भने, 'यसमा कानुनी र व्यावहारिक दुवै पाटोलाई हेरेर अघि बढ्नुपर्छ ।'

उनका अनुसार २० करोडमा टेकु र डल्लु पुल एउटै प्याकेजमा निर्माण सुरु गरिएको थियो । त्यस आयोजनामा हालसम्म १४ करोड रुपैयाँ भुक्तानी भइसकेको छ भने ६ करोड भुक्तानी बाँकी छ । टेकु पुलमा काम गर्ने वेलामा निर्माण व्यवसायीबाट प्राविधिक त्रुटि भएको इन्जिनियरहरूले ठम्याइसकेका छन् । ०७८ मै अध्ययन गर्दा त्रुटि भेटिएपछि कन्सल्ट्यान्टले नै सरकारलाई उक्त पुल स्वीकार नगर्न सुझाव दिएका थिए ।

'कन्सल्ट्यान्टको सुझावपछि कार्यालयका तर्फबाट ठेक्का तोडेर कालोसूचीमा राख्ने निर्णय भयो, त्यसपछि निर्माण कम्पनी आर्बिटेसनमार्फत कानुनी प्रक्रियामा गयो, उच्च अदालतमा मुद्दा दर्ता भयो,' काठमाडौं डिभिजनका प्रमुख भण्डारीले भने, 'यससम्बन्धी एउटा मुद्दामा ठेकेदारले ६ करोड सरकारलाई क्षतिपुर्ति दिने र अर्को मुद्दामा सरकारले ठेकेदारलाई १० करोड दिएर पुल स्वीकार गर्नुपर्ने फैसला भएको छ, ठेकेदारले पैसा दिएर पुल चलाउन हामीलाई दबाब पनि दिइरहेको छ, तर हामी पनि कानुनी प्रक्रियामा अघि बढेका छौं ।' उनका अनुसार टेकु पुल निर्माणका क्रममा कंक्रिटको काम गर्दा डिभिजनको इन्जिनियरको उपस्थितिबिना गरेको, डन्डी फरक परेको, ल्याब टेस्ट नगरेको भेटिएपछि पुल स्वीकार गर्न नसकिएको हो ।

हाल उपत्यकाका मुख्य सडकमा पुल साँघुरा हुँदा ट्राफिक जामसमेत हुने गरेको छ । टेकु र तीनकुने पुल नबन्दा त्यस क्षेत्रमा बिहान र बेलुकी पिक आवरमा सवारीसाधनको अत्यधिक जाम हुन्छ । अन्य स्थानमा फराकिलो भए पनि पुल साँघुरो हुँदा जाम बढेको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ । त्यस्तै काठमाडौं र ललितपुर नाकामा पनि पर्याप्त पुल नहुँदा अत्यधिक जाम हुने गरेको छ ।

यसै वर्ष सक्ने भनिएका सात पुलको अझै बनेन डिपिआर

काठमाडौं/ चालू आर्थिक वर्ष ०८१/०८२ मा सरकारले काठमाडौं उपत्यकाको सात स्थानमा नयाँ पुल निर्माण योजना अघि सारेको थियो । स्थानीयको मागअनुसार स्थानहरूको अध्ययन गरी सडक विभागले सात ठाउँमा पुल आवश्यक रहेको ठहऱ्याएपछि चालू आर्थिक वर्षमै निर्माण सक्ने गरी योजना बनाइएको थियो । विभागले दुई वर्षअघि नै ती स्थानमा नयाँ पुल बनाउनुपर्ने औंल्याएको थियो । यद्यपि, ढिलै भए पनि सरकारले चालू आर्थिक वर्षमै सक्ने गरी योजना अघि सारेको थियो । तर, योजना निर्माणपछि अवश्यक बजेट विनियोजन नगर्दा ती योजना अलपत्र मात्रै परेनन्, डिपिआरसमेत बनेन ।

सडक डिभिजन काठमाडौंले निर्माण गर्ने गरी सडक विभागले योजना अघि सारे पनि बजेट अपुग हुँदा सातवटै पुल निर्माण योजना अघि बढ्न नसकेको हो । सात स्थानमध्ये कुनै पनि स्थानमा पुल बन्न पुग्ने बजेट विनियोजन भएको छैन । डिभिजनलाई बजेट नदिएपछि डिपिआरसमेत अघि बढ्न नसकेको डिभिजन प्रमुख नारायणदत्त भण्डारीले बताए । उनका अनुसार धोबीखोलाको देवीनगर-मैतीदेवी जोड्ने पुल, महादेव खोला मितेरीमार्ग र कागेश्वरी मनोहरा-३ जोड्ने पुल, गोंगबुस्थित विष्णुमती नदी क्षेत्रको टोखा र रमण बस्ती जोड्ने पुल, काफल गल्ली र हानागुलु कुलेश्वर जोड्ने बल्खु खोला पुल, महादेवखोला फेदीबजार ढुंगेओढार सडक पुल, विष्णुमती टेकु दक्षिण कालिमाटी पुल र विष्णुमतीको काठमाडौं महानगरपालिका-१५ र १९ जोड्ने झोलुंगे पुल निर्माण अलपत्र परेको हो । योजनाअनुसार यी अधिकांश पुल पक्की हुन् ।

योजनाअनुसारका पुल निर्माणका लागि पर्याप्त बजेट नआएको सडक डिभिजन कार्यालय काठमाडौंले जनाएको छ । डिभिजन कार्यालय काठमाडौंका प्रमुख भण्डारीका अनुसार थोरै बजेटले पुल बनाउन पुग्दैन । 'पुल बनाउने योजना यही वर्षको हो, तर बजेट न्यून छ, त्यतिले पुल बन्दैबन्दैन, ठेक्का लगाउन कम्तीमा पनि चार-पाँच करोड चाहिन्छ,' उनले भने, 'हामीले बजेट माग गरिरहेका छौं, तर बजेट आएको छैन, नीतिगत रूपमा सबै पुलको ठेक्का लगाउन र काम गर्न पुग्ने गरी बजेट व्यवस्थापन भयो भने बल्ल काम अघि बढ्न सक्छ ।'

उनका अनुसार हाल धोबीखोलाको देवीनगर-मैतीदेवी जोड्ने पुल निर्माणका लागि ८० लाख बजेट छुट्याइएको छ । यो बजेटले ठेक्का लगाउनै पुग्दैन । एउटा पुल बन्न कम्तीमा चार-पाँच करोड लाग्छ । यस्तै अन्य सबै पुल निर्माणका लागि भनेर यो वर्ष ८०-८० लाख बजेट विनियोजन भएको छ । अब अर्को वर्ष बजेट थपियो भने मात्रै ती पुल निर्माण गर्न सकिने भण्डारीले बताए ।

हाल छुट्याइएको बजेटमा झोलुंगे पुलसमेत नबन्ने अवस्था रहेको डिभिजन कार्यालयले जनाएको छ । काठमाडौं

अध्यादेशमार्फत गरिएका ५२ नियुक्तिविरुद्धको रिटमाथि चार वर्षपछि सुनुवाइ

रिट हेर्दाहेर्दैमा, आगामी पेसी २१ फागुनमा

शिल्पा कर्ण/नयाँ पत्रिका

संसद् विघटन गरी अध्यादेशको बलमा चार वर्षअघि संवैधानिक निकायमा गरिएका पदाधिकारी नियुक्तिविरुद्धको रिटमा अन्ततः सर्वोच्च अदालतमा सुनुवाइ सुरु भएको छ। संवैधानिक परिषद् अध्यादेश ल्याई भएका नियुक्तिविरुद्धको रिटमाथि संवैधानिक इजलासमा बुधबारदेखि सुनुवाइ सुरु भएको हो।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतका साथै न्यायाधीशहरू सपना प्रधान मल्ल, मनोजकुमार शर्मा, कुमार चुँडाल र नहकुल सुवेदीको इजलासले यी रिटमाथि सुनुवाइ गरिरहेको छ। ती नियुक्तिसँग सम्बन्धित दर्जनभन्दा बढी मुद्दा हाल सर्वोच्चमा विचाराधीन छन्। आगामी पेसी २१ फागुनलाई दिइएको निवेदकमध्येका एक अधिवक्ता ओमप्रकाश अर्यालले बताए।

संवैधानिक परिषद् अध्यादेश ल्याई त्यसैअनुसार सदस्यहरूको बैठकबाट दुईपटक गरी भएका ५२ नियुक्ति सम्बन्धमा १५ वटा रिट दर्ता भएको सर्वोच्चको अभिलेख छ। ०७७ को १ पुसदेखि १० साउन ०७९ सम्म यी रिट दर्ता भएका हुन्। अग्राधिकार प्राप्त यी सबै रिट एकसाथ राखी सुनुवाइ भइरहेको छ। अधिवक्ता अर्यालका साथै वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी, अधिवक्ता कीर्तिनाथ शर्मा पौडेल, पुण्यप्रसाद खतिवडा, समृत खरेल, निशान्तबाबु खड्का, मनोजकुमार हरिजनलगायतका रिट लगाउमा छन्। साथै पूर्वसभामुख अग्निप्रसाद सापकोटाले पनि ती नियुक्ति खारेज हुनुपर्ने मागसहित रिट दर्ता गराएका छन्। उनले नियुक्तिका निर्णय त्रुटिपूर्ण रहेको भन्दै ०७७ को २३ माघमा रिट दर्ता गराएका थिए। सभामुखलाई जानकारी नै नदिई बैठकबाट ती निर्णय भएकाले प्रथम दृष्टिमै निर्णयलाई वैध मान्न नसकिने सापकोटाको माग छ।

'आज रिटको पालो आयो। इजलासले निवेदन अध्ययन गऱ्यो। सुनुवाइ कसरी अगाडि बढाउने भनी छलफल भयो,' निवेदकमध्येका एक अधिवक्ता अर्यालले भने, 'सुरुमा पहिले मुद्दा दर्ता गराएका निवेदकका तर्फबाट बहस सकिएपछि मात्र अरूकोमा जाने कुरा भएको छ।' अर्यालले नियुक्तिसम्बद्ध चारवटा रिट दर्ता गराएका छन्। जसमाथि झन्डै डेढ घण्टा बहस गरेपछि वरिष्ठ अधिवक्ता चन्द्रकान्त ज्ञवालीले बहस गरेका थिए। अर्यालका तर्फबाट शम्भु थापा र श्रीहरि अर्याललगायतका २४ कानुन व्यवसायी छन्।

अर्यालले दायर गरेका दुई रिटमा ०७७ मंसिर अन्तिम र ०७८ वैशाखमा गरी दुईपटक संवैधानिक परिषद्सम्बन्धी संशोधन अध्यादेश ल्याई भएका नियुक्ति खारेजीको माग छ। एउटामा भने अध्यादेश निष्क्रिय वा खारेज भएपछि त्यसअनुसार नियुक्त भएका पदाधिकारीले पद छाड्नुपर्ने माग छ भने अर्को एउटामा चाहिँ न्यायाधीश हरि फुयाँलले यी रिटमाथिको सुनुवाइ अवरुद्ध हुने गरी गणेश रेग्मीको मुद्दामा आदेश गरेको विषय छ।

गणेश रेग्मीले संवैधानिक इजलासको नेतृत्व प्रधानन्यायाधीशले नै गर्नुपर्ने संवैधानिक बाध्यता रहेको भनी रिट दर्ता गराएका थिए। जसपछि न्यायाधीश फुयाँलले निवेदकको मागबमोजिम अन्तरिम आदेश जारी गरेका थिए। फलतः तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा आफैँ विपक्षी भए पनि उनीविनाको इजलासले सुनुवाइ गर्न नसक्ने स्थिति बनेको थियो।

यी सबै रिटमा निर्णयकर्ताका हैसियतले तत्कालीन प्रधानन्यायाधीश जबरा, प्रधानमन्त्री केपी ओली र राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले अध्यादेश ल्याई ३० मंसिर ०७७ मा ३८ नियुक्ति सिफारिस गरेका थिए। २१ वैशाख ०७८ मा पनि यसैगरी तीनैजना मिलेर २० नियुक्ति सिफारिस गरेका थिए। दुवैपटक प्रतिनिधिसभा विघटन भएकाले संसदीय सुनुवाइविना नै ती सबै पदाधिकारी नियुक्त भई काम गर्दै आएका छन्। ९ चैत ०७८ मा तत्कालीन कायममुकायम प्रधानन्यायाधीश दीपककुमार कार्की नेतृत्वको संवैधानिक इजलासले यी मुद्दामा कारणदेखाऊ आदेश जारी गरेको थियो भने अन्तरिम आदेश दिन अस्वीकार गरेको थियो। त्यसयता यी रिट विभिन्न कारणले सुनुवाइ हुन सकेका थिएनन्। पहिलो अध्यादेश जारी भएपछि संसद् बैठक बसेको ६० दिन नाघेको र संसद्ले उक्त अध्यादेश स्वीकृत नगरेको हुँदा उक्त अध्यादेशसँगै त्यसअनुसारका नियुक्ति पनि बदर हुनुपर्ने मागसहित पूरक निवेदन पेस भएका थिए।

■ भुक्तानी नपाएपछि सप्लायर्सले वीरलाई दिएन फिल्म सिट

आजदेखि एक्सरे सेवा ठप्प हुने जोखिम

■ **डा. सन्तोष पौडेल,** निर्देशक, वीर अस्पताल

सप्लायर्सको बक्यौता बाँकी छ, त्यही भएर निहुँ खोजेका हुन्, उनीहरूले बिमाको पैसा पनि पाएका छैनन्, बजेट अभावका कारण थोरै-थोरै गरेर भुक्तानी गर्ने गरेका छौँ, यदि अनलाइन सिस्टमबाट रिपोर्ट हेर्ने प्रबन्ध भएको भए फिल्म सिटको झन्झट हुने थिएन, त्यसका लागि आवश्यक पूर्वाधार नभएर हो।

■ **डिपी न्यौपाने**, इन्चार्ज, रेडियोलोजी

बुधबारसम्मलाई त जेनतेन टऱ्यो, तर बिहीबारदेखि फिल्म सिट अभाव हुने अवस्था छ। सप्लायर्सलाई आपूर्ति गर्न भनिरहेका छौँ, तर हाम्रो हातमा मात्रै कहाँ छ र ? सकेसम्म बिरामीलाई अप्ठ्यारो पार्नुहुँदैन भन्ने हो, तर आपूर्ति नभएपछि समस्या आइहाल्छ नि।

शिवहरि घिमिरे/नयाँ पत्रिका

देशकै जेठो सरकारी अस्पताल वीरमा फिल्म सिट अभाव हुँदा बिहीबारदेखि एक्सरे सेवा बन्द हुने भएको छ। सप्लायर्सले चाहिनेजति एमआरआई, एक्सरे, मेमोग्राफीलगायत फिल्म सिट आपूर्ति नगर्दा सेवा बन्द हुने अवस्था सिर्जना भएको हो। हाल वीर अस्पतालमा नेक्स्ट मेडिटेक कम्पनीले फिल्म सिट आपूर्ति गर्दै आइरहेको छ।

एक्सरे रिपोर्ट प्रिन्ट गर्ने फिल्म सिट अभाव भएपछि बिहीबारदेखि एमआरआई, सिटिस्क्यान, ओपिडी एक्सरे, इमर्जेन्सी एक्सरेलगायत सेवा बन्द हुने अवस्था देखिएको रेडियोलोजी विभागले जनाएको छ। 'बुधबारसम्मलाई त जेनतेन टऱ्यो, तर बिहीबारदेखि अभाव हुने अवस्था छ। सप्लायर्सलाई भनिरहेका छौँ, तर हाम्रो हातमा मात्रै कहाँ छ र ?' वीरका रेडियोलोजी इन्चार्ज डिपी न्यौपानेले भने, 'सकेसम्म बिरामीलाई अप्ठ्यारो पार्नुहुँदैन भन्ने हो, तर आपूर्ति नभएपछि समस्या आइहाल्छ।'

न्यौपानेका अनुसार हाल वीर अस्पतालमा दैनिक दुई सय एमआरआई सिट, तीन सय सिटिस्क्यान फिल्म सिट, सयवटा इमर्जेन्सी एक्सरे सिट, सयवटा ओपिडी एक्सरे सिट र ३० वटा मेमोग्राफी एक्सरे सिट चाहिन्छ। तर, बिहीबारदेखि कुनै पनि प्रकारको एक्सरेका लागि फिल्म सिट छैन। यदि सप्लायर्स कम्पनीले बिहीबार बिहानसम्म आपूर्ति नगरेमा बिरामीले एक्सरे सेवा पाउनेछैनन्।

न्यौपानेले एक्सरे सिट १०-१२, मेमोग्राफी सिट ८-१० र सिटिस्क्यान तथा एमआरआई सिट १४-१७ इन्चको प्रयोग हुने बताए। यसमध्ये सिटिस्क्यान तथा एमआरआई प्रतिसिट १५७, एक्सरेको प्रतिसिट ८९ र मेमोग्राफी सिटको ६० रुपैयाँ सप्लायर्सलाई तिर्नुपर्छ। यसरी अस्पताललाई सबैखाले गरी मासिक रूपमा २० हजारहाराहारी फिल्म सिट चाहिन्छ। त्यसका लागि मासिक २२ लाख रुपैयाँहाराहारी खर्च हुन्छ।

नेक्स्ट मेडिटेक कम्पनीअघि भाजुरत्न मेडिकेयरले फिल्म सिट आपूर्ति गर्ने गरेको थियो। तर, उक्त सप्लायर्ससँग सम्झौता तोडी गत मंसिरदेखि नेक्स्ट मेडिटेकलाई आपूर्ति गर्ने जिम्मा दिइएको थियो। यो कम्पनीले पनि समयमै फिल्म सिट आपूर्ति नगरेपछि हैरानी हुने गरेको अस्पताललले जनाएको छ। नेक्स्ट मेडिटेक कम्पनीका सञ्चालक अनिल न्यौपानेले कान्ति बाल अस्पतालमा पनि फिल्म सिट सप्लाई गर्ने गरेको र त्यहाँ पनि समयमै फिल्म सिट नपुगेको गुनासो आउने गरेको वीर अस्पताल स्रोतले जनाएको छ।

वीरका निर्देशक डा. सन्तोष पौडेलले फिल्म सिट अभाव हुने अवस्था नभएको दाबी गर्दै बिहीबारसम्म सप्लायर्सले पुग्दो मात्रामा आपूर्ति गर्ने बताए। 'सप्लायर्सको बक्यौता बाँकी छ, त्यही भएर निहुँ खोजेका हुन्, उनीहरूले बिमाको पैसा पनि पाएका छैनन्, हामीले बजेट अभावका कारण थोरैथोरै गरेर भुक्तानी गर्ने गरेका छौँ, यदि अनलाइन सिस्टमबाट रिपोर्ट हेर्ने प्रबन्ध भएको भए फिल्म सिटको झन्झट हुने थिएन, त्यसका लागि आवश्यक पूर्वाधार नभएर हो,' उनले भने।

■ वीरमा विस्तारित अस्पताल सेवा सुरु गरिने

वीर अस्पतालले अब नियमित समयबाहेक अन्य समयमा विस्तारित अस्पताल सेवा सुरु गर्ने भएको छ। अस्पतालका निर्देशक डा. सन्तोष पौडेलले अबको चार-पाँच दिनमै विस्तार सेवा सुरु गर्ने बताए। 'अस्पतालले अब विस्तारित सेवा सुरु गर्छ, यो भनेको अन्य समयमा दिइँदै आएको सेवा अवधि बढाउने हो, ४ बजेपछि नियमित सेवा बन्द हुन्छ, त्यसपछि राति ८ बजेसम्म विस्तारित सेवा सुरु हुन्छ,' उनले भने, 'यसमा ओपिडीदेखि अप्रेसनसम्मको सेवा पाइन्छ।'

पौडेलका अनुसार सुरुको चरणमा केही विभागबाट विस्तारित सेवा सुरु गर्ने र त्यसलाई सबै विभागमा लागू गर्दै लगिनेछ। विस्तारित सेवाका लागि बिरामीले अनलाइनबाटै टिकट काट्न सक्ने व्यवस्था मिलाइनेछ। सुरुमा मुटु, दाँत, कोलोन्सकपीलगायत सेवा सुरु गरिनेछ। यो सेवा सुरु भएपछि बिरामीले साँझ ७ बजेसम्म ओपिडी सेवा लिन सक्नेछन्।

दिवा सेवा बन्द भएपछि मात्रै विस्तारित सेवा सुरु हुनेछ। विस्तारित सेवामा उपचार सेवा लिन चाहनेले ३ देखि ७ बजेसम्म टिकट बुकिङ गर्न सक्नेछन्। अस्पतालले यो सेवाका लागि छुट्टै सफ्टवेयर बनाउने र त्यसलाई सिस्टममा राखिनेछ। हाल अस्पतालले नियमित सेवाअन्तर्गत बिहान ८ देखि दिउँसो ४ बजेसम्म उपचार सेवा दिने गरेको छ। यो समयमा बिरामीको संख्या उल्लेखनीय देखिएको भन्दै थप समयमा पनि सेवा विस्तार गर्न लागिएको हो। त्यसका लागि भएकै जनशक्ति परिचालन हुने अस्पताल प्रशासनले जनाएको छ।

■ नौवटा आइसियू बेड र १२ वटा क्याबिन उपचार कक्ष थपियो

अस्पतालले बुधबारदेखि थप नौवटा आइसियू बेड पनि सञ्चालनमा ल्याएको छ। अब वीर अस्पतालको आइसियू बेड संख्या ५५ पुगेको छ। 'आइसियू बेड पनि थपेका छौँ, यसले सेवा दिन थप सहज हुनेछ,' पौडेलले भने, 'थप आइसियू बेड सर्जिकल भवनमा राखिएको छ, बिहीबारदेखि नै १२ वटा क्याबिन उपचार सेवाका लागि थपेका छौँ, यसले देशभरिबाट आउने बिरामीलाई थप टेवा पुग्नेछ।' हाल वीर अस्पतालमा सबै गरेर ९६० बेड सञ्चालन भइरहेको छ।

मेडिकल शिक्षाको स्नातकोत्तर तहमा २०९ सिट थप्नेबारे छलफल

काठमाडौं/ पोस्ट ग्र्याटुएट (पिजी) तहमा थप २०९ सिट क्षमता बढाउने गरी छलफल भएको छ। प्रधानमन्त्री केपी ओलीको अध्यक्षतामा बुधबार भएको चिकित्सा शिक्षा आयोगको १७औँ बैठकले निजी मेडिकल कलेजमा अध्ययन गर्ने विदेशी विद्यार्थीको सिट संख्या वृद्धि गर्नेबारे छलफल गरेको हो। तर, यसबारे ठोस निर्णय एक सातापछि बस्ने आयोगको बैठकले गर्नेछ। २०९ मध्ये सयजना विदेशी र अन्य नेपाली विद्यार्थी पढाउनेबारे छलफल भएको छ।

बैठकमा निजी मेडिकल कलेजका तर्फबाट आवासीय चिकित्सकलाई सरकारीसरह निर्वाह भत्ता उपलब्ध गराउन यसअघिको आयोगको निर्णय कार्यान्वयनको सहजीकरणका लागि विदेशी विद्यार्थीको संख्या बढाउने प्रस्ताव आएको थियो। बैठकले नर्सिङ शिक्षाको अध्ययन, अध्यापन तथा क्षमता विस्तारसम्बन्धी कार्यदलको प्रतिवेदनलाई पारित गरेको छ भने शैक्षिक संस्था र कार्यक्रम गाभ्ने मापदण्डका विषयमा बैठकमा छलफल भएको छ। प्रधानमन्त्री ओलीले सरकारले सबै विद्यार्थीलाई निःशुल्क पढाउन नसक्ने र निजी कलेजको पनि साथ लिन आवश्यक पर्ने भएकाले उठेका समस्यालाई थप गृहकार्य गरेर निष्कर्ष निकाल्ने बताएका थिए।

सामाजिक सञ्जाल विधेयक पुनर्लेखन गर्न महासंघको माग

काठमाडौं/ २३ बुँदे 'धुलिखेल घोषणापत्र' जारी गर्दै नेपाल पत्रकार महासंघको केन्द्रीय समिति बैठक बुधबार सकिएको छ। बैठकले सरकारले हालै राष्ट्रिय सभामा दर्ता गरेको सामाजिक सञ्जाल विधेयकका कतिपय व्यवस्था प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्ने र नागरिकका संवैधानिक हकमा अंकुश लगाउने किसिमका रहेकोमा महासंघको ध्यानाकर्षण भएको जनाउँदै तत्काल विधेयक फिर्ता लिन माग गरेको छ।

'विधेयक तत्काल फिर्ता लिई सामाजिक सञ्जाल प्लाटफर्महरूलाई मात्रै नियमन गर्ने गरी सरोकारवालासँग आवश्यक परामर्श गरेर पुनर्लेखन गर्न सरकार, संसद् र राजनीतिक दलहरूसमक्ष माग गर्दछ। अन्यथा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र न्यु मिडियाको प्रभावकारितामा अंकुश लगाउने गरी बन्ने विधेयकका विरुद्ध महासंघ संघर्षमा उत्रिन बाध्य हुनेछ,' महासंघले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। महासंघकी अध्यक्ष निर्मला शर्माले विधेयक पुनर्लेखन गर्न माग गरिएको बताइन्। 'आवश्यक परामर्श गरी पुनर्लेखन गर्न सरकार, संसद् र राजनीतिक दलसमक्ष माग गरेका छौँ,' उनले भनिन्।

बैठकले गत असोज दोस्रो साताको बाढीपहिरोका कारण क्षतिग्रस्त बिपी राजमार्गसहितका पूर्वाधार र संकटग्रस्त घोषित काभ्रेमा पुनर्निर्माण तथा विपत् प्रभावितको यथाशक्य पुनर्स्थापनाका नेपाल सरकारको ध्यानाकर्षण पनि गराएको छ। २७औँ महाधिवेशनबाट निर्वाचित कार्यसमितिको तीनवर्षे कार्यकालका लागि अध्यक्ष शर्माको नीतिगत प्रस्ताव, महासचिव रामप्रसाद दाहालको सांगठनिक प्रस्ताव तथा कोषाध्यक्ष रामकृष्ण अधिकारीको आर्थिक प्रस्ताव प्राप्त सुझावका आधारमा सम्बोधन गर्ने गरी पारित गरिएको छ।

साता नबित्दै राजधानीमा फेरि स्कुल बस दुर्घटना, तीनको मृत्यु

काठमाडौं/ काठमाडौं उपत्यकामा एक साता नबित्दै दुईवटा स्कुल बस दुर्घटना भएका छन्। गत आइतबार दक्षिणकालीमा स्कुल बस दुर्घटना हुँदा दुईजनाको मृत्यु भएको थियो। बुधबार पिकनिक मनाएर फर्केको बस शंखरापुर नगरपालिका- ५ कात्तिकस्थित साँखुमा दुर्घटना हुँदा तीनजनाको मृत्यु भएको छ। दुर्घटनामा ४३ जना घाइते भएका छन्। प्रहरीका अनुसार ६ जनाको अवस्था चिन्ताजनक छ।

प्रहरीका अनुसार दुर्घटनामा ११ वर्षीय क्रिशल पुरी, २४ वर्षीय सुरेश तामाङ र १४ वर्षीय सुशांक डोटेलको ज्यान गएको छ। जिल्ला प्रहरी परिसर काठमाडौंका अनुसार बुधबार चाबहिलस्थित एसएस एकेडेमीका विद्यार्थी र शिक्षक पिकनिक मनाउन नगरकोट गएका थिए। साँझ फर्कने क्रममा बा.२ख ७९५८ नम्बरको बस दुर्घटना भएको थियो।

प्रहरीले बसचालक ३९ वर्षीय मनीष माझीलाई पक्राउ गरेको छ। उनले ब्रेक फेल हुँदा बस दुर्घटना भएको प्रहरीसँग बयान दिएका छन्। 'पिकनिक मनाएर फर्कने क्रममा बस दुर्घटना भएको देखिन्छ। चालकलाई पक्राउ गरेका छौँ। सोधपुछ गर्दा बसको ब्रेक फेल भएको बताएका छन्। थप अनुसन्धान हुँदै छ,' काठमाडौं परिसरका प्रवक्ता एसपी अपिलराज बोहराले भने। प्रहरीका अनुसार घाइतेको अत्तरखेलस्थित नेपाल मेडिकल कलेज र महाराजगन्जस्थित शिक्षण अस्पताल उपचार भइरहेको छ।

जातीय भेदभाव गर्नेलाई कारबाही माग

लहान/ 'दलित' भन्दै विद्यार्थीलाई सरस्वती पूजामा बस्न नदिने सिराहाको लहान नगरपालिका- १४ बस्तीपुरस्थित बस्तीपुर माविका प्रधानाध्यापक, शिक्षक तथा पुजारीविरुद्ध कानुनी कारबाहीको माग गरिएको छ। विद्यालयजस्तो सार्वजनिक स्थलमा दलित समुदायका विद्यार्थीलाई पूजामा बस्न नदिई जातीय छुवाछुतविरुद्धको कानुन उल्लंघन र मानव अधिकारको हनन गरेको आरोप लगाउँदै लहानस्थित दलित जनकल्याण युवा क्लबले कारबाहीको माग गरेको हो। क्लबका अध्यक्ष उमेशकुमार बिसुन्केले मंगलबार विज्ञप्ति जारी गर्दै प्रधानाध्यापक देवेन्द्र यादव, पूजा समिति संयोजकसमेत रहेका शिक्षक योगेन्द्र यादव र पुजारी माधव झालाई कानुनी दायरामा ल्याई कारबाहीको माग गरेका छन्।

DGM NEPAL

'डीजीएम नेपालः आदिवासी जनजाति र स्थानीय समुदायको समृद्धिको लागि दिगो वन व्यवस्थापन'

छात्रवृत्ति अनुदानको लागि आवेदन आह्वान

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (Rural Reconstruction Nepal-RRN) मानव अधिकार, विकास, लोकतन्त्र, र शान्तिप्रति प्रतिबद्ध एक नेपाली गैरसरकारी, गैरनाफामूखी, सामाजिक विकास संस्था हो। विश्व बैंकबाट प्राप्त भएको आदिवासी जनजाति र स्थानीय समुदायको लागि समर्पित अनुदान संयन्त्र **(Dedicated Grant Mechanism for Indigenous Peoples and Local Communities)** परियोजनाको लागि नेपाल ग्रामीण पुनर्निर्माण संस्था राष्ट्रिय कार्यकारी निकाय (National Executing Agency-NEA) हो। आदिवासी जनजाति र स्थानीय समुदायका लागि समर्पित अनुदान संयन्त्र (DGM नेपाल परियोजना) अन्तर्गत नेपाल ग्रामीण पुनर्निर्माण संस्था (RRN) ले प्राविधिक सीप विकास छात्रवृत्तिका लागि आवेदन आह्वान गरिएको छ।

छात्रवृत्ति अनुदानको उद्देश्य तथा प्रयोजन

सीमान्तकृत तथा संकटासन्नताको अवस्थामा रहेका आदिवासी जनजाति र स्थानीय समुदायमा परियोजनाको सहपरियोजना अन्तर्गत छात्रवृत्ति प्रदान गरिनेछ, जसका माध्यमबाट उनीहरू प्राविधिक तथा अन्य सीप विकास गर्ने तालिम केन्द्रहरु तथा काम संगसंगै प्रशिक्षण (on the job training) लिदै अध्ययन गरी प्राविधिक सीप तथा क्षमता हासिल गरी वन-कृषि पैदावार र कृषिजन्य उद्यमहरुमा रोजगारी पाउने वा उनीहरुको आफ्नै व्यावसाय वा उद्यमशीलताको सुरुवात गर्ने अवसर सृजना हुनेछ।

छात्रवृत्ति पाउन आवश्यक पर्ने योग्यता

- नेपालभित्रका पाठ्यक्रम वा तालिम अवसरहरू मुख्यतः आदिवासी जनजाति तथा स्थानीय समुदायहरू, विशेष गरी दलित, युवा, महिला, अपाङ्गता र लैंगिक अल्पसंख्यकहरूका लागि प्रदान गरिनेछ।
- डीजीएम नेपालको प्राथमिक कार्यक्षेत्र मधेश र लुम्बीनी प्रदेश बाहेक अन्यत्रबाट पनि आवेदन गर्न पाउने।
- उमेर समूह १६-४० वर्षलाई प्राथमिकता दिइनेछ। तर, महिला, अपाङ्गता भएका, दलित, र लैंगिक अल्पसंख्यकहरूको लागि उमेरको सीमा रहनेछैन।

आशय पत्र आवेदन पेशका लागि ठेगानाः
www.dgmnepal.org वा यहाँ दिइएको QR कोडबाट
आवेदन फारम र पेश गर्नुपर्ने सम्बन्धित अन्य आवश्यक कागजातहरु डाउनलोड गर्न सक्नुहुनेछ। साथै आवेदन फारम **training.dgm@rrn.org.np** मा पेश गर्नुपर्नेछ।

आशय पत्र डीजीएम नेपाल, NEA को नाममा माथि उल्लेखित ठेगानामा मिति फागुन १ – चैत ६, २०८१ (February 13- March 19, 2025) सम्म पेश गरिसक्नु पर्नेछ। समय अवधि पछि प्राप्त भएका आवेदनहरु मान्य हुनेछैन।

आशय पत्र छनौट तथा स्वीकृत आवेदनको निर्णय NEA सूचना बोर्ड र वेबसाइटमा पोष्ट गरिनेछ। आशय पत्र स्वतन्त्र निस्पक्ष र बिशेषज्ञ समुहबाट छनौट गरिनेछ। यस सम्बन्धमा कुनै संस्थाको पक्षमा वा कुनै प्रकारको अनावश्यक दबाव आएको ठहर भएमा उक्त व्यक्तिले पेश गरेको आशय पत्र स्वतः खारेज हुनेछ। परियोजनाको थप जानकारीको लागि आवेदकले माथि दिइएको वेबसाइटमा बुझ्न सक्नुहुनेछ।

निजामतीमा सूचना प्रविधि सेवा थप गर्न संसदीय समिति सहमत

विधेयक पारित भए अब बन्ने ऐनमा नेपाल सूचना प्रविधि सेवा पनि थप हुने

नयाँ पत्रिका

निजामतीमा सूचना प्रविधिको अलग्गै सेवा थप गर्नेबारे संसदीय समिति सर्वसम्मत भएको छ। प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले संघीय निजामती सेवामा नेपाल सूचना प्रविधि सेवा थप्नेबारे बुधबार सहमति जुटाएको हो। यससम्बन्धी संघीय निजामती सेवाको ऐनको प्रस्तावित विधेयकको दफा ५ लाई समितिले टुंग्याएको हो।

विधेयकमा सहमति जुटेबमोजिम ऐन जारी भए निजामती प्रशासनमा अब सूचना प्रविधिसहित ११ वटा सेवा रहनेछन्। हाल निजामती सेवामा १० वटा सेवा छन्। त्यसमा नेपाल आर्थिक योजना तथा तथ्यांक सेवा, नेपाल इन्जिनियरिङ सेवा, नेपाल कृषि सेवा, नेपाल न्याय सेवा, नेपाल परराष्ट्र सेवा, नेपाल प्रशासन सेवा, नेपाल लेखापरीक्षण सेवा, नेपाल वन सेवा, नेपाल विविध सेवा र नेपाल शिक्षा सेवा छन्। यी सेवाअन्तर्गत दर्जनौँ समूह र उपसमूह पनि छन्। विधेयक पारित भए अब बन्ने ऐनमा नेपाल सूचना प्रविधि सेवा पनि थप हुनेछ।

सूचना प्रविधिसम्बन्धी आवश्यक जनशक्ति हाल विविध सेवाअन्तर्गतबाट पूर्ति गरिँदै आएको छ। प्रस्तावित विधेयक पारित भए अब सूचना प्रविधिसँग सम्बन्धित जनशक्ति सूचना प्रविधि सेवाअन्तर्गतबाट पूर्ति हुनेछन्। सूचना प्रविधिको प्रयोगको बढोत्तरी र सार्वजनिक सेवा प्रवाहमा यसको अपरिहार्यताको बोध गर्दै समितिले अलग्गै सेवा थप गर्ने विषयमा एकमत भएको हो। यो सेवा थप गर्नुपर्ने आवाज लामो समयदेखि उठ्दै आएको थियो। बुधबारको समितिको छलफल यही एउटा दफामा केन्द्रित भएको थियो। करिब दुई घण्टासम्म चलेको छलफलबाट सूचना प्रविधि सेवा थप गर्नेबारे समिति निर्णयमा पुगेको हो। स्वास्थ्य सेवा र संसद् सेवालाई पनि निजामतीअन्तर्गत राख्ने सम्बन्धमा भने समिति निष्कर्षमा पुग्न सकेन। खासगरी रास्वपा र माओवादी सांसदको विमतिपछि विवादित विषयलाई थाती राखेर सहमति जुट्ने विषयलाई समितिले अघि बढायो। छलफलमा स्वास्थ्य र संसद्लाई निजामतीअन्तर्गत राख्ने विषयमा मिश्रित धारणा आएका थिए। हाल विद्यमान निजामती सेवा ऐन, २०४९ जारी हुँदा यी दुवै सेवा निजामतीअन्तर्गत राखिए पनि पछि हटाइएका थिए। ०५३ मा स्वास्थ्य सेवा र ०५८ मा संसद् सेवालाई निजामतीबाट अलग गरिएको थियो।

सांसदहरूले गृह प्रशासनअन्तर्गत अलग्गै सेवा समूह गठन गर्नुपर्ने आवाज मिश्रित रूपमा उठाएका थिए। सांसद बुद्धिमान तामाङले गृह मन्त्रालयअन्तर्गत अलग्गै सेवा आवश्यक भएको बताएका थिए। इन्जिनियरिङसँगै आर्किटेक्टको पनि अलग्गै सेवा समूह गठन गर्नुपर्ने भनाइ सांसद हृदयराम थानीको थियो। प्रधानमन्त्री कार्यालयका कानुन सचिव फणीन्द्र गौतमले निजामतीभित्र धेरै सेवा, समूह र उपसमूह रहेकाले फेरि अलग्गै सेवा बनाएर त्यसलाई 'स्पेसल ट्रिट' गर्नुपर्ने अवस्था नरहेको धारणा राखे। यसो गर्दा विधेयकलाई पुनर्लेखन नै गर्नुपर्ने अवस्था आउने उनले बताए। सांसद राजेन्द्र पाण्डेले संघीय निजामती सेवा ऐन जारी नहुँदा खासगरी प्रदेश र स्थानीय तहले धेरै समस्या खेपेको बताए। प्रस्तावित संघीय निजामती सेवा विधेयकमा १४७ वटा दफा छन्। आगामी समयमा विधेयक चाँडो टुंग्याउने गरी दफावार छलफललाई तीव्रता दिने समिति सभापति रामहरि खतिवडाले बताए।

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा तथा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिँदिएको तपसिलमा उल्लेखित चल अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितो मा रहेको तपसिल वमोजिमको चल अचल सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी तथा जमानत दिनु हुने ब्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**१) ऋणी फर्म: ओमिसा सप्लायर्स**, प्रोप्राईटर तथा जमानीकर्ता: ओम नाथ गिरी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, रौतहट, गौरमा प्रा.फ.र.नं. ६५१७/३१७/१२६/५३ गरुडा, स्थानिय, दर्ता मिति २०७५/०६/१७, ठेगाना: जिल्ला रौतहट, चन्द्रपुर न.पा. वडा नं. ४

धितोको विवरण

१. सवारीको मोडल: Ecosport 1.5 | च्यासिस नं.: MAJAXXMRKALB81841| ईन्जिन नं.: LB81841 |
सवारी दर्ता नं.: प्रदेश-३-०१ ०२३ च ४२४६
२) पिताम्बर गिरीको नाति, रामा शंकर गिरीको छोरा, रौतहट जिल्ला, कटहरिया गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ४ बस्ने ओमनाथ गिरीको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, महमदपुर गा.वि.स. वडा नं. ८ (हाल गरुडा न.पा. वडा नं. ५) स्थित कित्ता नं १५८२ को क्षेत्रफल ०-०-२-० (विगाहा) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
३) भोला गिर अथिलकी छोरी, रामा शंकर गिरीकी बुहारी, ओम नाथ गिरीकी पत्नि, रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ४ बस्ने खुश्वु कुमारी गिरीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. ६ (हाल चन्द्रपुर न.पा. वडा नं. ५) स्थित कित्ता नं २८९५ को क्षेत्रफल ०-०-१०-० (विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
४) राम प्रसाद रिमालकी छोरी, रामा शंकर गिरी सन्यासीकी बुहारी, विपि गिरी सन्यासीकी पत्नि, रौतहट जिल्ला, कटहरिया गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ४ बस्ने निरना रिमालको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, च.पुर गा.वि.स. वडा नं. ७ (हाल चन्द्रपुर न.पा. वडा नं. ६) स्थित कित्ता नं. १२३४, १२३२, १२२८, १२३१, १२३५ र १२२९ को क्षेत्रफल क्रमश: ०-०-२-३.४, ०-०-१-०, ०-०-१-१.४, ०-०-१-०, ०-०-३-० र ०-०-१-१.२ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
५) ओमिसा सप्लायर्स को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map

२) ऋणी फर्म : सिद्धार्थ गाल्ला भण्डार, प्रोप्राईटर तथा जमानीकर्ता: खुश्वु कुमारी गिरी
दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा, प्रा.फ.र.नं. १०२७२/१०९२, दर्ता मिति २०७७/०९/१५, ठेगाना: जिल्ला रौतहट, महम्दपुर गा.वि.स. वडा नं. ८ (हाल गरुडा न.पा. वडा नं. ५)

धितोको विवरण

१) भोला गिर अथिलकी छोरी, रामा शंकर गिरीकी बुहारी, ओम नाथ गिरीकी पत्नि, रौतहट जिल्ला, कटहरिया गा.वि.स.,वडा नं. ३ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ४ बस्ने खुश्वु कुमारी गिरीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सन्तपुर (म) गा.वि.स. वडा नं. ९ (हाल चन्द्रपुर न.पा. वडा नं. ८) स्थित कित्ता नं १८७९, १८७८ र १८७७ को क्षेत्रफल क्रमश: ०-८-१५-०, ०-७-०-० र ०-५-०-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) सिद्धार्थ गाल्ला भण्डारको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map

जमानीकर्ताहरुको विवरण

१. ओम नाथ गिरी २. खुश्वु कुमारी गिरी ३. विपि गिरी सन्यासी ४. रामा शंकर गिरी ५. निरना रिमाल

२) **१) ऋणी फर्म: हरिसिद्धी विनायक इन्टरप्राइजेज**, प्रोप्राईटर तथा जमानीकर्ता: हरि कुवँर
दर्ता नं.: वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य व्यवसाय व्यवस्थापन तथा नियमन शाखामा प्रा.फ.र.नं. १५२६६४/०७६/०७७, दर्ता मिति: २०७६/०८/२५ , ठेगाना: जिल्ला काठमाण्डौ, का.म.न.पा. वडा नं. २२

२) ऋणी फर्म: विबुद्ध गार्मेन्ट, संचालक तथा जमानीकर्ता: सुनिल कुवँर
दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालयमा प्राइभेट फर्म दर्ता.नं. ८८०, दर्ता मिति: २०७६/०५/१०, ठेगाना: जिल्ला काठमाण्डौ, तारके श्वर न.पा. वडा नं ११

जमानीकर्ताहरुको विवरण

१) गंगा बहादुर कुवँर २) हरि कुवँर ३) लिलाकुमारी कुवर ४) सुनिल कुवँर

धितोको विवरण

१) रत्न बहादुर कुवँरको नाती, रन बहादुर कुवँरको छोरा, काठमाण्डौ जिल्ला, गोंगवु गा.वि.स. वडा नं ४ मा बस्ने गंगा बहादुर कुवँरको नाममा मालपोत कार्यालय मनमैजु, काठमाण्डौको लगतमा दर्ता कायम रहेको, काठमाण्डौ जिल्ला, मनमैजु गा.वि.स. वडा नं. १ (हाल तारकेश्वर न.पा. वडा नं ११) स्थित कित्ता नं. २२१ र २२३ को क्षेत्रफल क्रमश : ६९०.५४ र ५.०३ (व.मि.) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) हरिसिद्धी विनायक इन्टरप्राइजेज र विबुद्ध गार्मेन्टको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map

३) **१) ऋणी कम्पनी: आर्सिया होटल्स एण्ड रिसोट्स प्रा.लि.**, अध्यक्ष/संचालक तथा जमानीकर्ता: नवराज पोखरेल, सतिस पोखरेल, समिप पोखरेल
दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १८२९९१/०७४/०७५, दर्ता मिति २०७४/१०/१९, ठेगाना: जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. १४

धितोको विवरण

१) सतिस पोखरेल २) समिप पोखरेल ३) गीता कुमारी मुडभरी पोखरेल ४) नवराज पोखरेल

धितोको विवरण

१) नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा कम्पनी दर्ता नं. १८२९९१/०७४/०७५ अन्तर्गत मिति २०७४/१०/१९ मा कम्पनी ऐन, २०६३ बमो जिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १४ स्थित आर्सिया होटल्स एण्ड रिसोट्स प्रा.लि.को नाममा मालपोत कार्यालय काभ्रेपलान्चोकको लगतमा दर्ता कायम रहेको काभ्रे जिल्ला, काभ्रे गा.वि.स./न.पा. वडा नं. ९/९ (हाल धुलीखेल न.पा. वडा नं. ११) स्थित कित्ता नं. ९७०, ७८० र ७७३ को क्षेत्रफल क्रमश: ४-१४-०, ८-३-० र १-५-० (रोपनी) को घरजग्गा र सो घर जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) आर्सिया होटल्स एण्ड रिसोट्स प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map

२) ऋणी कम्पनी: बाटिका एग्रो फार्म प्रा.लि., अध्यक्ष/संचालक तथा जमानीकर्ता: नवराज पोखरेल, सतिस पोखरेल, समिप पोखरेल
दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २०३४७८/०७५/०७६, दर्ता मिति २०७५/०८/१४, ठेगाना: जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. १४

जमानीकर्ताहरुको विवरण

१) सतिस पोखरेल २) समिप पोखरेल ३) गीता कुमारी मुडभरी पोखरेल ४) नवराज पोखरेल ५) संजीता कार्की

धितोको विवरण

१) अग्निधर पोखरेलको नाति, नवराज पोखरेलको छोरा, काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १४, कुलेश्वर बस्ने सतिस पोखरेलको नाममा मालपोत कार्यालय काभ्रेपलान्चोकको लगतमा दर्ता कायम रहेको काभ्रेपलान्चोक जिल्ला, फुलबारी गा.वि.स. वडा नं. ६/६ (हाल नमोबुद्ध न.पा. वडा नं. २) स्थित कित्ता नं. २७०१ र २७०३ को क्षेत्रफल क्रमश: ३-३-१-० र ३-६-०-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) नरेन्द्र कुमार शर्मा मुडभरीकी छोरी, अग्निधर पोखरेलकी बुहारी, नवराज पोखरेलकी पत्नि, रुपन्देही जिल्ला, सिद्धार्थनगर गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १४, कुलेश्वर बस्ने गीता कुमारी मुडभरी पोखरेलको नाममा मालपोत कार्यालय काभ्रेपलान्चोकको लगतमा दर्ता कायम रहेको काभ्रेपलान्चोक जिल्ला, काभ्रे गा.वि.स. वडा नं. ९/९ (हाल धुलिखेल न.पा. वडा नं. ११) स्थित कित्ता नं. ७७६ र ७७५ को क्षेत्रफल क्रमश: ४-१-०-० र २-२-०-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
३) बाटिका एग्रो फार्म प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map

३) ऋणी: गीता कुमारी मुडभरी पोखरेल
स्थायी ठेगाना: रुपन्देही जिल्ला, सिद्धार्थनगर गा.वि.स. वडा नं. ८, हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १४, बाबु: नरेन्द्र कुमार शर्मा मुडभरी, ससुरा: अग्निधर पोखरेल, पति: नवराज पोखरेल
तथा
सतिस पोखरेल
ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १४, कुलेश्वर, बाबु: नवराज पोखरेल, बाजे: अग्निधर पोखरेल

जमानीकर्ताहरुको विवरण

१) समिप पोखरेल २) नवराज पोखरेल

धितोको विवरण

अग्निधर पोखरेलको नाति, नवराज पोखरेलको छोरा, काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १४, कुले श्वर बस्ने सतिस पोखरेलको नाममा मालपोत कार्यालय काभ्रेपलान्चोकको लगतमा दर्ता कायम रहेको काभ्रेपलान्चोक जिल्ला, फुलबारी गा.वि.स. वडा नं. ६/६ (हाल नमोबुद्ध न.पा. वडा नं. २) स्थित कित्ता नं. २७०१ र २७०३ को क्षेत्रफल क्रमश: ३-३-१-० र ३-६-०-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गरिएको सूचना

(प्रकाशित मिति : २०८१/११/०१)

यस गाउँपालिकाको मिति २०८१/०९/२८ मा नयाँ प्रत्रिका दैनिकमा प्रकाशित आन्तरिक आयको ठेक्का नं. JRM/IR/01/2081/082 सम्बन्धी विद्युतीय बोलपत्र (E-Bid) आह्वानको सूचना अनुसार पेश भएको तपसिलको एकमात्र अधिकतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृत गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धमा विस्तृत जानकारी जानकी गाउँपालिकाको वेवसाइट : **www.janakimunkailali.gov.np** मार्फत प्राप्त गर्न सकिने व्यहोरा अनुरोध छ।

तपसिल :

क्र. सं.	आय ठेक्का नं.	कामको विवरण	बोलपत्र दाताको नाम र ठेगाना	कबोल रकम (मू.अ. कर समेत) रु.	कैफियत
१	JRM/IR/01/2081/082	कर्णाली नदीको तोकिएका क्षेत्रहरूबाट कैलाशेश्वर सामुदायिक वन नजिकको घाट देखि जगतपुर सामुदायिक वन नजिकको घाट वडा नं. ६, मालझुल घाट वडा नं. ६ र रानीटप्पा घाट वडा नं. ६ र ९ ढुङ्गा, गिट्टी र बालुवा उत्खनन्/संकलन तथा विक्री	श्री के. एस. आर. निर्माण सेवा, जानकी-९, कैलाली	९५,४५,२२३/- (अक्षरेपी पन्चान्नब्बे लाख पैंतालिस हजार दुईसय तेईस मात्र ।)	

प्रमुख प्रशासकीय अधिकृत

४) **१) ऋणी कम्पनी: कैड नेपाल ट्रेडर्स प्रा.लि.**, संचालक तथा जमानीकर्ता: संतोष कुमार ठाकुर, दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २५३९१९/०७७/०७८, दर्ता मिति: २०७७/१०/१३, ठेगाना: जिल्ला धनुषा, जनकपुरधाम उ.म.न.पा. वडा नं. ४

जमानीकर्ताहरुको विवरण

१) संतोष कुमार ठाकुर २) माया देवी ठाकुर ३) राम विलास ठाकुर ४) रेखा शर्मा ५) सुनिल ठाकुर ६) पुनिता कुमारी ठाकुर

धितोको विवरण

१) सन्तु ठाकुर वडहीको नाती, बाल बोध ठाकुरको छोरा, धनुषा जिल्ला, नगराइन गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, नगराईन न.पा वडा नं. २ बस्ने राम विलास ठाकुरको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. ४ (हाल जनकपुरधाम उ.म.न.पा. वडा नं. ४) स्थित कित्ता नं. ३८१ को क्षेत्रफल ०-०-१९-१.५ (विगाहा) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगालगापात समेत ।
२) ज्ञानचन ठाकुरकी छोरी, बाल बोध ठाकुरकी बुहारी, राम विलास ठाकुरकी पत्नी, धनुषा जिल्ला, नगराइन गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, नगराईन न.पा वडा नं. २ बस्ने माया देवी ठाकुरको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, नगराइन गा.वि.स. वडा नं. ४ (हाल जनकपुरधाम उ.म.न.पा. वडा नं. ४) स्थित कित्ता नं. ८७०, ४०१, १८८, १८५ र १८६ को क्षेत्रफल क्रमश: ०-०-६-२, ०-५-६-०, ०-६-१६-०, ०-६-२ र ०-१२-४ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगालगापात समेत ।
३) कैड नेपाल ट्रेडर्स प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map

२) ऋणी: संतोष कुमार ठाकुर
स्थायी ठेगाना: धनुषा जिल्ला, नगराइन गा.वि.स. वडा नं. ३, हालको ठेगाना: धनुषा जिल्ला, नगराईन न.पा वडा नं. २, बाबु: राम विलास ठाकुर, बाजे: बाल बोध ठाकुर

जमानीकर्ताहरुको विवरण

१) माया देवी ठाकुर २) राम विलास ठाकुर ३) रेखा शर्मा ४) पुनिता कुमारी ठाकुर

धितोको विवरण

ज्ञानचन ठाकुरकी छोरी, बाल बोध ठाकुरकी बुहारी, राम विलास ठाकुरकी पत्नी, धनुषा जिल्ला, नगराइन गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, नगराईन न.पा वडा नं. २ बस्ने माया देवी ठाकुरको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. ४ (हाल जनकपुरधाम उ.म.न.पा. वडा नं. ४) स्थित कित्ता नं. ८७०, ४०१, १८८, १८५ र १८६ को क्षेत्रफल क्रमश: ०-०-६-२, ०-५-६-०, ०-६-१६-०, ०-६-२ र ०-१२-४ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगालगापात समेत ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map

५) १) ऋणी फर्म : अपौन डिपार्टमेन्ट स्टोर, प्रोप्राईटर तथा जमानीकर्ता: अनिता कुमारी चौधरी
दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्रा.फ.र.नं. ९३१०/१६०, दर्ता मिति २०७७/०६/०२, ठेगाना: जिल्ला रौतहट, च.पुर गा.वि.स. वडा नं. १ (हाल चन्द्रपुर न.पा. वडा नं. ४)

२) ऋणी फर्म : गणेश पोल्ट्री फार्म, प्रोप्राईटर तथा जमानीकर्ता: अशोक कुमार साह
दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.नं. ६०६५/६०९/१४ दुर्गा भगवती, दर्ता मिति २०७५/०२/१३, ठेगाना: जिल्ला रौतहट, गंगापिप्रा गा.वि.स. वडा नं. ६ (हाल दुर्गा भगवती गा.पा. वडा नं. १)

३) ऋणी फर्म: श्री गणेश दाना पसल, प्रोप्राईटर तथा जमानीकर्ता: अशोक कुमार साह
दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्रा.फ.र.नं. ४८३३/३३२, दर्ता मिति २०७३/०७/०९, ठेगाना: जिल्ला रौतहट, गंगापिप्रा गा.वि.स. वडा नं. ६

धितोको विवरण

१) नारायण साह कलवारको नाती, योगी साह कलवारको छोरा, रौतहट जिल्ला, गंगापिप्रा गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ४ बस्ने अशोक कुमार साहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय गौर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, गंगापिप्रा गा.वि.स. वडा नं. ६ (हाल दुर्गा भगवती गा.पा. वडा नं. १) स्थित कित्ता नं. ११८५, ११८७ र १४१२ को क्षेत्रफल क्रमश: ०-०-१६, ०-१-२$^{१/२}$ र ०-४-८-२ (विगाह) को जग्गा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) हरदेव चौधरीकी छोरी, योगी साह कलवारकी बुहारी, अशोक कुमार साहकी पत्नी, सर्लाही जिल्ला, खैर्वा गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ४ बस्ने अनिता कुमारी चौधरीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. १ (हाल चन्द्रपुर न.पा. वडा नं. ४) स्थित कित्ता नं. ६८८९, ६८८५, २४५४, २३७२ र २४५३ को क्षेत्रफल क्रमश: ०-०-०-१४, ०-०-८-६, ०-०-५-०, ०-०-५-० र ०-०-५-० (विगाह) को घरजग्गा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
३) अपौन डिपार्टमेन्ट स्टोर, गणेश पोल्ट्री फार्म र श्री गणेश दाना पसल को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपो थिकेशन सुरक्षण ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map

४) ऋणी फर्म: श्री अशोका एग्रिकल्चर प्रा.लि., संचालक तथा जमानीकर्ता: अशोक कुमार साह
दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २७२४८९/०७८/०७९, दर्ता मिति २०७८/०६/०४, ठेगाना: जिल्ला रौतहट, दुर्गा भगवती गा.पा. वडा नं. १

धितोको विवरण

१) हरदेव चौधरीकी छोरी, योगी चोधरीकी बुहारी, अशोक कुमार साहकी पत्नी, सर्लाही जिल्ला, खैर्वा गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ४ बस्ने अनिता कुमारी चौधरीको नाममा मालपोत कार्यालय वरहथवा, सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला, सुन्दरपुर चोहर्वा गा.वि.स. वडा नं. ८ (हाल वरहथवा न.पा. वडा नं. १३) स्थित कित्ता नं. ६००, ३९० र ११५ को क्षेत्रफल क्रमश: १-२-१२-०, २-५-१० र १-१-०-० (विगाहा) को जग्गा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) श्री अशोका एग्रिकल्चर प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map

जमानीकर्ताहरुको विवरण

१) अनिता कुमारी चौधरी २) अशोक कुमार साह

नोट: ऋणी तथा प्रोप्राईटर/अध्यक्ष बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा प्रोप्राईटर/अध्यक्षको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व बैंकले लिन् सक्नेछ ।
३) लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लाग्नु हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पत्तिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

जनयुद्ध र समाजवाद

जनयुद्धले उठाएका कैयौँ मुद्दा, समृद्धि, सुशासन र सामाजिक न्यायको आन्दोलन अझै बाँकी नै छ

● इन्द्रप्रसाद गोतामे (जगतजंग)

अग्रलेख

माओवादी जनयुद्ध नेपालको वर्गीय, जातीय, लिंगीय र क्षेत्रीय उत्पीडनविरुद्धको मौलिक आन्दोलन हो। जनयुद्ध नेपालको राजनीतिक आन्दोलनको मुद्दा मात्र नभई संयुक्त राष्ट्र संघ (अनमिन) को मध्यस्थताका कारण अन्तर्राष्ट्रिय राजनीतिक मुद्दा पनि बन्न पुग्यो। नेपाली समाज उच्च र नीचमा विभाजित थियो। वर्गीय, जातीय, महिला र दलितमाथि उत्पीडन थियो। राष्ट्रियता, जनतन्त्र र जनजीविकाको हालत अत्यन्तै नाजुक थियो। सामाजिक विभेद, जाँडरक्सी सेवन, जुवातास, महिला बेचबिखन, हरवाचरवा, बिर्ता, गुठीलगायत अनेकौँ समस्या थिए। घाटा-व्यापार, भ्रष्टाचार, तस्करी, कालाबजारीको बिगबिगी थियो, त्यसको अन्त्य गर्न जनयुद्धले समग्र युद्धको भूमिका निर्वाह गऱ्यो। जनयुद्ध आमनेपालीको रगत-पसिनाको योगदानका कारण माओवादीको मात्र नभई नेपालको परिवर्तनको आन्दोलन बन्न पुग्यो। यसले नेपाली समाजमा ठुलो चेतना जगाएको छ।

नेपालका सबै राजनीतिक दललाई 'नयाँ' बन्न प्रेरित गरेको छ। जनयुद्धले उठाएका कैयौँ मुद्दा, समृद्धि, सुशासन र सामाजिक न्यायको आन्दोलन बाँकी नै छ। आज जनताले यो अभिभारा शान्तिपूर्ण ढंगले पूरा गर्न सक्ने वातावरण जनयुद्धले निर्माण गरेको छ। तत्कालीन जनयुद्ध एउटा उत्पीडनविरुद्धको सामुदायिक प्रतिबद्धता थियो। सामन्तवादलाई फाल्न र विस्तारवादी/साम्राज्यवादी हस्तक्षेप कम गर्न मात्र होइन, जातजाति र भाषाभाषीको आन्तरिक र बाह्य राष्ट्रियता मजबुत बनाउन, सामाजिक विकृति, विसंगति अन्त्य गर्न मात्र होइन, सामाजिक न्याय र समृद्धिको पक्षमा जनयुद्धले सामूहिक प्रतिबद्धताको आधार तयार गर्न सकेको थियो। तर, शान्ति प्रक्रिया, संविधानसभा, संघीयतामार्फत तल्लो वर्गका थुप्रै अधिकार सुनिश्चित भए पनि जुन शासकीय स्वरूपलाई प्रयोग गरियो, त्यो सामूहिक स्वरूप बन्न सकेन, त्यो मात्र संसदीय भद्दा खेलमा परिणत भई जनयुद्धको सामूहिकता नराम्रोसँग भत्किन पुग्यो। चुनावी प्रक्रिया प्रजातान्त्रिक हुँदाहुँदै पनि खर्चिलो, भड्किलो र भोट किनबेचको अवस्थाबाट दलाल पुँजीपतिको हातमा सत्ता पुग्ने अवस्था सिर्जना भयो। जसले माओवादीभित्र पनि निजीकरण, वर्गउत्थान र दलाल पुँजीवादको बीजारोपण गऱ्यो। त्यसैले, जनताको आन्दोलनलाई फेरि पुनर्संरचना गर्नुपर्ने अवस्था देखियो। वर्गीय समाजलाई मानव समाजमा कसरी बदल्ने ? बुर्जुवा चुनावलाई जनताको चुनाव कसरी बनाउने ? शासकीय स्वरूपलाई कसरी सामुदायिक स्वरूपमा बदल्ने ? जनताको सहभागिता कसरी सुनिश्चित गर्ने ? व्यवस्थासँगै जनताको अवस्था कसरी बदल्ने ? यी साना तर अति महत्त्वपूर्ण विषयलाई कसरी जनताको बनाउने ? आज यो बहसलाई जनताको पक्षमा सोझ्याउन नसक्ने हो भने राजनीतिक अस्थिरता कायमै रहन्छ, विदेशीको चलखेल बढ्छ, सस्तो लोकप्रियता र नकारात्मक चेत हाबी हुँदा जनता निरास र रुष्ट हुन पुग्छन्। हेर्दाहेर्दै देश असफलताको खाडलमा पर्छ। यो जोखिमबाट देशलाई बचाउन जनतालाई आशावादी बनाउँदै सशक्त राजनीतिमा ल्याउने, सुशासन, समृद्धि र सामाजिक न्यायको पक्षमा निरन्तर सामूहिक हस्तक्षेप बढाउन वैज्ञानिक समाजवादको आन्दोलनलाई फेरि नयाँ ढंगले उठाउनुपर्छ। आत्मालोचनासहित नयाँ ढंगको पार्टी निर्माण गर्दै त्याग, तपस्या, बलिदानले मात्र सुशासन, भ्रष्टाचाररहित समृद्ध र सामाजिक न्यायसहितको समाजवादी नेपाल बनाउन सकिन्छ। माओवादी जनयुद्ध परम्परागत जनयुद्ध होइन। यो स्वतन्त्रता, समानता र भ्रातृत्वलाई नयाँ ढंगले स्थापित गर्ने पूर्ण प्रजातन्त्र, समृद्धि र सामूहिक तथा व्यक्तिगत खुसीको खोजी गर्ने आन्दोलन हो। वर्गीय समाजमा वर्ग रहेसम्म जनयुद्ध विभिन्न रूपमा अभिव्यक्त भइरहन्छ। कहिले चुनाव, कहिले सरकार, कहिले सुशासन र भ्रष्टाचारविरुद्ध, कहिले सामाजिक न्याय, संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशी, समानुपातिक, धर्मनिरपेक्षता रक्षाका लागि निरन्तर लड्न र समाजवादी आन्दोलनको जनयुद्ध भिन्न रूपमा जारी नै छ। सबैखाले उत्पीडनविरुद्ध तल्लो वर्ग र आमजनताको हस्तक्षेप नै साँचो अर्थमा जनयुद्ध हो।

इतिहासमा भीमदत्त पन्तको विद्रोह, तराईका किसान आन्दोलन, धादिङको खनियाँबासका तामाङ विद्रोह, मोहनविक्रम सिंह, मदन भण्डारी, पुष्पलाल आदिले गरेका आन्दोलन, काग्रेसले गरेको सशस्त्र युद्ध र एमालेले गरेको झापा विद्रोह, ०३६ को आन्दोलन, सत्याग्रह, रामराजा सिंहको बम काण्ड, ०४६ को संयुक्त जनआन्दोलन सबै जनयुद्धकै भिन्न रूप थिए। जनयुद्ध भनेको जनताको हस्तक्षेप, आन्दोलन र खबरदारी हो। जनयुद्ध जनताको पक्षमा, जनताका लागि जनताले गर्ने सबै प्रकारको उत्पीडनविरुद्धको विद्रोह हो। त्यसैले आज शासकहरू जनयुद्धदेखि मात्र होइन, 'जनयुद्ध' शब्दसँग समेत डराइरहेका छन्।

१ फागुन ०५२ देखि सुरु भएको जनयुद्ध एउटा खेल थिएन। जनयुद्ध एउटा कविता पनि होइन, न जनयुद्ध चित्रकारिता नै हो। जनयुद्ध त बादशाहलाई घोडाबाट खसाल्ने जनताको सचेत हस्तक्षेप थियो। जनयुद्ध इतिहासको रहर थिएन, बाध्यता थियो। स्मरण रहोस्, तत्कालीन अवस्थामा राष्ट्रियता, जनतन्त्र, जनजीविकालगायत सवालमा भएको शान्तिपूर्ण आन्दोलनका क्रममा सयौँको गिरफ्तारी र दर्जनौँको हत्या भएको थियो। 'किलो सेरा टु', 'रोमियो'लगायत अप्रेसन चलाएर जनताको शान्तिपूर्ण आन्दोलनमाथि हस्तक्षेप भयो, त्यसले जनयुद्ध जन्मायो तर माओवादीले शान्तिपूर्ण आन्दोलनको विकल्पलाई खुल्ला नै राख्यो। पटक-पटक एकल युद्धविराम र शान्तिका लागि वार्ताको सचेत पहल गऱ्यो। माओवादीले कहिल्यै युद्ध अपराध गरेन, जनयुद्धका क्रममा केही गम्भीर कमजोरी हुँदा कमजोरी गर्नेलाई तत्काल कारबाही गर्ने र जनतासँग आत्मआलोचित हुँदै, माफी माग्दै, सच्चिँदै अगाडि बढ्यो। तर, तत्कालीन शासकले जनतालाई आतंककारीका नाममा पाँच हजारभन्दा बढी बेपत्ता बनायो, ती मानिस आज कहाँ छन् ? घरघरमा लुटपाट, आगजनी, चेलीबेटीलाई बलात्कार गरेर १७ हजारको निर्मम हत्या गरियो। तत्कालीन राज्य पक्षबाट टाउकाको मूल्य तोकेर झोलामा टाउको ल्याऊ, बदलामा पैसा दिन्छु भनेर गरेको शृंखलाबद्ध हत्या कसैले भुलेको छैन। इतिहास उल्ट्याउने कोसिस कसैले नगरौँ यदि शासकहरू नबदलिने हो भने जनता फेरि जनविद्रोह गर्न बाध्य हुनेछन्। त्यसैले, परिवर्तनलाई सम्मान र संस्थागत गरौँ, सबै मिलेर देश बनाऔँ। देशको प्राकृतिक स्रोत-साधन मूलतः पानी र युरेनियमको रक्षा र त्यसको सही सदुपयोग गरौँ। स्थिर र बलियो सरकार बनाउन राष्ट्रिय सहमति कायम गरी संविधान संशोधन गरौँ, नत्र सबैलाई हेक्का रहोस्- मानव समाजमा जबसम्म वर्गको अन्त्य हुँदैन र स्वतन्त्रता, समानता तथा भ्रातृत्व रहँदैन तबसम्म जनयुद्ध यो वा त्यो रूपले जारी नै रहन्छ।

आजको विश्व परिस्थितिमा समाजवाद : विज्ञान र मानव समाजको विकासक्रममलाई हेर्दा बाफबाट चल्ने इन्जिनको विकास युरोपमा भएपछि उत्पादन, शक्ति र स्रोतको केन्द्र एसियाबाट युरोपतिर सऱ्यो। अठारौँ शताब्दीदेखि उन्नाइसौँ शताब्दीको मध्यसम्मको अवधिलाई पहिलो औद्योगिक क्रान्तिको युग भनिन्छ। विद्युत्को आविष्कारपछि उन्नाइसौँ शताब्दीको मध्यदेखि बीसौँ शताब्दीको मध्यसम्मको अवधिलाई दोस्रो औद्योगिक क्रान्तिको युग भनिन्छ। पहिलो र दोस्रो विश्वयुद्धले युरोपलाई निकै कमजोर मात्र बनाएन, उत्पादन, शक्ति र स्रोतको केन्द्र युरोपबाट अमेरिकातिर सऱ्यो। बीसौँ शताब्दीको मध्यदेखि अन्त्यसम्मको विज्ञान, प्रविधि र डिजिटल युगलाई तेस्रो औद्योगिक क्रान्तिको युग भनिन्छ। यस अवधिमा विश्व शीतयुद्धको संकटबाट गुज्रियो। अमेरिकाले गरेको शक्ति सञ्चय र सन् १९९१ मा सोभियत संघको विघटनसँगै समाजवादी ध्रुव ढलेको र पुँजीवादी ध्रुव अजेय एवं निर्विकल्प रहेको घोषणा मात्र गरिएन, समाजवाद अर्थात् मार्क्सवादकै अन्त्य भएको प्रचारसमेत गरियो। एकाइसौँ शताब्दीको सुरुदेखि हालसम्म साइबरनेटिक, डिजिटल, नानो टेक्नोलोजी, जेनोम र कृत्रिम बौद्धिकता (एआई) को 'एकीकृत सूचना प्रविधिको युगलाई' चौथो औद्योगिक क्रान्तिको युग भनिन्छ। यसले मान्छेको दिमागमा उथलपुथल ल्याइदिएको छ। चेतनाले प्रविधिमा र प्रविधिले मान्छेको श्रममा सरलता ल्याएको छ। उत्पादक शक्तिमा फेरबदल ल्याइदिएको छ। वर्ग संरचना, स्वरूप र चेतनामा फेरबदल हुँदा विश्वको पुनर्संरचनाको प्रश्न आज नयाँ ढंगबाट उठिरहेको छ। युक्रेन-रुस युद्धले रुस र चीनको सहकार्य मात्र बढाएन, भारतको तटस्थताले ठुलो प्रश्न खडा गरिदियो। मध्यपूर्वमा चलिरहेको युद्ध, नेटो र ब्रिक्सको द्वन्द्व, व्यापार युद्धको नाममा भएको नाकाबन्दी र विभिन्न सर्त, युद्ध सामग्री उत्पादन र त्यसको परीक्षणका नाममा भएको प्रतिस्पर्धा र नक्षत्र कब्जा गर्ने होडबाजी, बिआरआई र एमसिसीका नाममा हिन्द-प्रशान्त क्षेत्रमाथि हस्तक्षेप गर्ने होडबाजी, कोराना महामारी नियन्त्रणमा समाजवादी देशमा भएको सफलता र पुँजीवादी देश असफल हुँदा भएको ठुलो मानवीय क्षतिले आज नयाँ ढंगबाट विश्व पुँजीवादको विकल्पको बहस चलिरहेको छ। आर्थिक रूपमा पश्चिमको पतन तथा पूर्व र दक्षिणको उदय हुँदै छ। भूगोल र जनसंख्या दुवै हिसाबले महाशक्तिका रूपमा रहेको एसिया उत्पादन, शक्ति र स्रोत तथा शीतयुद्धको पनि केन्द्र बन्दै गएको छ। विश्वभरि फेरि नयाँ ढंगबाट क्रान्तिकारी आन्दोलन पुनर्संगठित हुँदै जानु, अन्तर-साम्राज्यवादी अन्तरविरोधले एकध्रुवीय विश्व व्यवस्था विघटन र बहुध्रुव बन्दै जानु, वर्गीय खाडल तीव्र भएको पुँजीवादमा समुदाय, निजी क्षेत्र र राज्यको लडाइँ पनि तीव्र हुनु, निजी क्षेत्र र राज्य बलिया भए पनि समुदाय कमजोर हुँदा स्वतन्त्रता, समानता र भ्रातृत्वको अन्त्य हुनु भनेको पुँजीवाद पूर्ण असफल हुनु हो। आज पुँजीवादको विकल्प 'नयाँ वैज्ञानिक समाजवाद' बन्दै गएको छ। समुदायलाई बलियो बनाउने 'म र हामी' अर्थात् 'निजी सम्पत्ति र सामूहिक सम्पत्ति' समायोजन गर्दै समाजवादको नयाँ र उन्नत विकल्पको प्रतिस्पर्धा गर्ने व्यावहारिक बाटो नै आजको वैज्ञानिक समाजवादमा जाने बाटो हो। समाजवाद नै मानव सभ्यताको मूल विषय हो।

सबै दुःख, उत्पीडनको अन्त्य, विज्ञान र पर्यावरणमैत्री समाजले स्वतन्त्रता, समानता र भ्रातृत्वभाव जन्माउँछ, जसले विश्वको एकतालाई मजबुत बनाउँदै मानवीय खुसी पैदा गर्छ। समाजवादको भूमण्डलीकरणले मानवजातिको अन्तरिक्ष र त्योभन्दा परको न्यायोचित प्रवेशमा तीव्रता आउनेछ। मान्छेले वैज्ञानिक समाजवाद हुँदै साम्यवादमा विश्वलाई एकताबद्ध गर्न सक्यो भने मानवजाति थप विकसित र रूपान्तरित मात्र हुँदैन, यो सौर्यमण्डलको अन्त्य हुँदा पनि अर्को सौर्यमण्डलमा उसको बस्ती बसिसकेको हुनेछ। मार्क्सले भनेझैँ साम्यवाद भनेको स्वतन्त्रता, समानता र भ्रातृत्वसहितको मानव समाज हो।

त्यहाँ देश र विश्व रहन्छ, शोषण, शासन र सिमाना रहँदैन, त्यहाँ व्यक्ति र सामुदायिक अनुशासन रहन्छ कानुन रहँदैन, त्यहाँ मानव समाज रहन्छ वर्ग रहँदैन, त्यहाँ पर्यावरण रहन्छ, जीवजन्तु रहन्छन्, त्यहाँ उत्पादन, गाँस, वास, कपास, शिक्षा, स्वास्थ्य, सुरक्षा, अनुशासन, मनोरञ्जन, सेवा र खुसी नियमित जीवनशैली बनेको हुन्छ। यस्तो खालको मानव समाज निर्माण गर्न, सबै खाले अन्याय पूर्ण युद्ध अन्त्य गर्न गरिएको जनताको हस्तक्षेप नै जनयुद्ध हो। नेपालका सन्दर्भमा जनयुद्धको लक्ष्य संघीय लोकतान्त्रिक गणतन्त्र मात्र होइन, यो त विश्वकै सन्दर्भमा वैज्ञानिक समाजवादभन्दा पनि परसम्मको प्रश्न हो। त्यसैले जनयुद्ध नेपालमा मात्र होइन, अमेरिका, अस्ट्रेलिया, क्यानडा, जापान, चीनलगायत विश्वभरि नै फरक रूपमा जारी छ। जबसम्म विश्वमा वर्गीय समाजको अन्त्य भएर मानव समाजको निर्माण हुँदैन, तबसम्म जनयुद्ध जारी रहन्छ।

(गोतामे बागमती प्रदेश सभाका सदस्य हुन्)

> नेपालका सन्दर्भमा जनयुद्धको लक्ष्य संघीय लोकतान्त्रिक गणतन्त्र मात्र होइन, विश्वकै सन्दर्भमा वैज्ञानिक समाजवादभन्दा पनि परसम्मको प्रश्न हो

---

३ प्रश्न

ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालकी पूर्वअध्यक्ष **पद्मिनी प्रधानांग**लाई

ट्रान्सपरेन्सी इन्टरनेसनल (टिआई) को पछिल्लो प्रतिवेदनले के संकेत गरेको छ ?

टिआईको पछिल्लो प्रतिवेदनले नेपालमा भ्रष्टाचार झन्झन् मौलाउँदो छ भन्ने संकेत गरेको छ ? एक दुई अंक तलमाथि हुँदैमा ठुलो अन्तर देखिने होइन। सामान्यतः संसारभर १३ वटा 'डेटा सोर्स'बाट भ्रष्टाचार मापन हुन्छ। नेपालको हकमा चाहिँ ६ वटा डेटा सोर्सबाट भ्रष्टाचार मापन गरिएको छ। त्यसमा हामीकहाँ सार्वजनिक सेवा प्रवाह, सार्वजनिक खरिद प्रक्रिया, न्यायिक प्रक्रियालगायत सर्वत्र भ्रष्टाचार बढेको संकेत गरेको छ।

नेपालमा भ्रष्टाचार बढ्नुका कारण के के देखिएका छन् ?

टिआईको 'ग्लोबल करप्सन ब्यारोमिटर' अन्तर्गत जनतासँग प्रत्यक्ष सोधेर पनि अध्ययन गरिएको हुन्छ। त्यसमा नेपाली जनताले सरकारको कामचाहिँ राम्रै भएको तर भ्रष्टाचार भने सबैतिर बढेको स्विकारेको देखिन्छ। यसले जनताले सत्तामा पुग्नेले काम गर्दा अलिअलि भ्रष्टाचार गरिहाल्छ नि भनेर स्विकारेको संकेत गरेको छ। यसबाट जनताले भ्रष्टाचारलाई सामान्य मानेको देखिन्छ। जसले गर्दा सत्तामा रहनेहरूलाई भ्रष्टाचार गर्न बल पुगेको देखिन्छ। शासकहरूले आफूलाई ऐन, कानुनभन्दा माथि ठान्नुले पनि भ्रष्टाचारलाई थप बढाएको छ।

यसरी निरन्तर भ्रष्टाचार बढ्नुले कस्तो प्रभाव पार्ला ?

भ्रष्टाचारका कारण विकास निर्माण प्रभावित भएको छ। न्याय निरूपणमा ढिलासुस्ती बढेको छ। समयमै फैसला नगर्ने, झुलाएर राख्ने प्रवृत्ति बढ्दो छ। यो पनि भ्रष्टाचारकै अर्को रूप हो। नीतिगत भ्रष्टाचार बढेको छ। ऐन, कानुन या अध्यादेश ल्याएर भ्रष्टाचारलाई प्रश्रय दिन खोजिएको छ। भ्रष्टाचारका कारण सार्वजनिक सेवा प्रवाहमा असर परेको छ। सुशासन नाममात्रको भएको छ। शिक्षा, स्वास्थ्य, विकास निर्माणलगायत सर्वत्र समस्या बढेका छन्। जनतामा असन्तुष्टि चुलिएको छ। युवा पलायन बढ्दो क्रममा छ। समग्रमा भ्रष्टाचारले देशलाई धेरै पछाडि धकेलेको छ।

प्रेरक प्रसंग

दुःखनाशक मन्त्र

एकपटक स्वामी रामतीर्थ अमेरिकाको सनफ्रान्सिस्कोमा थिए। उनको नाम वरपर निकै फैलिसकेको थियो। एक दिन एनी नामकी एक महिला उनको निवासमा आइन् र रुँदै भनिन्- स्वामीजी, प्राणघातक रोगका कारण मेरो एक मात्र छोराको ज्यान गयो। हजुर सिद्धपुरुष हुनुहुन्छ। मेरो छोरालाई पुनर्जीवन दिनुहोस्, प्रभु !

स्वामीजीले भने- माता, धैर्य गर्नुस्, म तपाईंको छोरालाई फिर्ता ल्याइदिन्छु। र, जीवनमा दुःख भगाएर सुख प्राप्त गर्ने मूल मन्त्र पनि दिनेछु। तर, त्यसका लागि तपाईंले केही मूल्य चुकाउनुपर्नेछ। एनीले भनिन्- मसँग धनसम्पत्तिको कमी छैन। हजुरले जति भन्नुहुन्छ, म त्यति मूल्य तिर्न तयार छु। स्वामीले भने- रामको परमानन्द साम्राज्यमा धन सम्पत्तिको कुनै कमी छैन। राम योभन्दा पनि ठुलो मूल्य चाहन्छन्। एनीले हात जोडेर भनिन्- स्वामीजी, म जस्तोसुकै मूल्य चुकाएर पनि त्यो आनन्द हासिल गर्न चाहन्छु। स्वामीले 'रामको साम्राज्यमा आनन्दको कमी कहाँ छ ?' भन्दै ती महिलालाई एक गरिब बस्तीमा लिएर गए। त्यहाँको अनाथ अश्वेत बालकको हात ती महिलाको हातमा दिँदै भने- ल लिनुहोस् माता, तपाईंको छोरा। यसलाई आफ्नो काखमा लिएर ममता खन्याउनुहोस्। यसैलाई छोरा ठानेर आफ्नो प्रेम दिनुहोस्। तपाईंले यसलाई जति माया ममता दिनुहुनेछ, तपाईंको आनन्द उति नै बढ्दै जानेछ।

स्वामीजीका शब्दमा विश्वका समस्त उपेक्षित, मातृहीन र भोकानांगाप्रति अपार स्नेह प्रकट भइरहेको थियो। अर्काको दुःख अपनाएर त्यसैबाट सुखानुभूत गर्ने उनको महान् भावना बुझेर ती महिला दंग परिन्। धुलोमैलो अश्वेत बालकलाई आफ्नो छातीमा टाँसेर स्वामीजीलाई धन्यवाद दिँदै खुसीसाथ ती महिला बिदा भइन्।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

धेरै फुर्ती नगर सरकार !

भन्ने वेलामा दुईतिहाइको सरकार भने पनि राष्ट्रिय सभामा कुनै विधेयक पास गराउन अर्काको भर पर्नुपर्ने भएपछि त्यस्तो निम्छरो दुईतिहाइको के फुर्ती गर्छौ सरकार ? जब तिमीसित आफैँले ल्याएको अध्यादेशसमेत पारित गर्न सक्ने हुती छैन भने बेकारमा दुईतिहाइको दुहाइ किन दिनु सरकार ? अनि सरकार, तिमीले जेजस्ता अध्यादेश या विधेयक ल्याए पनि विपक्षी दललाई सत्ताको हरियो घाँस देखाउनासाथ तीन बित्ता उफ्रेर समर्थन गर्छन् भन्ने भ्रम पनि अब त्यागिदेऊ ल ! तिम्रो सत्ताको हरियो घाँसमा विपक्षी दलहरू लोभिने दिन गए अब। अब टाउका गन्दै बस सरकार !

● **सुमित्रा केसी**, खुमलटार, ललितपुर

नेताले जे गरे पनि हुन्छ हो ?

नेपालमा कुनै पनि दलको कुनै पनि तहका नेता-कार्यकर्ता भएपछि सबै अपराध माफ हुन्छ हो ? अझ सत्तापक्षको नेता-कार्यकर्ता भइसकेपछि उसका लागि जुनसुकै अपराध गर्ने छुट हुन्छ हो ? होइन भने एमाले लुम्बिनी प्रदेश सांसद रेखाकुमारी शर्माविरुद्ध मुद्दा नचलाउने निर्णय सरकारी वकिलको कार्यालयले किन गऱ्यो ? के सत्तापक्षको सांसदले बालिकालाई वर्षौंसम्म बन्धक बनाएर यातना दिँदै श्रमशोषण गर्दा पनि ऊ कारबाहीको दायरामा आउनुपर्दैन हो ?

● **अमृता परियार**
चमती, काठमाडौं

महसुल नतिर्नेको लाइन काट्नैपर्छ

अर्बौंको बक्यौता महसुल नतिर्ने उद्योगको लाइन काट्न विद्युत् प्राधिकरणले नियमन आयोगमा पत्र पठाएको समाचार पढियो। नियमतः महसुल नतिर्ने ग्राहकको लाइन काट्नैपर्छ। त्यसलै, अर्बौं महसुल नतिर्ने उद्योगी व्यवसायीको लाइन काट्नु पनि अन्यथा होइन। उनीहरूले आफूले खपत गरेको विद्युत् महसुल तिर्दैनौँ भन्न पाउँदैनन्। यो वा त्यो बहानामा सरकारले पनि उनीहरूलाई जोगाउन या महसुलमा छुट दिन पाउँदैन, जसरी भए पनि लाइन काट्नैपर्छ।

● **सुरेश कटुवाल**
नयाँबस्ती, काठमाडौं

भ्रष्टाचारमा सरकारको 'डिस्टिंक्सन' !

देशमा सुशासन र भ्रष्टाचार न्यूनीकरणको नारा दिएर गठन भएको वर्तमान सरकारलाई ट्रान्सपरेन्सी इन्टरनेसनलको वर्ष २०२४ को प्रतिवेदनले नराम्रोसँग गिज्याएको छ। उसको रिपोर्ट पढ्दा र नेपालको स्थान हेर्दा सरकारलाई लाज लाग्यो कि लागेन कुन्नि, हामी नेपालीलाई चाहिँ असाध्यै लाज लाग्यो। ट्रान्सपरेन्सीले सरकारको काम-कारबाहीलाई हेरेर 'पास मार्क' होइन, उल्टोबाट 'डिस्टिंक्सन' नै दिएको छ। योजस्तो लज्जास्पद विषय अरू के नै होला र ?

करिब-करिब दुईतिहाइको बलियो सरकार भएको वेला भ्रष्टाचार र सुशासनको पक्षमा काम गर्न सरकारलाई कसले रोक्न सक्छ ? तर, विडम्बना, ओली सरकार गठन भएको सात महिनामा भ्रष्टाचारविरुद्धको काम-कारबाही अगाडि बढाउने होइन, उल्टो लुकाउने, भ्रष्टाचारलाई प्रोत्साहन गर्ने काम बढी भएको छ। अनियमित काण्डमा मुछिएका अभियुक्तलाई जोगाउने, मुद्दा कमजोर बनाउने, सत्तानिकट आरोपीलाई उन्मुक्ति दिने काम भएका छन्। भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पेस गरेको विधेयकलाई उपसमितिले सर्वसम्मत रूपमा पास गरेर संसद्मा पठाए पनि प्रधानमन्त्रीको अनिच्छाकै कारण रोकिएको छ। विधेयकमा मन्त्रिपरिषद्बाट भएका नीतिगत निर्णयमाथि पनि अख्तियारले छानबिन गर्न सक्ने प्रावधान समेटिएका छन्। जसलाई ओली र देउवा दुवैले मन पराएका छैनन्। परिणामतः सो विधेयक आजपर्यन्त रोकिइरहेको छ।

यसबाट वर्तमान सरकार सुशासनका लागि नभई अनियमित काण्डहरू लुकाउन मात्र आएको पुष्टि भएको छ। यस्तै कामले गर्दा नै ट्रान्सपरेन्सीले नेपाललाई भ्रष्टाचार धेरै हुने मुलुकको ट्याग झुन्ड्याइदिएको हो।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८ , काठमाडौं
gopaldevkota@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

के अमेरिकी राज्य कब्जा गर्दै छन् मस्क ?

मस्कले जसरी संघीय प्रशासनमा आक्रमण गरिरहेका छन्, त्यसको परिणाम अमेरिकी जनताले व्यहोर्नुपर्नेछ

देश/विदेश

● ली मोर्गनबेसर

इलोन मस्कले डोनाल्ड ट्रम्पको समर्थनमा अमेरिकी सरकारमा आफ्नो प्रभाव व्यापकस्तरमा बढाइरहेका छन्। उनले सरकारी कार्यक्षमता सम्बन्धित विभाग डिओजिईमार्फत संघीय कर्मचारी कटौती गर्ने अभियान अघि बढाएका छन्। नयाँ कार्यकारी आदेशले अब अमेरिकी निकायलाई इलोनको प्रयासमा सहयोग गर्न बाध्य बनाउँछ। 'सरकारी नियन्त्रण प्रयास'को आरोपप्रति उनले 'जनताले व्यापक सरकारी सुधारका पक्षमा मतदान गरेका छन् र उनीहरूको अपेक्षा पूरा हुनेछ' भन्दै आफ्नो भूमिकाको बचाउ गरेका छन्। के मस्कका कार्य सरकारको 'शत्रुतापूर्ण कब्जा' वा 'कु' हो ? मेरो विचारमा यो 'राज्य कब्जा'को एक रूप हो।

सरकारी प्रभावकारिता र उत्पादकत्व बढाउने नाममा डिओजिईले उल्लेख्य शक्ति हासिल गरेको छ। यसले निम्नानुसार अख्तियारी प्रदर्शन गरेको छ :

१. सरकारले सम्बन्धित प्रायः सबै भुक्तानीका लागि जिम्मेवार विशाल प्रणालीमा प्रवेश पाएको छ। २. संवेदनशील डाटाबेस र निजी चिकित्सा अभिलेख उल्लंघन गरेको छ। ३. स्वार्थको टकराव र पारदर्शितासम्बन्धी नियमित आवश्यकतालाई बेवास्ता गरेको छ। ४.अमेरिकी अन्तर्राष्ट्रिय विकास निकाय (युएसएड) विघटन भएको छ। ५. विभिन्न संघीय निकायका कम्प्युटर प्रणालीमा पहुँच प्राप्त गरेको छ।

सम्भवतः संघीय कानुन उल्लंघन गरेर मस्कले तीव्रतासाथ वर्चस्व स्थापना गर्नु अन्योल र बहसको कारण बनेको छ। केहीले यसलाई लोकतन्त्र र मानव अधिकार कमजोर पार्ने नियतले भौतिक सत्ताकेन्द्र कब्जाविनै डिजिटल पूर्वाधार नियन्त्रण गरी 'कु' गरेको ठान्छन्।

मस्कको प्रभावलाई आत्म-कु भनेर पनि व्याख्या गरिन्छ। आत्म-कु हुँदा सत्तामा रहेका नेताले आफ्नो शक्तिलाई निरन्तर कायम राख्न विपक्षी संस्था र उच्चपदस्थ व्यक्तिमाथि अवैध कदम चाल्छन्। डिसेम्बरमा दक्षिण कोरियाली राष्ट्रपति युन सुक येलले विपक्षी शक्तिबाट देशलाई जोगाउने भन्दै मार्सल कानुन घोषणा गरे। तर, उच्चपदस्थ अधिकारीको असहमति र व्यापक जनप्रदर्शनपछि उनले आफ्नो निर्णय फिर्ता लिए। उसो त आत्म-कु बढ्दै गए पनि अमेरिकामा सत्तामा पुँच पाउन ट्रम्पले नभई मस्कले प्रयास गरिरहेका छन्। त्यसैगरी 'षड्यन्त्र सिद्धान्त'मा विश्वास नगर्ने हो भने मस्कको मुख्य लक्ष्य रहेको प्रशासनिक निकाय औपचारिक रूपमा राष्ट्रपतिको शक्तिलाई सन्तुलन प्रदान गर्ने निकाय होइन।

मस्कको कार्य 'राज्य कब्जा'सँग बढी मेल खान्छन्, जहाँ राजनीतिक व्यक्तिले राज्य संसाधनलाई निजी वा राजनीतिक स्वार्थका लागि उपयोग गर्छन्। उनले अमेरिकी सरकारका विभिन्न निकायलाई आफ्नो नियन्त्रणमा लिएर तिनलाई धन आर्जनको संयन्त्र बनाउन खोजिरहेका हुन सक्छन्। यो प्रक्रिया सरल तर अत्यन्त विनाशकारी हुन्छ। उदाहरणका लागि इन्डोनेसिया, हंगेरी, नाइजेरिया, रुस, श्रीलंका र दक्षिण अफ्रिकामा यो प्रवृत्ति देखिएको थियो।

पहिले राजनीतिक र व्यापारिक सम्भ्रान्तले औपचारिक संस्था, सूचना प्रणाली र प्रशासनिक नीति-निर्माण प्रक्रियामा नियन्त्रण कायम गर्छन्। त्यसपछि तिनले यही शक्तिको उपयोगअनुकूल हुँदा लागू गर्न, पक्षपातपूर्ण निर्णय गर्न र सार्वजनिक हितभन्दा निजी स्वार्थका आधारमा स्रोत वितरण गर्न छुट पाउँछन्। कब्जा गरिएका राज्यमा, शक्तिशाली नेताले आर्थिक नीति र नियामक निर्णय आफ्ना राजनीतिक सहयोगीलाई लाभान्वित गर्न प्रयोग गर्छन्। उदाहरणका लागि हंगेरीका प्रधानमन्त्री भिक्टर ओर्बान, रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र दक्षिण अफ्रिकाका पूर्वराष्ट्रपति ज्याकब जुमाले आफ्ना साझेदारलाई यसरी सहयोग गरेका छन् : १.

तस्बिर : इलोन मस्कको एक्स पोस्ट

सरकारले प्रतिस्पर्धाविरोधी निर्णय गरेर, २. अनुमतिपत्र र लाइसेन्स जारी गरेर, ३. सरकारी सम्झौता र छुट प्रदान गरेर, ४. नियम वा महसुल हटाएर र ५ कर छुट दिएर।

राज्य कब्जा मूलतः एक दोहनकारी प्रक्रिया हो। अमेरिकी सरकारको व्यापार सञ्चालन प्रणाली आफ्नो नियन्त्रणमा लिएर मस्क साना तर शक्तिशाली सहयोगीका सञ्जाललाई धन आर्जन गराउने प्रयास गरिरहेका हुन सक्छन्।

अमेरिकामा राज्य कब्जाको पहिलो लाभार्थी डोनाल्ड ट्रम्प हुन्, जसले आफ्नो कार्यालयलाई आफ्नो पारिवारिक व्यापार साम्राज्य विस्तारमा प्रयोग गरेका छन्। कब्जा गरिएको राज्यसँग उनले सार्वजनिक सम्पत्ति व्यापारिक र राजनीतिक उच्च वर्गबिच हुने वितरणमा प्रभाव पार्न सक्छन्। दोस्रो लाभार्थी मस्क आफैँ र ट्रम्पसँग मिलेर काम गर्ने अन्य सिलिकन भ्यालीका अरबपति हुन्, जसले आफ्ना प्रविधि कम्पनीलाई संघीय समस्या विशेषतः आर्टिफिसियल इन्टेलिजेन्स (एआई) सँग सम्बन्धित समाधानका रूपमा प्रस्तुत गरेर लाभदायक सरकारी सम्झौता पाउनेछन्। तेस्रो, लाभार्थी मस्कसँग काम गर्ने इन्जिनियर र प्राविधिकको सानो समूह हो, जसले व्यावसायिक उन्नति, व

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११७८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा तथा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितो मा रहेको तपसिल वमोजिमको चल अचल सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी तथा जमानत दिनु हुने ब्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**१) ऋणी फर्म : दिक्षा फेन्सी स्टोर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: देवराज प्रसाद थारु चौधरी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (ब.सु.प.) नेपालमा प्रा.फ.दर्ता नं. ३७६/५२४१, मिति २०७०/०६/०८ ठेगाना: जिल्ला नवलपरासी, सुनवल न.पा. वडा नं. ९
	२) ऋणी: देवराज प्रसाद थारु चौधरी स्थायी ठेगाना: नवलपरासी (ब.सु.प) जिल्ला, स्वाँठी गा.वि.स. वडा नं. ७, हालको ठेगाना: नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. ९ बाबु: तुलसी थारु, बाजे: तुवार थारु
	धितोको विवरण
	१) अवध रामकी छोरी, तुलसी थारुकी बुहारी, देवराज प्रसाद चौधरीकी पत्नी, नवलपरासी जिल्ला, मनरी गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. ९ बस्ने दयन्ती कुमारी रायको नाममा भूमिसुधार तथा मालपोत कार्यालय परासी, नवलपरासी (ब.सु.प.)को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, स्वाठी गा.वि.स. वडा नं. ८/क (हाल सुनवल न.पा. वडा नं. ९) स्थित कित्ता नं. ६२३ र ६२४ को क्षेत्रफल २३९.१२ र १३५.४३ (व.मी.) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगालगापात समेत । २) दिक्षा फेन्सी स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
२)	**ऋणी: रामदल थारु** स्थायी ठेगाना : बाँके जिल्ला, टिटिहिरिया गा.वि.स. वडा नं. ६, हालको ठेगाना : बाँके जिल्ला, बैजनाथ गा.पा. वडा नं. ८ बाबु : फुलाराम थारु, बाजे : विपत थारु
	धितोको विवरण
	विपत थारुको नाती, फुलराम थारुको छोरा, बाँके जिल्ला, टिटिहिरिया गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, बैजनाथ गा.पा. वडा नं. ८ बस्ने रामदल थारु ....१ तथा विपत थारुकी बुहारी, फुलराम थारुकी पत्नी, बाँके जिल्ला, टिटिहिरिया गा.पं. वडा नं. ५ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, बैजनाथ गा.पा. वडा नं. ८ बस्ने वौगी थरुनी....१ गरी २ जनाको संयुक्त नाममा भूमिसुभार तथा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगतमा दर्ता कायम रहेको, बाँके जिल्ला, टिटिहिरिया गा.वि.स. वडा नं. ६ (हाल बैजनाथ गा.पा. वडा नं. ८) स्थित कित्ता नं. ७४ को क्षेत्रफल ४३७९.१८ (व.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
३)	**ऋणी कम्पनी: देउमाई बहुउद्देश्यीय कृषि फार्म प्रा.लि.,** अध्यक्ष तथा जमानीकर्ता : पंच वाहादुर लिम्बु दर्ता नं.: कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २०८३४७/०७५/०७६ दर्ता मिति: २०७५/१०/२४, ठेगाना : जिल्ला झापा, कमल गा.पा. वडा नं. ५
	धितोको विवरण
	१) जित बहादुर लिम्बुको नाती, दल वहादुर लिम्बुको छोरा, इलाम जिल्ला, गजुर मुखी गा.पं. वडा नं. ३ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ५ बस्ने पंच वहादुर लिम्बुको नाममा मालपोत कार्यालय, बेलबारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, मृगौलिया गा.वि.स. वडा नं. १ क स्थित कित्ता नं. १२८ को क्षेत्रफल ०-१०-१३-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) देउमाई बहुउद्देश्यीय कृषि फार्म प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
४)	**ऋणी फर्म: आकाश तारजाली उद्योग,** प्रोप्राईटर तथा जमानीकर्ता: शिवनाथ प्रसाद दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, वीरगंज, पर्सामा घ तथा सा.उ.का. प्रा.फ. पर्सा नं.:-४०९२/०६५/०६६ दर्ता मिति २०६५/०४/२८, ठेगाना: जिल्ला पर्सा, सुगौली विर्ता गा.वि.स. वडा नं. ६
	धितोको विवरण
	१) चनर राउत कुर्मीकी छोरी, हिरा राउत कुर्मीकी बुहारी, शिवनाथ प्रसादकी पत्नी, पर्सा जिल्ला, सुगौली विर्ता गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २६ बस्ने मिना देवीको नाममा मालपोत कार्यालय पर्सा, वीरगंजको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, सुगौली दा.पु. गा.वि.स. वडा नं. ६ (हाल वीरगंज म.न.पा. वडा नं. २६) स्थित कित्ता नं. ५६२, ३४, र ४७ को क्षेत्रफल क्रमश: २११.६४, ८४.६५, र ८४६.५६ (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। २) रुदल राउत कुर्मीको नाति, हिरा राउत कुर्मीको छोरा, पर्सा जिल्ला, सुगौली विर्ता गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २६ बस्ने शिवनाथ प्रसादको नाममा मालपोत कार्यालय पर्सा, वीरगंजको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, सुगौली दा.पु. गा.वि.स. वडा नं. ६ (हाल वीरगंज म.न.पा. वडा नं. २६) स्थित कित्ता नं. ६५१, ५६३, र ३५ को क्षेत्रफल क्रमश: ६५७.२६, २०३.१६, र ८४.६५ (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) आकाश तारजाली उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
५)	**१) ऋणी फर्म: गाल्छी पसल एण्ड कोल्ड स्टोर,** प्रोपाईटर तथा जमानतकर्ता: सुशिला बस्नेत दर्ता नं.: वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, बागमती प्रदेश, स्था. व्या. प्रा.फ.र.नं. ११७/५११२/०७८/७९, दर्ता मिति: २०७८/०५/२१, ठेगाना: जिल्ला धादिङ, गाल्छी गा.पा. वडा नं. ७
	२) ऋणी कम्पनी: होटल गाल्छी प्यालेस प्रा.लि., अध्यक्ष तथा जमानतकर्ता- प्रकाश खड्का दर्ता नं.: कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं: २०९१७७/०७५/०७६, दर्ता मिति: २०७५/११/१०, ठेगाना: जिल्ला धादिङ, गाल्छी गा.पा. वडा नं. ७
	धितोको विवरण
	१) मान बहादुर खड्काको नाति, कृष्ण बहादुर खड्काको छोरा, धादिङ जिल्ला, बैरनी गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल धादिङ जिल्ला, गाल्छी गा.पा. वडा नं. ७ बस्ने भोजबहादुर खड्काको नाममा मालपोत कार्यालय धादिङको लगतमा दर्ता कायम रहेको धादिङ जिल्ला, बैरनी गा.वि.स. वडा नं. ०८ क (हाल गाल्छी गा.पा. वडा नं. ७) स्थित कित्ता नं. २८, २८३ र २८५ को क्षेत्रफल क्रमश: ०-१३-०-३, ४-५-१-२ र ३-०-०-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) गाल्छी पसल एण्ड कोल्ड स्टोर र होटल गाल्छी प्यालेसको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
७)	**ऋणी फर्म : इभिना कन्स्ट्रक्सन,** प्रोप्राईटर तथा जमानीकर्ता - नबिन पराजुली दर्ता नं.: घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, हेटौंडा, मकवानपुरमा प्रा.फ.नं. ९१४२/५२१/२०७१/२०७२, दर्ता मिति: २०७१/१२/२०, ठेगाना: जिल्ला मकवानपुर, हेटौंडा उ.म.न.पा. वडा नं. ५
	धितोको विवरण
	१) पुष्पनिधिको नाती, ऋषिकेष पराजुलीको छोरा, मकवानपुर जिल्ला, निबुवाटार गा.वि.स./उ.म.न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ५ बस्ने शिवनाथ पराजुलीको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा गा.वि.स./उ.म.न.पा. वडा नं. ५ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. ५) स्थित कित्ता नं. १३०७४को क्षेत्रफल ०-०-१०-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) सुरेश कुमार महतोकी छोरी, शिवनाथ पराजुलीकी बुहारी, नविन पराजुलीकी पत्नी, मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ५ बस्ने लक्ष्मी कुमारी महतोको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. १० (हाल हेटौंडा उ.म.न.पा. वडा नं. १०) स्थित कित्ता नं. २७४४को क्षेत्रफल ०-०-१४-० (विगाहा) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) इभिना कन्स्ट्रकसनको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
८)	**१) ऋणी फर्म: सेती देवी किराना स्टोर,** प्रोप्राईटर तथा जमानीकर्ता: सुरेश गेलाल दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, धुलिखेल, काभ्रे प्रा.फ.र.नं. २०१५/०६९/०७०, दर्ता मिति: २०६९/१०/२४, ठेगाना: जिल्ला काभ्रे, धुलिखेल न.पा. वडा नं. ६
	२) ऋणी: सुरेश गेलाल स्थायी ठेगाना: काभ्रे जिल्ला, रविओपी गा.वि.स. वडा नं. १, हालको ठेगाना: काभ्रे जिल्ला, धुलिखेल न.पा. वडा नं. २, बाबु : श्याम बहादुर गेलाल, बाजे : भक्त बहादुर गेलाल
	धितोको विवरण
	१) नवल सिंको नाति, भक्त बहादुरको छोरा काभ्रे जिल्ला, रविओपी गा.पं. वडा नं. २ बस्ने श्याम बहादुर गेलालको नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकको लगतमा दर्ता कायम रहेको काभ्रे जिल्ला, भमरकोट गा.वि.स वडा नं. १ (हाल धुलिखेल न.पा. वडा नं. २) स्थित कित्ता नं. ७४४ को क्षेत्रफल ०-५-२-३ (रोपनी)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) सेती देवी किराना स्टोरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
९)	**ऋणी फर्म: शुभ लक्ष्मी किराना पसल,** प्रोप्राईटर तथा जमानीकर्ता: किरण साह दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहामा प्रा.फ.र.नं. ३५५२/२०७०/०७१, स्थानीय व्यापार, दर्ता मिति २०७०/१०/२४, ठेगाना: जिल्ला सिरहा, बेल्हा गा.वि.स. वडा नं. १
	धितोको विवरण
	१) जुगे साहकी छोरी, केशवरकी बुहारी, नथुनी साहु सुडीकी पत्नी, सिरहा जिल्ला, वेल्हा गा.प. वडा नं. २ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, कल्यानपुर न.पा. वडा नं. १२ बस्ने भुल्ली साहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, वेल्हा गा.वि.स. वडा नं. ६/क (हाल कल्याणपुर न.पा. वडा नं. १२) स्थित कित्ता नं. ३२५९ को क्षेत्रफल ०-०-१६ (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) शुभ लक्ष्मी किराना पसलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables)उपर हाइपोथिकेशन सुरक्षण ।
१०)	**१) ऋणी फर्म: बैरेनी पशु तथा कृषि फर्म,** प्रोप्राईटर तथा जमानीकर्ता : नविन श्रेष्ठ दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, दमौली, तनहुँमा प्रा.फ.न.घ.उ.वि. ८७३८/०७६/०७७, दर्ता मिति: २०७६/०८/०४, ठेगाना: जिल्ला तनहुँ, व्यास न.पा. वडा नं. १०
	२) ऋणी: नविन श्रेष्ठ स्थायी ठेगाना: तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ५, हालको ठेगाना: तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १०, बाबु: जङ्ग बहादुर श्रेष्ठ, बाजे: सिद्धिमान श्रेष्ठ
	धितोको विवरण
	१) राजमन श्रेष्ठको नाती, सिद्धिमान श्रेष्ठको छोरा, तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १० बस्ने जंग बहादुर श्रेष्ठको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता कायम रहेको तनहुँ जिल्ला, फराकचौर गा.वि.स वडा नं. एघ स्थित कित्ता नं. १०३७ को क्षेत्रफल १-७-२-० (रोपनी)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगालगापात समेत । २) सिद्धिमान श्रेष्ठको नाती, जंग बहादुर श्रेष्ठको छोरा, तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १० बस्ने नविन श्रेष्ठको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता कायम रहेको तनहुँ जिल्ला, फराकचौर गा.वि.स वडा नं. ८ स्थित कित्ता नं. १०५२ र १०५६ को क्षेत्रफल क्रमश: १-६-२-० र ०-७-२-० (रोपनी)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगालगापात समेत । ३) बैरेनी पशु तथा कृषि फर्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
११)	**१) ऋणी फर्म: खड्का फेन्सी,** प्रोप्राईटर तथा जमानीकर्ता : बम वहादुर खड्का दर्ता नं.: घरेलु तथा साना उद्योग विकास समिति, गण्डकी प्रदेश दमौली तनहुँमा प्रा.फ.र.नं. १३५७/०६८/०६९, दर्ता मिति : २०६८/०५/०५, ठेगाना: जिल्ला तनहुँ, बन्दिपुर गा.पा. वडा नं. १
	२) ऋणी: बम वहादुर खड्का स्थायी ठेगाना: तनहुँ जिल्ला, भानु गा.वि.स वडा नं. ५, हालको ठेगाना: तनहुँ जिल्ला, भानु न.पा. वडा नं. १, बाबु: राम वहादुर खड्का, बाजे: कमल वहादुर खड्का
	धितोको विवरण
	१) कमल वहादुरको नाती, राम वहादुर खड्काको छोरा, तनहुँ जिल्ला, भानु गा.वि.स वडा नं. ५ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, भानु न.पा. वडा नं. १ बस्ने बम वहादुर खड्काको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता कायम रहेको तनहुँ जिल्ला, दोरदोर गा.वि.स. वडा नं. ५ (हाल भानु न.पा. वडा नं. १) स्थित कित्ता नं १४४२ को क्षेत्रफल १-०-३-१ (रोपनी) को घरजग्गा र सो घर जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) खड्का फेन्सीको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
१२)	**१) ऋणी फर्म: के एण्ड एस ट्रेड कन्सर्न,** प्रोप्राईटर तथा जामानीकर्ता : निल बहादुर चौलागाइ दर्ता नं. : वाणिज्य विभाग, (फर्म तथा अभिलेख व्यवस्थापन शाखा)मा प्रा.फा.र.नं. १३८७९९/०७४/०७५, दर्ता मिति : २०७४/०८/२४, ठेगाना : जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. १६
	२) ऋणी: कोमल बहादुर चौलागाई स्थायी ठेगाना: काभ्रे जिल्ला, काभ्रे गा.वि.स. वडा नं. ६, हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १६, बाबु: निल बहादुर चौलागाइ, बाजे: कपिल मुनी चौलागाइ तथा **ऋणी: पोला बहादुर चौलागाई** स्थायी ठेगाना: काभ्रे जिल्ला, काभ्रे गा.वि.स. वडा नं. ६, हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १६, बाबु: निल बहादुर चौलागाइ, बाजे: कपिल मुनी चौलागाइ
	धितोको विवरण
	१) कपिल मुनी चौलागाइको नाती, निल बहादुर चौलागाइको छोरा, काभ्रे जिल्ला, काभ्रे गा.वि.स. वडा नं. ०६ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १६ बस्ने कोमल बहादुर चौलागाई - १ तथा कपिल मुनी चौलागाइको नाती, निल बहादुर चौलागाइको छोरा, काभ्रे जिल्ला, काभ्रे गा.वि.स. वडा नं. ०६ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १६ बस्ने चोला बहादुर चौलागाई - १, गरी दुई व्यक्तिको संयुक्त नाममा भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंको लागतमा दर्ता कायम रहेका काठमाडौं जिल्ला, का.म.न.पा.(डिल्लीबजार) वडा नं. १६ स्थित कित्ता नं. ६४६ र ६४९ को क्षेत्रफल क्रमश: २० र १२५.०७ (व.मी.)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) के एण्ड एस ट्रेड कन्सर्नको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
१३)	**१) ऋणी फर्म: मनदीप कृषि पशु फार्म,** प्रोप्राईटर तथा जामानीकर्ता : अजय कुमार चौधरी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, रौतहट, गौरमा उद्योग दर्ता नं. ९६१०/२२४/२२६/१५ (गजुरा), दर्ता मिति : २०७८/०४/२६, ठेगाना: जिल्ला रौतहट, गुजरा न.पा. वडा नं. ८
	धितोको विवरण
	१) नक्छेदी चौधरीको नाति, बतहु चौधरीको छोरा, रौतहट जिल्ला, सिम्रा भवानीपुर गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गुजरा न.पा. वडा नं. ८ बस्ने हेमन चौधरीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सिम्रा भवानीपुर गा.वि.स. वडा नं. ३ (हाल गुजरा न.पा. वडा नं. २) स्थित कित्ता नं. ४६ क्षेत्रफल ०-११-१० (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) गारभु चौधरीकी छोरी, बतहु चौधरीकी बुहारी, हेमन चौधरीकी पत्नि, रौतहट जिल्ला, सिम्रा भवानीपुर गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गुजरा न.पा. वडा नं. ८ बस्ने पहलदीया देवीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सिम्रा भवानीपुर गा.वि.स. वडा नं. ४ (हाल गुजरा न.पा. वडा नं. ९) स्थित कित्ता नं. ८६४ क्षेत्रफल ०-५-०-० (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) बतहु चौधरीको नाति, हेमन चौधरीको छोरा, रौतहट जिल्ला, सिम्रा भवानीपुर गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गुजरा न.पा. वडा नं. ८ बस्ने अजय कुमार चौधरीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सिम्रा भवानीपुर गा.वि.स. वडा नं. ४ (हाल गुजरा न.पा. वडा नं. ९) स्थित कित्ता नं. १६९४ क्षेत्रफल ०-०-७-४ (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ४) मनदीप कृषि पशु फार्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	कर्जाको किसिम: बिना धितो कर्जा **२) ऋणी: अजय कुमार चौधरी** स्थायी ठेगाना: रौतहट जिल्ला, सिम्रा भवानीपुर गा.वि.स. वडा नं. १, हालको ठेगाना: रौतहट जिल्ला, गुजरा न.पा. वडा नं. ८ बाबु: हेमन चौधरी, बाजे: बतहु चौधरी
	जमानीकर्ताहरु: १) हेमन चौधरी, स्थायी ठेगाना: रौतहट जिल्ला, सिम्रा भवानीपुर गा.वि.स. वडा नं. १, हालको ठेगाना: रौतहट जिल्ला, गुजरा न.पा. वडा नं. ८, बाबु: बतहु चौधरी, बाजे: नक्छेदी चौधरी **२) पहलदीया देवी,** स्थायी ठेगाना: रौतहट जिल्ला, सिम्रा भवानीपुर गा.वि.स. वडा नं. १, हालको ठेगाना: रौतहट जिल्ला, गुजरा न.पा. वडा नं. ८, बाबु: गारभु चौधरी, ससुरा: बतहु चौधरी, पति: हेमन चौधरी
१४)	**१) ऋणी फर्म: रोयल लुम्बिनी कटेज एण्ड फेमली रेस्टुरेन्ट,** प्रोप्राईटर तथा जमानतकर्ता : ज्ञानेन्द्र श्रेष्ठ दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देही, सिद्धार्थनगरमा प्रा.फ.नं.घ.उ.का. ७७४९/०६७/६८ मिति २०६७/१२/२७ ठेगाना: जिल्ला रुपन्देही, सिद्धार्थनगर न.पा. वडा नं. ८
	२) ऋणी: ज्ञानेन्द्र श्रेष्ठ ठेगाना: रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८, बाबु : जगत नारायण श्रेष्ठ, बाजे : अमर नारायण श्रेष्ठ
	धितोको विवरण
	१) अमर नारायण श्रेष्ठको नाती, जगत नारायण श्रेष्ठको छोरा, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८ बस्ने ज्ञानेन्द्र श्रेष्ठको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८ स्थित कित्ता नं. १५३ को क्षेत्रफल १७४.१३ (ब.मी.) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) रोयल लुम्बिनी कटेज एण्ड फेमली रेस्टुरेन्टको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
१५)	**ऋणी: राजकुमार यादव** स्थायी ठेगाना: नवलपरासी जिल्ला, रामनगर गा.वि.स. वडा नं. ४, हालको ठेगाना : नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. १३ बाबु: राधे अहिर, बाजे: चिरकुट अहिर
	धितोको विवरण
	दिर्घपाल अहिरको नाती, चिरकुट अहिरको छोरा, नवलपरासी जिल्ला, रामनगर गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. १३ बस्ने राधे अहिरको नाममा मालपोत कार्यालय, नवलपरासी (ब.सु.प.)को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, रामनगर गा.वि.स. वडा नं. ४ ख (हाल नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. १३) स्थित कित्ता नं. १५७, १५८ र १५९ को क्षेत्रफल क्रमश: २३७०.०८, ८४.६५ र ९३१.१० (व.मि) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
१६)	**ऋणी: मुरतजा जोलहा** स्थायी ठेगाना : रुपन्देही जिल्ला, धकधई गा.वि.स. वडा नं. ४, हालको ठेगाना : रुपन्देही जिल्ला, रोहिणी गा.पा. वडा नं. ३ बाबु: नुर महमद जोलहा, बाजे : भुलई जोलहा
	धितोको विवरण
	भुलई जोलहाको नाती, नुर महमद जोलहाको छोरा, रुपन्देही जिल्ला, धकधई गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, रोहिणी गा.पा. वडा नं. ३ बस्ने मुरतजा जोलहाको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, धकधई गा.वि.स. वडा नं. ४/क (हाल रोहिणी गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ७५१ को क्षेत्रफल ०-०-११-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
१७)	**१) ऋणी फर्म : निर्णय रेडीमेड जेनरल स्टोर,** प्रोप्राईटर तथा जमानीकर्ता: नरेन्द्र साह कलवार दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा, प्रा.फ.र.नं. ५१२१/६२०, दर्ता मिति २०७३/१०/१४, ठेगाना: जिल्ला रौतहट, चन्द्रपुर न.पा. वडा नं. १
	२) ऋणी फर्म: भगवती रेडिमेड पसल, प्रोप्राईटर तथा जमानीकर्ता: आरती देवी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा, प्रा.फ.र.नं. ११०३१/१७४१, दर्ता मिति २०७७/१२/१०, ठेगाना: जिल्ला रौतहट, चन्द्रपुर न.पा. वडा नं. ४
	धितोको विवरण
	१) शम्भु प्रसाद गुप्ताकी छोरी, रक्षेया साह कलवारकी बुहारी, नरेन्द्र साह कलवारकी पत्नी, रौतहट जिल्ला, रमौली बैरीया गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ४ बस्ने आरती देवीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर,

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार १ फागुन ०८१

संक्षेप

एडिबीको २० लाख डलर अनुदान स्वीकृत

काठमाडौं/ सरकारले एसियाली विकास बैंक (एडिबी)को एसिया प्यासिफिक डिजास्टर रेस्पोन्स'बाट 'आकस्मिक बाढीपहिरो उद्धार योजना, ०२४' का लागि २० लाख अमेरिकी डलर अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले सो निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले जानकारी दिएका हुन्।

त्यस्तै, मन्त्रिपरिषद्ले सुर्खेतको भेरिगंगा नगरपालिका-८ को ५३ रोपनी सरकारी जग्गा मैनतडा सबस्टेसन निर्माणका लागि राष्ट्रिय प्रसारण ग्रिड कम्पनीलाई लिजमा उपलब्ध गराउने निर्णयसमेत गरेको छ। त्यस्तै, विमान नियमावली, ०८१ पनि स्वीकृत गरेको मन्त्री गुरुङले जानकारी दिए।

ग्यास र पेट्रोलियम ट्यांकर ढुवानीकर्ताको हडताल स्थगित

काठमाडौं/ उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीसँगको छलफलपछि कमिसन वृद्धिको माग राख्दै आएका ग्यास उद्योगी र पेट्रोलियम ट्यांकर ढुवानी व्यवसायीले हडताल स्थगित गरेका छन्।

माग सम्बोधनका लागि दबाब दिन ग्यास उद्योगीले बुधबारदेखि र ट्यांकर ढुवानी व्यवसायीले बिहीबारदेखि हडताल गर्ने मनस्थिति बनाएका थिए। तर, उद्योगमन्त्री भण्डारीले दुवै पक्षसँग छलफल गरेर १५ दिनभित्र निकास निकाल्ने प्रतिबद्धता जनाएकाले हडताल स्थगित गरेका हुन्। सरकारले पेट्रोलियम तथा ग्यासमा हडताल निषेध गरे पनि व्यवसायीले आफ्ना निजी स्वार्थ पूरा गर्न पटक-पटक हडतालको धम्की दिने गरेका छन्।

सार्वजनिक यातायात चुस्त बनाउन मन्त्री दाहालको जोड

काठमाडौं/ भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले सार्वजनिक यातायातलाई चुस्त र वातावरणमैत्री बनाउन जरुरी रहेको बताएका छन्।

बुधबार एसियाली विकास वैंक र मन्त्रालयको आयोजनामा काठमाडौंमा भएको उच्च गुणस्तरको सहरी सार्वजनिक यातायातका बारेमा भएको कार्यक्रममा उनले यातायातबाट प्राप्त हुने उपलब्धिलाई आर्थिक विकाससँग जोड्न जरुरी रहेको पनि बताए।

नेपालको सार्वजनिक यातायातका क्षेत्रमा निजी क्षेत्रको उल्लेखनीय योगदान र भूमिका रहेको भन्दै उनले सार्वजनिक-निजी साझेदारी (पिपिपी)मार्फत अझ स्तरीय र पहुँचयोग्य बनाउन सकिनेसमेत बताए। यातायात क्षेत्रका साथै पूर्वाधार विकासमा समेत निजी क्षेत्रको सहभागिता स्वागतयोग्य रहने उनको भनाइ छ।

यातायात क्षेत्रका सम्बन्धमा संघीय सरकारले नीतिगत व्यवस्था र समन्वयको कार्य गर्ने एवं व्यवस्थापनका लागि प्रदेश तथा स्थानीय सरकारको भूमिका महत्त्वपूर्ण रहने मन्त्री दाहालले उल्लेख गरे।

अर्थमन्त्री पौडेलले बजेटबाट हटाए भरतपुर–बुटवल–पोखरा त्रिभुज परियोजना

दुई अर्ब विनियोजन गरेर सार्वजनिक-निजी साझेदारी मोडलमा अघि बढाउने गरी अघिल्लो सरकारले ल्याएको लुम्बिनीसहितको विकासका लागि महत्त्वपूर्ण परियोजना अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बजेटको मध्यावधि समीक्षामार्फत हटाए

पवन तिमिल्सिना/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८१/८२ को बजेटमा समावेश गरिएको भरतपुर-बुटवल-पोखरा त्रिभुज परियोजना अर्थमन्त्री विष्णुप्रसाद पौडेलले कटौती गरेका छन्।

अघिल्लो सरकारले अध्ययनविना ल्याएको दुई अर्बको परियोजना मध्यावधि समीक्षामार्फत स्थगित गरिएको हो। सो परियोजनाका लागि भैपरीतर्फ पाँच करोड र चालूतर्फ एक अर्ब ९५ करोड रुपैयाँ विनियोजित बजेट पनि झिकेर अन्यत्र सारिएको छ।

तत्कालीन अर्थमन्त्री वर्षमान पुनले बजेट घोषणा गर्दा सो परियोजनालाई पहिलो प्राथमिकतामा राखेर बजेट छुट्याएका थिए। बजेटलगत्तै निजी क्षेत्र र सरोकारवालाले पनि सो परियोजनाको प्रशंसा गरेका थिए। तर, अर्थमन्त्री पौडेलले बजेटको अर्धवार्षिक समीक्षामार्फत एक खर्ब ६७ अर्ब ५७ करोड रुपैयाँ खर्च नहुने गरी संशोधित अनुमान पेस गर्दा त्रिभुज परियोजना हटाएका हुन्।

सञ्चालन विधि तय नभएका, दिगोपन सुनिश्चित नभएका र समयसीमाभित्र कार्यविधि स्वीकृत नभएका कार्यक्रम र आयोजनाको कार्यान्वयन स्थगित गर्ने मापदण्डका आधारमा त्रिभुज परियोजना कटौती गरिएको अर्थ मन्त्रालयको प्रस्टीकरण छ।

'बजेट सार्वजनिक भएको सात महिना बितिसक्दा पनि सो परियोजनाका लागि अवधारणापत्र तयार भएको छैन' अर्थका एक अधिकारीले भने, 'त्यसैले कुल विनियोजित बजेटको आकार घटाउने क्रममा सो परियोजना नै कटौती गर्नुपरेको हो।' पुनले बजेट घोषणा गरे पनि कार्यान्वयन गर्ने वेला ३१ असारबाट पौडेलले अर्थ मन्त्रालय सम्हालिरहेका छन्। उनले राजनीतिक प्रतिशोध साध्नकै लागि त्रिभुज परियोजनाको अध्ययन नगराई अहिले बजेट नै कटौती गरेको पूर्वअर्थमन्त्री पुनको आरोप छ।

तत्कालीन समयमा एमाले-माओवादीको गठबन्धन सरकार भएकाले पौडेलसँग सल्लाह गरेरै सो कार्यक्रम ल्याइएको पुनको दाबीसमेत छ। संसद्को अर्थ समितिका सभापति सन्तोष चालिसेले एउटा बजेट निर्माण र कार्यान्वयनमा तीनजनासम्म अर्थमन्त्री संलग्न हुँदा समस्या आएको बताए। उनले अध्ययनविनै लोकप्रियताका लागि कार्यक्रम समावेश गर्ने प्रवृत्तिको अन्त्य हुनुपर्ने पनि बताए।



२४ माघमा बजेटको मध्यावधि समीक्षा सदनमा पेस गर्दै अर्थमन्त्री विष्णुप्रसाद पौडेल

वर्तमान अर्थमन्त्रीसँग सल्लाह गरेरै त्रिभुज परियोजना ल्याइएको हो, बहाना बनाएर रोक्नुहुँदैन

वर्षमान पुन, पूर्वअर्थमन्त्री

गण्डकी आर्थिक विकाससम्बन्धी त्रिभुज परियोजना रूपान्तरणकारी आयोजना हो। निजी क्षेत्रसँगको साझेदारीमा सरकारले कार्यान्वयन गर्ने यसको मूल उद्देश्य हो। एकीकृत विकासको अवधारणाअनुसार सो परियोजना ल्याइएको हो। अहिलेका अर्थमन्त्रीसँग सल्लाह गरेरै सो राखिएको हो। चालू आर्थिक वर्षको सात महिना बितिसक्दा कुनै तयारी नगर्ने र अहिले आएर विभिन्न बहानाबाजी गर्न खोजिएको होला। तर, कुनै बहाना नबनाई यो परियोजनालाई अघि बढाउनुपर्छ।

कार्यान्वयन गर्न नसक्ने हावादारी परियोजना आउनुहुँदैन

सन्तोष चालिसे, सभापति, अर्थ समिति

नीति तथा कार्यक्रम पेस गर्दा प्रकाशशरण महत अर्थमन्त्री हुनुहुन्थ्यो। बजेट पेस गर्दा वर्षमान पुन अर्थमन्त्री हुनुभयो र अहिले कार्यान्वयन गर्ने वेलामा विष्णुप्रसाद पौडेल अर्थमन्त्री हुनुहुन्छ। एउटा बजेट बनाउन र कार्यान्वयन गर्न तीनजनाको संलग्नता हुँदा तालमेल नमिलेर बजेट कटौती गर्नुपरेको हो। कहिले पनि लक्ष्य हासिल हुने बजेट आउन सकेन। यतिवेला अर्थ समिति आगामी बजेटको पूर्वतयारीमा छ। अब विगतमा जस्तो हावादारी परियोजना आउँनुहुँदैन भनेर छलफल चलाइरहेका छौं। बजेट भाषणमा जथाभावी बोल्दिने, रातो किताबमा पार्ने प्रवृत्तिको अन्त्य गर्नुपर्छ।

यस्तो छ परियोजनाको अवधारणा

सार्वजनिक निजी साझेदारीको नमुना परियोजनाका रूपमा विकास गरी कार्यान्वयन गर्न दुई अर्ब विनियोजन गरिएको बजेट वक्तव्यमा घोषणा गरिएको थियो। परियोजनाअन्तर्गत नारायणगढ-बुटवल खण्डलाई हेभी उद्योगको केन्द्र, मुग्लिन-पोखरा खण्डलाई कृषि तथा खाद्य प्रशोधन उद्योग केन्द्र र पोखरा-बुटवल खण्डलाई विद्युतीय उपकरण, जुत्ता, लत्ताकपडा, कार्पेट तथा घरायसी प्रयोगका वस्तु तथा सेवासम्बद्ध उद्योगको केन्द्रका रूपमा विकास गरिने उल्लेख छ। यस्तै, परियोजना कार्यान्वयनका लागि भरतपुर कोणमा पर्यटन सेवा, जलयात्रा र विशिष्टीकृत स्वास्थ्य सेवा, पोखरा कोणमा साहसिक मनोविनोद पर्यापर्यटन सेवा तथा अनुसन्धानमूलक उच्च शिक्षा र बुटवल-भैरहवा कोणमा धार्मिक पर्यटन, डाटा सेन्टर तथा सूचना प्रविधिसम्बन्धी संस्था विकासका लागि निजी क्षेत्रको सहकार्यमा आवश्यक पूर्वाधार निर्माण गरिने योजना थियो।

■ संघले स्थगित गरेपछि परियोजना अघि बढाउने दबाब सिर्जना गर्दै प्रदेश सरकार

संघले बजेट वक्तव्यमार्फत दुई अर्ब बजेट राखेको त्रिभुज परियोजनालाई अघि बढाउन लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य र गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले साझा प्रतिबद्धता जनाएका छन्। बुधबार पाल्पाको रानीमहलमा बसेको लुम्बिनी र गण्डकी प्रदेश सरकारबिचको संयुक्त बैठकमा दुवै प्रदेशका मुख्यमन्त्रीले भरतपुर-बुटवल-पोखरा क्षेत्रलाई समेटी गण्डकी आर्थिक त्रिभुज परियोजना कार्यान्वयन गर्न पहल गर्ने प्रतिबद्धता जनाएका छन्।

■ १३ अर्बका कार्यक्रम रोक्का

अर्थ मन्त्रालयले १३ अर्ब ५५ करोड ५९ लाख रुपैयाँबराबरका कार्यक्रमको आंशिक बजेट रोक्का राखेको छ। चालू र पुँजीगततर्फका यस्ता कार्यक्रममा हालसम्म बजेट खर्च भई बजेटको रकममा २५ प्रतिशत बजेट रोक्का राख्ने अर्थले निर्णय गरेको हो। २७ माघमा उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले चालूतर्फको कर्मचारी तालिम खर्च र कार्यक्रम खर्चमा बजेट रोक्का राख्ने निर्णय गरेको मन्त्रालयले जनाएको छ।

चालू आर्थिक वर्ष ०८१/८२ मा चालूतर्फको कर्मचारी तालिम खर्चमा एक अर्ब ३५ करोड ४७ लाख रुपैयाँ बजेट विनियोजित छ। कार्यक्रम खर्च भनेर १० अर्ब ९५ करोड ३० लाख रुपैयाँ विनियोजित छ। त्यस्तै, पुँजीगततर्फ मेसिनरी तथा औजारमा एक अर्ब पाँच करोड ५९ लाख रुपैयाँ विनियोजित छ भने फर्निचर तथा फिक्सचर्सतर्फ १४ करोड ४७ लाख र पुँजीगत परामर्शमा चार करोड ७६ लाख रुपैयाँ छुट्याइएको छ। विगत आर्थिक वर्षमा सिर्जित दायित्वसमेत चालू आर्थिक वर्षमा फरफारक गर्नुपर्ने कारण सञ्चित कोषमा थप दबाब सिर्जना भएको मन्त्रालयले जानकारी दिएको छ।

फागुनमा बैंक ब्याजदर स्थिर

अहिले केन्द्रीय बैंकले ब्याजदर करिडोरको तल्लो सीमा रहेको ३ प्रतिशतमा बैंकहरूको निक्षेप संकलन गरिरहेको छ। त्यसैले साधारण निक्षेपको औसत ब्याजदर नै ३ प्रतिशत कायम छ। तल्लो सीमाको ब्याजदरमा केन्द्रीय बैंकले निक्षेप उठाइरहँदा बैंकहरूलाई ब्याजदर यो सीमाभन्दा तल जाने अवस्था छैन।

मुद्दती निक्षेपतर्फको ब्याजदर

एनआइसी एसिया बैंक	६.६%	एभरेष्ट बैंक	६%
एनएमबि बैंक	६.६%	ग्लोबल आइएमई बैंक	६%
इन्भेष्टमेन्ट मेगा बैंक	६.५%	राष्ट्रिय वाणिज्य बैंक	६%
प्राइम बैंक	६.२५%	कुमारी बैंक	५.९१%
स्ट्यान्डर्ड चार्टर्ड बैंक	६.२५%	नबिल बैंक	५.७५%
हिमालयन बैंक	६.२५%	सिटिजन्स बैंक	५.६५%
प्रभु बैंक	६.१%	नेपाल बैंक	५.६%
सानिमा बैंक	६.०५%	कृषि विकास बैंक	५.५१%
माछापुच्छ्रे बैंक	६%	लक्ष्मी सन्राइज बैंक	५.५%
सिद्धार्थ बैंक	६%	एसबिआई बैंक	५.५%

काठमाडौं/ वाणिज्य बैंकहरूले फागुनका लागि निक्षेपको ब्याजदर स्थिर राखेका छन्। २० वटा वाणिज्य बैंकहरूको व्यक्तिगततर्फको मुद्दती निक्षेपको औसत ब्याजदर ६.००१ प्रतिशत छ। माघमा पनि यही ब्याजदर कायम थियो।

पछिल्लो समय रेमिट्यान्समा भइरहेको वृद्धिले बैंकहरूमा निक्षेप संकलन चुलिँदै गइरहेको छ। नेपाल राष्ट्र बैंकका अनुसार गत शनिबार (२६ माघ)सम्म वाणिज्य बैंकहरूको निक्षेप संकलन ५९ खर्ब ९४ अर्ब रुपैयाँ छ। कर्जा प्रवाह ४८ खर्ब २१ अर्ब रुपैयाँ छ।

ऊर्जामन्त्री खड्काले विद्युत् प्राधिकरणमा नियुक्त गरेका दुवै सञ्चालक बाहिरिए

२ पुसमा नियुक्त भएका लक्ष्मण केसी अदालतबाट पदमुक्त, डा. बलराम पराजुलीले पनि बुधबार दिए राजीनामा

डा. बलबहादुर पराजुली

लक्ष्मण केसी

मिलन विश्वकर्मा/नयाँ पत्रिका

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले २ पुसमा विद्युत् प्राधिकरणको सञ्चालक समिति सदस्यमा नियुक्ति गरेका डा. बलबहादुर पराजुलीले बुधबार राजीनामा दिएका छन्। उनीसँगै सञ्चालक नियुक्त भएका लक्ष्मण केसी योग्यता विवादका कारण अदालतको अन्तरिम आदेशबाट २६ पुसदेखि पदमुक्त छन्।

प्राधिकरणका सञ्चालकद्वय कपिल आचार्य र भक्तबहादुर पुनको चारवर्षे कार्यकाल सकिएपछि प्राधिकरणको अध्यक्षसमेत रहेका ऊर्जामन्त्रीले पराजुली र केसीलाई सञ्चालक नियुक्त गरेका थिए। केसीलाई ऊर्जा क्षेत्रको प्रतिनिधि भन्दै सञ्चालक समितिमा नियुक्ति गरिएको थियो। तर, उनी ऊर्जा क्षेत्रको नभएको भन्दै १८ पुसमा उच्च अदालत, पाटनमा रिट परेको थियो।

सो रिटउपर २६ पुसमा उच्चका न्यायाधीशद्वय श्यामकुमार भट्टराई र डिल्लीरत्न श्रेष्ठको इजलासले सुनुवाइ गर्दै केसीलाई सञ्चालक समिति नियुक्ति गर्ने निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी भएको थियो। त्यसयता केसी पदमुक्त भएका छन् भने मुद्दाको अन्तिम किनारा लाग्न पनि बाँकी छ।

डा. पराजुलीलाई भने विद्युत् उपभोक्तामध्येबाट सञ्चालक समिति सदस्य नियुक्ति गरिएको थियो। स्रोतका अनुसार उनको नियुक्तिविरुद्ध पनि उच्च अदालत, पाटनमा मुद्दा विचाराधीन छ। डा. पराजुली सो मुद्दाको तारिख धाइरहेको स्रोतको भनाइ छ। मुद्दा खेपिरहेको विषय बाहिरिएको र कसैले रिट दायर गरे अदालतबाट फालिने जोखिम बढेको भन्दै उनले पदबाट राजीनामा दिएका हुन्। 'उहाँ (पराजुली)ले तारेख धाइरहेको विषय बाहिरिएको छ। त्यसैले यस्तो वेला पदमा बस्नु उचित हुन्न भनेर राजीनामा दिनुभएको बुझिएको छ,' स्रोतले भन्यो।

नेपाल विद्युत् प्राधिकरण ऐनमा दुईजना सञ्चालक समिति सदस्य सरकारले नियुक्ति गर्ने व्यवस्था छ। सोही व्यवस्थाअनुसार पराजुली र केसीलाई ऊर्जामन्त्री खड्काले नियुक्ति गरेका थिए। तर, केसीको मुद्दामा अन्तरिम आदेश दिएको अदालतले सरकार भनेर मन्त्रिपरिषद्लाई बुझ्नुपर्ने व्याख्या गरेको छ। जसकारण, प्राधिकरणको सञ्चालक पनि मन्त्रिपरिषद्बाट नै नियुक्त गर्नुपर्ने देखिएको छ। अदालतको यो व्याख्याका कारण पनि ऊर्जा मन्त्रालयबाटै नियुक्त भएका सञ्चालकहरू अन्योलमा थिए। डा. पराजुलीले भने मन्त्रिपरिषद्बाट नियुक्ति नभएको र अदालतमा पहिलै मुद्दा रहेको दुईवटा कारणले राजीनामा दिन बाध्य भएको स्रोतको भनाइ छ।

संखुवासभा मकालु गाउँपालिका-३ का डा. पराजुलीको जलस्रोत क्षेत्रमा भने विज्ञता छ। उनले हाइड्रोपावरमै विद्यावारिधि हासिल छन्। उनले जलविद्युत् उत्पादन क्षेत्रमा परामर्शदाताका रूपमा लामो समयदेखि काम गर्दै आएका छन्। उनले नेपालकै पहिलो टनेल तथा रिभर डाइभर्सन परियोजना भेरी बबई डाइभर्सनको मुख्य परामर्शदाताका रूपमा समेत काम गरेका थिए। डा. पराजुलीसँग एसियाली विकास बैंकमा समेत परामर्शदाताका रूपमा काम गरेको अनुभव छ।

राष्ट्र बैंकलाई क्रिप्टो प्रतिबन्ध लगाउने अधिकार

राष्ट्र बैंक ऐन, २०५८ लाई संशोधन गर्नुपर्ने रायसहितको प्रस्ताव २४ साउनमा केन्द्रीय बैंकले अर्थमा पठाएको थियो, त्यसयता विभिन्न चरणमा छलफल गरेर अन्तिम रूप दिइएको मस्यौदामा क्रिप्टोकरेन्सीलाई नियमन गर्नुपर्ने प्रस्ताव प्राथमिकतामा

नयाँ पत्रिका

राष्ट्र बैंकलाई जाली नोट, खोटो सिक्का, नक्कली चेक वा भुक्तानी कार्डजस्तै जाली डिजिटल करेन्सी (क्रिप्टोकरेन्सी)को प्रचलनमा प्रतिबन्ध लगाउन सक्ने अधिकार प्रत्योजन गर्ने गरी नेपाल राष्ट्र बैंक ऐन, ०५८ लाई संशोधनको अन्तिम चरणमा पुऱ्याइएको छ।

गत २४ साउनमा राष्ट्र बैंकको सञ्चालक समितिले संशोधनको मस्यौदा तयार गरी अर्थ मन्त्रालयमा पठाएको थियो। सोही मस्यौदालाई अर्थले अन्तिम रूप दिइरहेको हो। प्रस्तावित मस्यौदामा मुद्राका परिभाषामा 'डिजिटल मुद्रा' पनि थपिएको छ। यो मुद्रालाई केन्द्रीय बैंकले नै नगदका रूपमा जारी गरी चलनचल्तीमा ल्याउन सक्ने वा प्रतिबन्ध पनि लगाउन सक्ने उल्लेख छ।

मस्यौदामा भनिएको छ, 'केन्द्रीय बैंकले जाली नोट, जाली डिजिटल करेन्सी वा खोटो सिक्का वा नक्कली चेक वा भुक्तानी कार्डको निष्कासन रोक्ने सम्बन्धमा आवश्यक कदम चाल्न सक्नेछ। यस्तो कदम चाल्दा बैंकले आवश्यक आदेश, निर्देशन वा सूचना जारी गर्न सक्नेछ।'

मस्यौदामा केन्द्रीय बैंकलाई डिजिटल बैंकको लाइसेन्स जारी गर्न कानुनी बाटो खुलाउने प्रस्ताव पनि गरिएको छ। वित्तीय संस्थाको परिभाषाअन्तर्गत केन्द्रीय बैंकबाट इजाजत लिने डिजिटल बैंकलाई पनि मस्यौदामा समेटिएको हो।

मूल्य स्थिरता नै मूल उद्देश्य

मस्यौदामा केन्द्रीय बैंकको मूल उद्देश्य मूल्य स्थिरता नै हुनुपर्ने प्रस्ताव छ। यो उद्देश्यको प्रतिकूल नहुने गरी मात्रै बैंकिङ तथा वित्तीय क्षेत्र र बाह्य क्षेत्र स्थायित्व कायम गर्नुपर्ने उल्लेख छ। त्यस्तै, मूल्य स्थिरतामा असर नपार्ने गरी सरकारको आर्थिक नीति कार्यान्वयनमा सहयोग गर्ने भनिएको छ।

हाल केन्द्रीय बैंकको उद्देश्यमा आर्थिक स्थायित्व र अर्थतन्त्रको दिगो विकासका निमित्त मूल्य र शोधनान्तर स्थिरता कायम गर्न लागि आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति-निर्माण गरी सोको व्यवस्थापन गर्ने उल्लेख छ। यो उद्देश्यमा प्रतिकुल नहुने गरी सरकारको आर्थिक नीतिमा सहयोगी भूमिका निर्वाह गर्न सकिने उल्लेख छ। त्यस्तै, वित्तीय सेवाको पहुँच अभिवृद्धि र बैंकिङ तथा वित्तीय क्षेत्रको स्थायित्व कायम गरी बैंकिङ तथा वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्ने व्यवस्था छ। सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्ने पनि उल्लेख छ।

मुख्य संशोधनहरू

■ फिनटेक क्षेत्रका व्यक्ति पनि सञ्चालक राख्न पाइने

सूचना प्रविधिको माध्यमबाट वित्तीय सेवा पुऱ्याउने फिनटेक क्षेत्रका व्यक्ति पनि राष्ट्र बैंकको सञ्चालक समितिमा सदस्य बस्न पाउने प्रस्ताव मस्यौदामा छ। त्यस्तै, बैंक तथा वित्तीय संस्थाको अधिकतम सेयर स्वामित्व १ प्रतिशतभन्दा बढी नभएको व्यक्ति पनि सदस्य हुने व्यवस्था राखिएको छ।

■ एक महिनाअगावै गभर्नर वा डेपुटी गभर्नर नियुक्त गरिसक्नुपर्ने

बहालवाला गभर्नर वा डेपुटी गभर्नरको पद रिक्त हुनु कम्तीमा एक महिनाअगावै पदपूर्ति भइसक्नुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ। हाल रिक्त हुनुभन्दा एक महिनाअघि आवेदन खुलाउनुपर्ने व्यवस्था छ। त्यस्तै गभर्नर, डेपुटी वा सञ्चालक हुन कम्तीमा १० वर्षको अनुभव चाहिने व्यवस्था प्रस्ताव गरिएको छ।

■ गभर्नरको छानबिन उच्च अदालतको पूर्वन्यायाधीशबाट

गर्भनरमाथि कुनै आरोप लागेको अवस्थामा छानबिन गर्नुपर्ने भए उच्च अदालतको पूर्वन्यायाधीशको अध्यक्षतामा जाँचबुझ समिति बनाउनुपर्ने प्रस्ताव छ। त्यस्तै, समितिमा पूर्वगभर्नरलाई समेत सदस्यका रूपमा राख्नुपर्ने प्रस्ताव छ। जाँचबुझ समितिले ४५ दिनभित्र सिफारिस पेस गर्नुपर्ने उल्लेख छ। हाल यस्तो समयसीमा ३० दिनको छ।

■ आर्थिक वर्षको पहिलो सात दिनमा मौद्रिक नीति ल्याइसक्नुपर्ने

आर्थिक वर्ष सुरु भएको सात दिनभित्र मौद्रिक नीति ल्याइसक्नुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ। त्यस्तै, राष्ट्र बैंकको चुक्ता पुँजी पाँच अर्बको हुने व्यवस्था गरिएको छ। हालसम्म यस्तो पुँजी एक अर्ब हुने व्यवस्था छ।

■ असल कर्जाको सुरक्षणमा पुनर्कर्जा दिन पाउने व्यवस्था

केन्द्रीय बैंकले बैंक तथा वित्तीय संस्थालाई एक वर्षका लागि पुनर्कर्जा दिन सक्ने व्यवस्था राखिएको छ। त्यस्तै, प्रस्तावित मस्यौदामा बैंक तथा वित्तीय संस्थाले असल कर्जाको सुरक्षणमा पनि पुनर्कर्जा पाउने उल्लेख छ।

■ संकटकालमा औसत राजस्वको ३० प्रतिशतसम्म सरकारले कर्जा लिन पाउने

संकटकालमा सरकारले केन्द्रीय बैंकबाट अघिल्लो तीन आर्थिक वर्षको औसत राजस्वको ३० प्रतिशतसम्मको कर्जा लिन पाउनेछ। यो एक वर्षको हुनेछ।

रारामा लक्जरी रिसोर्ट निर्माण सुरु

डेढ अर्ब लगानीमा 'रारा रिसोर्ट' सञ्चालन गरिने, रारा होल्डिङ्स र अस्ट्रेलियन एक्सपर्ट ग्रुपको साझेदारी

● **अभिषेकविक्रम शाह**
अध्यक्ष, रारा होल्डिङ्स प्रालि

रिसोर्ट दुई वर्षभित्र सञ्चालनमा ल्याउने लक्ष्य छ। पर्यटकलाई तालको किनारबाट रिसोर्टसम्म लैजान दुई किलोमिटर लामो 'मोनोरेल' निर्माणसमेत गरिनेछ।

● **सञ्जीव शर्मा**
सिइओ, एक्सपर्ट ग्रुप

कर्णाली प्रदेशमा आर्थिक गतिविधि विस्तार गर्ने र समग्र देशको पर्यटन प्रवर्द्धनको उद्देश्यसहित रिसोर्ट निर्माण सुरु गरेका हौँ। रारामा स्तरीय होटेलको अभाव पूरा हुनेछ।

रिसोर्ट निर्माणमा स्थानीयस्तरमा उपलब्ध स्रोत तथा साधनको अधिकतम प्रयोग गरिने

नवीन अर्याल/नयाँ पत्रिका

मुगुको सुन्दर पर्यटकीय थलो रारामा कर्णाली प्रदेशकै लक्जरी 'रारा रिसोर्ट' निर्माण थालनी भएको छ। बुधबार काठमाडौंमा एक समारोहबिच वन तथा वातारणमन्त्री ऐनबहादुर शाही ठकुरीले रारामा निर्माण हुने रिसोर्ट शिलान्यास गरेका हुन्।

मुर्माटपमा निर्माण हुने रिसोर्ट दुई वर्षभित्र सञ्चालनमा ल्याउने लक्ष्य रहेको रारा होल्डिङ्स प्रालिका अध्यक्ष अभिषेकविक्रम शाहले बताए। यो रिसोर्टमा रारा होल्डिङ्स र अस्ट्रेलियाको एक्सपर्ट ग्रुपले संयुक्त रूपमा डेढ अर्ब रुपैयाँ लगानी गर्नेछन्। १६ र १७ वैशाखमा काठमाडौंमा आयोजित लगानी सम्मेलनमा रारामा लक्जरी रिसोर्ट सञ्चालन गर्न दुई पक्षबिच सम्झौता भएको थियो।

मन्त्री शाहीले यो रिसोर्ट निर्माणले राराको मात्र नभई समग्र देशकै पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने बताए। उनले निजी क्षेत्रको लगानी सुरक्षाका लागि सरकार प्रतिबद्ध रहेको बताए। उनले भने, 'रारामा पर्यटकको सहज पहुँचका लागि सडक पक्की बनाउने, ताल्चा, जुम्ला र बाजुरा एयरपोर्टलाई स्तरोन्नति गर्नेजस्ता योजना बनाएका छौँ।'

एक्सपर्ट ग्रुपका सिइओ सञ्जीव शर्माले कर्णाली प्रदेशमा आर्थिक गतिविधि विस्तार गर्ने र समग्र देशको पर्यटन प्रवर्द्धनको उद्देश्यसहित रिसोर्ट निर्माण थालनी गरेको बताए। एनएसडब्लू अस्ट्रेलियाका लागि नेपाली कन्सुलरसमेत रहेका उनले भने, 'अहिले वार्षिक ५० हजार पर्यटक रारा क्षेत्रमा पुग्छन्, हाम्रो उद्देश्य चार लाख पुऱ्याउने हो।' रारा पुग्ने पर्यटक बस्नका लागि स्तरीय होटेलहरू छैनन्। यो रिसोर्ट सञ्चालनमा आएपछि त्यो अभाव परिपूर्ति हुने उनको भनाइ छ। यस्तै, रारामा गुणस्तरीय पर्यटक भित्र्याउन पनि रिसोर्टले योगदान पुऱ्याउने उनले बताए। नेपालका लागि अस्ट्रेलियन राजदूत लिआन जोनस्टोनले रारा रिसोर्टमा गर्न लागिएको वैदेशिक (अस्ट्रेलियन) लगानी देशको समग्र पर्यटन विकासका लागि कोसेढुंगा बन्ने विश्वास व्यक्त गरिन्। यसले स्थानीय रोजगारी सिर्जनामा पनि टेवा पुऱ्याउने उनले बताइन्।

मुर्माटपमा ८० रोपनी क्षेत्रफलमा बन्ने रिसोर्टमा एक अर्ब ५० करोड लगानी हुने रारा होल्डिङ्सका अध्यक्ष शाहले बताए। पर्यटकलाई तालको किनारबाट रिसोर्टसम्म लैजान दुई किलोमिटर दूरीमा 'मोनोरेल' निर्माण गरिने भएको छ। रिसोर्टमा पहिलो चरणमा १२ वटा भिल्ला तयार गरिनेछ, जहाँ एक स्विट, चार डिलक्स र ३५ स्ट्यान्डर्ड गरी ४० कोठा हुनेछन्। पछि २० कोठा थपेर ६० पुऱ्याउने योजना छ। रिसोर्टमा सयजना अटाउने रेस्टुरेन्ट हुनेछ। यस्तै, मिटिङ हल, साउन, स्टिम, जिमलगायत सुविधा पनि उपलब्ध हुनेछन्।

रिसोर्टका विशेषता

- ३७ सय मिटर उचाइमा निर्माण हुने 'रारा रिसोर्ट'मा डेढ अर्ब लगानी हुने
- ८० रोपनी क्षेत्रफलमा बन्ने रिसोर्टमा कुल ६० कोठा हुने, पहिलो चरणमा १२ भिल्लामा ४० कोठा तयार हुने
- तालबाट रिसोर्टसम्म पर्यटक बोक्न दुई किमि मोनोरेल निर्माण गरिने
- अस्ट्रेलियन एक्सपर्ट ग्रुप र रारा होल्डिङ्स प्रालिको संयुक्त लगानी रहने
- दुई वर्षभित्र रिसोर्ट निर्माण गरी सञ्चालनमा ल्याइने
- बाह्य संरचना र आन्तरिक डिजाइनमा मुगुको स्थानीय संस्कृति झल्काइने
- रारा क्षेत्रकै पहिलो पाँचतारेस्तरको रिसोर्ट हुने, लक्जरी रिसोर्टको अभाव पूर्ति गर्ने

रिसोर्टको बाह्य संरचना र आन्तरिक डिजाइनमा मुगुको स्थानीय संस्कृति झल्किनेछ। स्थानीयस्तरमा उपलब्ध स्रोत तथा साधनको अधिकतम प्रयोग गरिनेछ। माटोले लिपेका भित्ता र काठको संयोजनले पर्यटकलाई मुगुको मौलिक पहिचान अनुभव गराउनेछ। 'न्यूनतम मूल्यमा उत्कृष्ट आतिथ्य सत्कार दिने योजना छ' शाहले भने, 'यो रारा क्षेत्रकै पहिलो पाँचतारेस्तरको रिसोर्ट हुनेछ, जसले रारा पुग्ने पर्यटकलाई स्तरीय सेवा दिनेछ।'

३७ सय मिटर उचाइमा रहने रिसोर्टबाट रारा तालसहित अद्वितीय प्रकृतिको मज्जा लिन सकिनेछ। भौगोलिक उचाइजस्तै रिसोर्टको सेवासत्कार पनि उच्चस्तरकै हुने शाहले बताए। अहिले रारा पुग्ने पर्यटकको एउटै गुनासो हुने गरेको छ, रारा जति राम्रो छ, त्यति राम्रो खाने-बस्ने सुविधा नहुँदा सास्ती खेप्नुपऱ्यो। यो रिसोर्ट सञ्चालनमा आएपछि रारा क्षेत्रमा लक्जरी रिसोर्टका अभावसमेत पूरा गर्नेछ।

INVITATION FOR SEALED QUOTATION

Everest Bank Limited invites sealed quotation from the eligible firms/companies for printing of Wall & Table Calendar for 2082 BS.

The specification of calendar shall be as under:

Particulars	Table Calendar	Table Calendar Stand	Wall Calendar
Finishing Size	L=21cm B=18cm	L=25cm B=18cm	L=48.5 cm b=35.5 cm
Paper Quality	Leaf paper : 250 gsm art board (21 cm x 18cm)		150 gsm art paper
	Stand Paper : 28 Ounce Coot-board Wraper Paper : 150 gsm front and back inside Color : Corporate color with matte lamination		
Page (Both side)	13 Sheets		8 Sheets
Binding	Wire 'O' with stand		Metal Strip
Quantity	20,000		20,000
Text Color	Four		Four

Terms and Conditions:
- Firm/Company shall be registered in Nepal.
- Firm/Company shall submit
  - Notarized copy of PAN/VAT Certificate.
  - Notarized copy of latest tax clearance certificate.
  - Notarized Firm/Company Registration Certificate (renewed)
  - Audited Balance Sheet of Last 3 Years
- Should have experience of at least 5 years of printing and supplying the Calendar to Commercial Banks.
- Shall deliver within 15 days from the date of the order placed.
- The bidder requires depositing Rs. 500/- (Non-Refundable) on A/c Name: Adjustment Account - Accounts, A/c No.: 0000723052403 to submit the bid document.

Eligible bidders may obtain further information at the office of Marketing & Institutional Deposit Department within office hours (10:00 AM till 5:00PM), Everest Bank Limited, Head Office, Lazimpat, Kathmandu. The Bid documents shall consist a written application & sealed quotation which must reach the address mentioned below on or before 10th day of this notice published. The received bid shall be opened on 13th Falgun 2081 at Everest Bank Ltd, Lazimpat, Kathmandu. If the last date of purchasing, submission and opening of bid falls on a public holiday it shall be extended to the next working day.

Bank reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning any reason whatsoever.

एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
(A joint-Venture with punjab national bank, India)

एभरेष्ट बैंक लिमिटेड
प्रधान कार्यालय, लाजिम्पाट, काठमाडौं
पो.ब.नं. १३३८४, फोन नं. ०१-४५४३३७७
फ्याक्स नं. ०१-४५४१६०, SWIT : EVBLNPKA

दिगो, दरिलो र विश्वासिलो

नबिल बैंक लिमिटेड, कुमारीपाटी शाखा, ललितपुरको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८१/११/०१)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

१ **ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७९/१०/२४ मा दर्ता नं. ३०६७४१/०७९/०८० अन्तर्गत दर्ता भएको **ओम कुबेर कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.।**
ठेगाना : बारा जिल्ला निजगढ न.पा. वडा नं. ०३, बारा।

ऋणी कम्पनीका संचालक तथा व्यक्तिगत जमानतकर्ताको विवरण

१. कृष्ण बहादुर स्याङतानको नाति प्रताप सिं स्याङतानको छोरा बारा जिल्ला भरतगंज सिंगौल गा.वि.स. वडा नं. ०४ बस्ने, ना.प्र.नं. ९१७७ (जारी मितिः २०५९/१०/०८, स्थान बारा) भएका **प्रेम बहादुर स्याङतान।**
२. रेवती रामण पौडेलको नाति हरि प्रसाद पौडेलको छोरा काभ्रे जिल्ला अनैकोट गा.वि.स. वडा नं. ०१ बस्ने, ना.प्र.नं. १५०५२४ (जारी मितिः २०६३/०२/२८, स्थान काभ्रेपलाञ्चोक) भएका **सुरेश पौडेल।**
३. हरिलाल पौडेलको नाति रेवती रामण पौडेलको छोरा काभ्रे जिल्ला अनैकोट गा.वि.स. वडा नं. ०१ बस्ने, ना.प्र.नं. ३५८९ (जारी मितिः २०४१/०८/२२, स्थान काभ्रे) भएका **हरि प्रसाद पौडेल।**
४. उत्तम हरि न्यौपानेकी छोरी रेवती रामण पौडेलकी बुहारी हरि प्रसाद पौडेलकी श्रीमती काभ्रे जिल्ला अनैकोट गा.वि.स. वडा नं. ०१ बस्ने, ना.प्र.नं. १९०/२२९० (जारी मितिः २०४३/१०/०७, स्थान काभ्रे) भएकी **सावीत्रादेवी पौडेल।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरणः
काभ्रे जिल्ला अनैकोट गा.वि.स. वडा नं. ०१ बस्ने, **हरि प्रसाद पौडेल**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काभ्रे जिल्ला अनैकोट गा.वि.स. वडा नं. ०८ मा अवस्थित कि.नं. ५३७, ५२५ र ८७५ क्षेत्रफल क्रमश ०-१५-३-०, २-०-१-० र ३-९-३-२ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२ **ऋणीको नाम र ठेगानाको विवरण**

इन्द्रलाल सापकोटाकी छोरी अमरलाल बि.क.की बुहारी महेन्द्र कुमार बि.क.की श्रीमती काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १३ बस्ने, ना.प्र.नं. २० (जारी मितिः २०४६/०३/०७, स्थान काठमाडौं) भएकी **ठुलो बाबा सापकोटा।**

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

श्रीमान बि.क.को नाति अमरलाल बि.क.को छोरा रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०२ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा वडा नं. १३ बस्ने, ना.प्र.नं. ८२०७४ (जारी मितिः २०३८/०८/१४, स्थान रुपन्देही) भएका **महेन्द्र कुमार बि.क.।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण
काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १३ बस्ने **ठुलो बाबा सापकोटा**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १४ नक्सा सिट नं. १०२/११४३०४ मा अवस्थित कि.नं. १०२ क्षेत्रफल १६६.०० व.मि.को घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

३ **ऋणीको नाम र ठेगानाको विवरण**

लाल बहादुर लामाकी छोरी बुद्धिमान बोम्जनकी बुहारी जितल लामा (बोम्जन)की श्रीमती ललितपुर जिल्ला आश्राङ गा.वि.स. वडा नं. ०७ स्थायी घर भई हाल ललितपुर जिल्ला सुनाकोठी गा.वि.स. वडा नं. ०१ बस्ने, ना.प्र.नं. १५४५१ (जारी मितिः २०५९/१२/०५, स्थान ललितपुर) भएकी **विन्दु बोम्जन (लामा)।**

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

१. सेते बोम्जनको नाति बुद्धिमान बोम्जनको छोरा ललितपुर जिल्ला आश्राङ गा.वि.स. वडा नं. ०७ स्थायी घर भई हाल ललितपुर जिल्ला सुनाकोठी गा.वि.स. वडा नं. ०१ बस्ने, ना.प्र.नं. ८६३५५ (जारी मितिः २०५४/०१/०८, स्थान ललितपुर) भएका **जितल लामा (बोम्जन)।**
२. जिङ्गल दोर्जे बोम्जनको नाति सेते बोम्जनको छोरा ललितपुर जिल्ला आश्राङ गा.वि.स. वडा नं. ०७ स्थायी घर भई हाल ललितपुर जिल्ला सुनाकोठी गा.वि.स. वडा नं. ०१ बस्ने, ना.प्र.नं. २७२१४ (जारी मितिः २०४३/१०/२६, स्थान ललितपुर) भएका **बुद्धिमान बोम्जन।**
३. हर्क बहादुर भुलुङकी छोरी सेते बोम्जनकी बुहारी बुद्धिमान बोम्जनकी श्रीमती ललितपुर जिल्ला आश्राङ गा.वि.स. वडा नं. ०७ स्थायी घर भई हाल ललितपुर जिल्ला सुनाकोठी गा.वि.स. वडा नं. ०१ बस्ने, ना.प्र.नं. ३३२६७ (जारी मितिः २०४५/०३/०७, स्थान ललितपुर) भएकी **आन्तरी माया बोम्जन।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरणः
ललितपुर जिल्ला आश्राङ गा.वि.स. वडा नं. ०७ स्थायी घर भई हाल ललितपुर जिल्ला सुनाकोठी गा.वि.स. वडा नं. ०१ बस्ने, **आन्तरी माया बोम्जन**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ललितपुर जिल्ला सुनाकोठी गा.वि.स. वडा नं. ०१ नक्सा सिट नं. १ख मा अवस्थित कि.नं. ८४९ क्षेत्रफल ०-५-०-० रोपनीको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

शाखारहित बैंकिङ्ग सेवा केन्द्रहरू बन्द गरिएको बारे सार्वजनिक सूचना

यस बैंकले तपसिलमा उल्लेखित स्थानमा बैंकको शाखा रहित बैंकिङ्ग सेवा केन्द्रहरु खोली व्यवसायिक प्रतिनिधीहरु मार्फत ग्राहक महानुभावहरुलाई बैंकिङ्ग सेवा प्रदान गरिरहेकोमा विविध कारणले गर्दा सो केन्द्रहरु बन्द गर्नको लागि नेपाल राष्ट्र बैंक समक्ष अनुरोध गरिएकोमा, नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभागको प.सं. भु.प्र.वि./नीति/०४/८५/२०८१/८२ मिति २०८१/१०/०६ को पत्र मार्फत, तपसिलमा उल्लेखित शाखारहित बैंकिङ्ग सेवा केन्द्रहरु बन्द गर्ने स्वीकृति प्राप्त भएकोले यस बैंकका निम्न उल्लेखित शाखारहित बैंकिङ्ग सेवा केन्द्रहरु बन्द गरिएको व्यहोरा यसै सूचना मार्फत जानकारी गराउन चाहन्छौं। अतः यस अघि यस नियुक्त गरिएका तपसिलका सेवा केन्द्रहरु र व्यवसायिक प्रतिनिधिहरुसँग अब उप्रान्त यस बैंकसँग सम्बन्धित कुनै पनि कारोबार नगर्नु नगराउनु हुन अनुरोध गर्दछौं।

तपसिल

क्र.सं.	शाखारहित बैंकिङ्ग सेवा केन्द्रहरु	शाखारहित बैंकिङ्ग सेवा केन्द्रको ठेगाना	व्यवसायिक प्रतिनिधिहरु
१	सुनवल	सुनवल -६, नवलपरासी	जयश्वर भट्टराई
२	भोजपुर	षडानन्द -४, भोजपुर	लक्ष्मी लघुवित्त दिङ्गला बजार
३	भोजपुर	अरुण -३, भोजपुर	श्री कालिका किराना स्टोर एण्ड सावित्री होटल एण्ड लज
४	गाईघाट	कटारी -३, उदयपुर	बर्रे पन्चावती मनी ट्रान्सफर
५	गाईघाट	बेलका -९, उदयपुर	रामपुर ठोकशिला मनि ट्रान्सफर
६	तुलसीपुर	शान्तीनगर -४, चिराघाट , दाङ्ग	जनता एग्रेभेट सेन्टर
७	जनकपुर	औरही -७, पौडेश्वर, धनुषा	जनक नन्दनी ट्रेडर्स
८	सिमरा	पर्सागढी -१, मनाबा बजार, पर्सा	जलेश्वर राउत
९	फिदीम	याङ्गबोरक -४, थर्पु, पाँचथर	न्यू पाथीभर मनी ट्रान्सफर
१०	गाईघाट	रामपुर -७, लालबजार, उदयपुर	राना सप्लायर्स
११	बिर्तामोड	अर्जुनधारा -९, झापा	सुमन राई
१२	मिर्चैया	कल्याणपुर -७, भेडिया, सिरहा	दिपेन्द्र साह

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

धितो लिलाम बिक्रि सम्बन्धि १५ दिने अत्यन्त जरुरी सूचना

(मिति : २०८१।११।०१)

यस संस्थाबाट कर्जा लिन हुने तपशिलका तपाई ऋणीले ऋण लिदा गर्नु भएको शर्तनामा अनुसार संस्थालाई बुझाउनु पर्ने किस्ता, साँवा, ब्याज हर्जना बुझाउन संस्थाले पटक पटक मौखिक, लिखित एवं राष्ट्रिय दैनिक नयाँ पत्रिकामा पटक पटक सार्वजनिक सूचना प्रकाशित गर्दा पनि कर्जा रकम साँवा, ब्याज, हर्जना तथा अन्य दैदस्तुर नतिरि नबुझाई संस्था संग गर्नु भएको सर्तनामा उलंघन गर्नु भएकाले पुनः यो १५ दिने सूचना प्रकाशित गरिएको छ। सो समय सिमा भित्र संस्थामा सम्पर्क राखी सो मिति सम्मको साँवा, ब्याज, हर्जना तथा अन्य दैदस्तुर र रकम चुक्ता गरि आफ्नो धितो फुकुवा गरि लिनु होला। अन्यथा १६ औं दिनका दिन सुरक्षण बापतको धितो लिलाम गरिने भएकाले तपशिलको सर्त बन्देजको परिधी भित्र रही धितो सकार गरि लिन इच्छुक खरिदकर्ताहरुलाई सहभागी हुन सूचित गर्दछु साथै धितो लिलाम विक्रिबाट संस्थाको लेना रकम असुल उपर नभएमा सहकारी तथा वित्तिय संस्थाको प्रचलित नियम अनुसार ऋणी तथा जमानी कर्ताहरुको अन्य चल अचल, जाय जेथा श्री सम्पत्ती बाट समेत असुल उपर गरिने बेहोरा ऋणी तथा जमानी कर्ता सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपशिल

ऋणीको ३ पुस्ते विवरण	धितोको विवरण	जमानी	ऋणीको फोटो
१. **नामः-रबिन कुमार लामा** २. बाबुः-कर्ण बहादुर लामा ३. बाजेः-पेम्बा लामा ४. ठेगानाः-काठमाडौं-६, बौद्ध	साविक नाल्दुम बालुवापाटी-६, हाल मण्डनपुर नगरपालिका-१, जिल्लाः- काभ्रेपलान्चोक वडा कि.नं. क्षेत्रफल ६ १७४७ ६-०-०-० (रोपनी) ३०५२.४४ व.मि. ६ २४५४ ४-०-२-२ (रोपनी) ३०५४.८४ व.मि. (उल्लेखित क्षे.फ.ले चर्चेको लिगलाग समेत)	नामः-सिमोना जिरेल नामः श्रीलाल तामाङ नामः-रोशन तामाङ	

धितो लिलामका सर्त बन्देजहरुः

१. धितो लिलामको बोलपत्र फर्म संस्थाको कार्यालय चावहिलबाट निःशुल्क उपलब्ध हुनेछ।
२. बोल पत्रमा आफुले लिन चाहेको धितो के कति रकममा खरिद गरि लिन चाहेको हो सो रकम अंक र अक्षर दुवैमा स्पष्ट लेखिएको हुनु पर्दछ र सो रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी वापत संस्थाको माछापुच्छे बैंक चावहिल शाखा को खाता नं. ०४७००२७२१४०००००१२ मा जम्मा गरेको सकल भौचर नै बोलपत्रको साथ समावेस गरी पेश गर्नु पर्नेछ साथै धरोटीमा जम्मा रकमको ब्याँज दिईने छैन।
३. लिलाम बिक्रि हुने धितोको आवश्यक कागजातहरु हेर्न र थप जानकारी लिन चाहनु हुने महानुभावहरुले संस्थाको कार्यालय चावहिलमा सम्पर्क राख्नु सक्नु हुनेछ।
४. लिलाम बिक्रिमा रहेको धितो सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थालाई सकार गरि लिनु पर्ने छ।
५. सबै भन्दा बढी कवोल गर्नेको बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार संस्थामा सुरक्षित रहने छ।
६. लिलाममा राखेको धितो सम्पत्ति नामसारी वा दा.खा. रजिष्ट्रेसन गर्दा लाग्ने सम्पुर्ण दस्तुर र सकार गरी लिने व्यक्ति स्वयंले वेहोर्नु पर्ने छ।
७. ०८१ फाल्गुन १८ गते आइतबार १० बजे देखि ४ बजे सम्म बोलपत्र दाखिला गरिसक्नु पर्नेछ। ०८१ फाल्गन १९ गते सोमबार बोलपत्र खोलिने छ।
८. रित नपुगेको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

शुभ विहानी बचत तथा ऋण सहकारी संस्था लि.
चावहिल-७, काठमाडौं
फोन : ०१-४५६३१२४

ओमोडा एन्ड जेइकोले मनायो आठ सय सवारीसाधन बिक्रीको उत्सव

काठमाडौं/ नेपाली सडकमा ओमोडाका आठ सयभन्दा बढी सवारीसाधन सञ्चालनमा आएका छन्। यही अवसरमा ओमोडा एन्ड जेइको अटोमोबाइल्स प्राइभेट लिमिटेडले उत्सव मनाएको छ। आठ सय सवारीसाधन सञ्चालनमा आउनु उल्लेखनीय उपलब्धि भएको बताउँदै कम्पनीले काठमाडौंको उत्तरढोका सोरुममा उत्सव कार्यक्रम आयोजना गरेको हो।

कार्यक्रममा क्रिकेटर एवं ओमोडा एन्ड जेइकोका ब्रान्ड एम्बेसडर दीपेन्द्रसिंह ऐरी उपस्थित थिए। साथै, एसपिजी टिमीबाट गौरव शारडा (निर्देशक), धीरेन तामाङ (ग्रुप अध्यक्ष), ज्ञानेन्द्रबहादुर चन्द (महाप्रबन्धक, सेल्स एन्ड मार्केटिङ), र राजेन्द्र तिमिल्सेना (महाप्रबन्धक, फाइनान्स) पनि उक्त कार्यक्रममा उपस्थित भएका थिए।

आठ सयभन्दा बढी ओमोडा जेइकोको बिक्री समारोहको विशेष आकर्षण भने ओमोडा एन्ड जेइकोका ब्रान्ड एम्बेस्डर दीपेन्द्रसिंह ऐरीसँग उत्सव मनाउनु रहेको बताइएको छ। यसै अवसरमा अतिथिलाई ब्रान्ड एम्बेस्डरसँग संवाद गर्ने, ओमोडा एन्ड जेइकोका मोडेल अवलोकन गर्ने र नेपालको सन्दर्भमा ब्रान्डको यात्रा तथा भविष्यबारे जानकारी प्राप्त गर्ने मौका प्रदान गरिएको पनि कम्पनीले जनाएको छ।

नेपाल एग्रिटेक, फुड एन्ड बेभरेज इन्टरनेसनल एक्स्पो भोलिदेखि

काठमाडौं/ सातौं नेपाल एग्रिटेक तथा नेपाल फुड एन्ड बेभरेज इन्टरनेसनल एक्स्पो शुक्रबारदेखि आयोजना हुँदै छ। २ देखि ४ फागुनसम्म भृकुटीमण्डपमा आयोजना हुन लागेको एक्स्पो मिडिया स्पेस सोलुसन्स प्रालि, फ्युचरेक्स ट्रेड फेयर्स एन्ड इभेन्ट्स प्रालि तथा एक्जिबिसन एन्ड ट्रेड सर्भिसेस इन्डिया प्रालिले संयुक्त रूपमा गर्न लागेका हुन्।

एक्स्पोमा नेपालभित्रका कृषि उद्यमी, व्यवसायीका साथै विदेशी व्यवसायी तथा कम्पनीका प्रदर्शनी स्टल रहनेछन्। प्रदर्शनीमा कृषिकर्मलाई सहज र किफायती बनाउन मद्दत पुऱ्याउने ससाना औजार, मेसिनदेखि लिएर डेरी मेसिनरी तथा पशुपक्षीपालन उद्योगमा प्रयोग हुने उपकरणको प्रदर्शनी गरिनेछ।

आइएमईको स्टोरी एम्बासडरमा साइग्रेस

काठमाडौं/ स्टोरी टेलिङमा आफ्नो छुट्टै पहिचान बनाएका साइग्रेस पोखरेल अर्थात् सन्तोष पोखरेल आइएमई लिमिटेडको स्टोरी एम्बासडर नियुक्त भएका छन्। विश्व श्रम बजारमा छरिएर रहेका नेपालीका भोगाइ र अनुभूतिलाई साइग्रेसले कथामार्फत उनीहरूका घर-आँगन र परिवारसम्मै पुयाउन मद्दत गर्नेछन्।

नेपाली माटोमा सिकेको सीप र क्षमतालाई विश्व बजारमा पुऱ्याउन अग्रणी भूमिका निर्वाह गर्ने नेपाली युवाको कथा साइग्रेसको आवाजमा सुन्न पाइने कम्पनीले जनाएको छ। कामको बाध्यता होइन, कामको हुटहुटीले पनि विदेशमा नेपालीले पसिना बगाएका छन् भन्ने कुराको प्रमाणसमेत साइग्रेसको आवाजमा मिसिएको कथाले व्यक्त गर्ने कम्पनीको बुझाइ छ। सामाजिक सञ्जालमा लाखौंले पछ्याएका साइग्रेसले अब विश्वको हरेक कुनामा रहेका नेपालीका भोगाइ र अनुभवलाई लिपिबद्ध गर्नेछन्।

साइग्रेसले आफ्नो आवाज दिएका आइएमईका सामग्रीलाई आइएमईका सामाजिक प्लाटफर्म युट्युब, फेसबुक तथा इन्स्टाग्रामलगायतका सञ्जालमा पोस्ट गरिने पनि कम्पनीले जनाएको छ।

नक्सा पास सम्बन्धमा जारी भएको १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८१/११/१)

महालक्ष्मी नगरपालिका वडा नं. ९ साविक लामाटार-७ क को कित्ता नं. १६३७, १६२८, १६३५ क्षेत्रफल १३१.१६ व.मी. जग्गामा भवन निर्माण गर्न नक्सा पासको लागि २०८१ पौष ७ गतेमा महालक्ष्मी नगरपालिका वडा नं. ९ को कार्यालयबाट १५ दिने सूचना जारी गरेकोमा घर/जग

उपप्रधानमन्त्री...

पृष्ठ १ बाट क्रमशः

अध्यक्ष केपी ओली आएपछि सिआइबीको नेतृत्वमा पनि ज्ञवालीलाई हटाएर दीपक थापालाई ल्याइयो। नेतृत्व फेरिएसँगै बाल संगठनको जग्गा लिज ठगीमा सिआइबीको अनुसन्धान एकाएक रोकियो। सरकारको दबाबमा परेको सिआइबीले अन्ततः घटनामा संलग्नविरुद्ध मुद्दा चलाउन आवश्यक नरहेको भन्दै सरकारी वकिलको कार्यालयमा अनुसन्धान प्रतिवेदन बुझायो। यही प्रतिवेदनका आधारमा जिल्ला सरकारी वकिलको कार्यालय, काठमाडौंले पनि मुद्दा नचलाउने निर्णय गरेको छ।

'नेपाल बाल संगठनको जग्गा लिजमा दिने क्रममा भएको भ्रष्टचारसँग सम्बन्धित मुद्दा नचलाउने निर्णय भएको छ। निर्णयपत्र हामी कहाँबाट उच्च सरकारी वकिलको कार्यालय गइसकेको छ। महान्यायाधिवक्ता कार्यालयमा पनि जाने क्रममा होला,' जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंका सहन्यायाधिवक्ता रामहरि काफ्लेले भने।

अनाथ बालबालिकाको हितमा स्थापना भएको बाल संगठनमा ३३ वर्षसम्म एकछत्र अध्यक्ष भएर संगठन चलाउने क्रममा वैद्यले संगठनको नक्सालस्थित २८ रोपनी पाँच आना जग्गा अनियमित तवरले लिजमा लगाएकी थिइन्। करोडौंमा भाडा लाग्ने संगठनको उक्त जग्गा ०४९ देखि प्रयोग गर्दै आएको निजी स्कुल वृहस्पति विद्या सदनलाई वैद्यले विनाप्रतिस्पर्धा न्यून दररेटमा वि.स.२१३१ सम्मका लागि लिजमा लगाएकी थिइन्। तत्कालीन अध्यक्ष वैद्यले ६ पटकसम्म विनाप्रतिस्पर्धा म्याद थपेकी थिइन्। मासिक करोडौं भाडा उठाउन सक्ने जग्गाबाट आठ लाख मात्रै प्राप्त गर्दै आएको संगठनले भने तीन सय अनाथ बालबालिका पाल्न संकट झेल्दै आएको छ।

नेपाल बाल संगठनको बोर्ड बैठकले नै किटानी जाहेरी दिएपछि सिआइबीले अदालतबाट संगठनकी तत्कालीन अध्यक्ष वैद्यसहित उपाध्यक्ष तुलसीनारायण श्रेष्ठ, पूर्वमहासचिवहरू गणेशभक्त श्रेष्ठ, कृष्णशंकर शाह, सुवासकुमार पोखरेल, श्यामकुमार आले, प्रचण्डराज प्रधान, रामकाजी कोने, पूर्वकोषाध्यक्षहरू दीपकदास श्रेष्ठ, मनोहरगोपाल श्रेष्ठ, पूर्वउपमहासचिव सुमन शाक्यविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो। त्यस्तै, बाल संगठनको जग्गामा सञ्चालित विद्यालय वृहस्पति सदनका सञ्चालक प्रवीणराज जोशी, मुरारीनिधि तिवारी, पुरुषोत्तमराज जोशी, श्रद्धा संघई, अभिनव सिंघानिया, सिद्धार्थ केडिया, कीर्तिप्रसाद पाण्डे तथा संगठनका पूर्वनिर्देशक राजेश्वर निरौलाविरुद्ध पक्राउ पुर्जी जारी भएको थियो।

बाल संगठनका कोषाध्यक्ष देउमान विष्टले जग्गा लिजमा भएको ठगीलाई देवानी मुद्दामा रूपान्तरण गरी मुद्दा नचलाउने सूचना आफूले पनि पाएको बताए। 'जग्गा लिजमा दिने क्रममा बदमासी भएको छ। गत वैशाखमा बसेको बोर्ड बैठकले घटनामा संलग्न २० विरुद्ध अनुसन्धान गर्न सिआइबीलाई सिफारिस गर्ने निर्णय गऱ्यो। सोहीअनुसार पक्राउ पुर्जी जारी भयो। केहीलाई पक्राउ पनि गरियो। तर, पछि त्यसलाई देवानी संहिता आकर्षित हुने मुद्दा भनियो। त्यसैलाई आधार बनाएर मुद्दा नचलाउने निर्णय भएको सूचना मैले पनि पाएको छु,' उनले भने।

वैद्य नेतृत्वमा रहँदा संगठनको स्वामित्वमा रहेको जग्गा लिजमा दिँदा व्यापक अनियमितता गरेको उच्चस्तरीय छानबिनमा पनि खुलेको छ। जग्गा लिज लेनदेनमा अनियमितता भएको आशंकापछि ०७७ मा सरकारले उच्च अदालतका पूर्वन्यायाधीश हरिबहादुर भट्टराईको संयोजकत्वमा उच्चस्तरीय छानबिन आयोग गठन गरेको थियो। आयोगले संगठनभित्र भएका भ्रष्टाचारको मिहिन ढंगले अनुसन्धान गरेको थियो। आयोगले जग्गा कौडीको भाउमा भाडामा दिने कार्यमा संगठनका अध्यक्ष रिता सिंह, महासचिव गणेशभक्त श्रेष्ठ, पूर्वमहासचिवहरू कृष्णशंकर शाह, सुवासकुमार पोखरेल, पूर्वउपाध्यक्ष तुल्सीनारायण श्रेष्ठ, पूर्वकोषाध्यक्ष दीपकदास श्रेष्ठ र पूर्वकेन्द्रीय सदस्य सुमन शाक्यको भूमिका रहेको निष्कर्ष निकालेको थियो। त्यस्तै, संगठनका पूर्वनिर्देशक राजेश्वर निरौला, बालकृष्ण डंगोल, रमेश भोमी, पूर्वशाखा प्रमुख टिकमणि न्यौपाने र प्रमिला श्रेष्ठ पनि दोषी रहेको निष्कर्ष आयोगको थियो।

यस्तो निष्कर्षसहितको प्रतिवेदन आयोगले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई बुझाएको थियो। मन्त्रालयले घटनामा तत्काल अनुसन्धान अघि बढाउन भन्दै प्रतिवेदन सिआइबीमा पेस गरेको थियो। त्यस्तै, अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पनि प्रतिवेदन पेस गरेको थियो। अख्तियारले यस अवधिमा प्रतिवेदनमाथि कुनै कारबाही अघि नबढाएपछि सिआइबीले अनुसन्धान थालेको थियो। सिआइबीले उपलब्ध सबै कागजात संगठनबाट लिएको थियो।

संगठनको स्वामित्वमा रहेको जग्गा हिनामिना भएको पाइएपछि लिज सम्झौता भंग गर्न संगठनको साधारणसभाले ९ र १० फागुन ०७९ मै निर्णय गरेको थियो। तर, उक्त निर्णय कार्यान्वयनमा आउन सकेको थिएन। सोही निर्णयको सम्बन्धमा गत १४ वैशाखमा संगठनको कार्यसमिति बैठक बसेको थियो। उक्त बैठकले लिज सम्झौता नयाँ ढंगले नवीकरण गर्ने, नवीकरण गर्न अटेर गरे भंग गर्ने, जबर्जस्ती गरे कानुनी कारबाही गर्ने र घटनाको अनुसन्धान गर्न सिआइबीलाई अनुरोध गर्ने निर्णय गरेको थियो। सोही निर्णयपछि संगठनले सिआइबीमा जाहेरी दिएको थियो।

नेपाल बाल संगठनअन्तर्गत देशका विभिन्न ठाउँमा ११ बालगृह सञ्चालनमा छन्। ती बालगृहमा चार सय बालबालिका आश्रित रहेकामा ६० जना मात्र दुई दिनका देखि एक वर्ष उमेरका रहेको संगठनका कोषाध्यक्ष विष्टले बताए। तर, उनीहरूलाई नियमित खुवाउनुपर्ने 'ल्याक्टोजिन' किन्नका लागि पनि रकम नभएको उनको गुनासो छ।

'तत्कालीन सरकारले अनाथ बालबालिकाको भरणपोषणका लागि मुलुकका विभिन्न ठाउँमा जग्गा दान दिएको थियो। हेर्दा संगठनसँग अथाह सम्पत्ति देखिन्छ। तर, विडम्बना कस्तो भने हामीसँग शिशुलाई खुवाउने ल्याक्टोजिन खरिद गर्ने रकमसमेत छैन,' विष्टले भने, 'सरकार जोसुकैको होस्, बालबालिकाका निम्ति दिइएको जग्गा बालबालिकाले नै उपभोग गर्न पाउनुपर्छ भन्ने संगठनको स्पष्ट धारणा छ। तर, त्यसो भइरहेको छैन।'

उच्चस्तरीय छानबिन आयोगले सरकारलाई पाँच वर्षअघि नै बुझाएको थियो लिजमा भएको बदमासीको फेहरिस्त

बाल संगठनमा देखिएको बेथितिमाथि छानबिन गर्न सरकारले ०७७ मा उच्च अदालतका पूर्वन्यायाधीश हरिबहादुर भट्टराईको संयोजकत्वमा नेपाल बाल संगठन तथा बालबालिका छानबिन उच्चस्तरीय आयोग गठन गरेको थियो। संगठनले वृहस्पति विद्या सदन, तरुण निर्माण सेवा, कनक ट्रेडर्स, फेयर इन्टरनेसनल र मनोजकुमार मिश्रलाई अनधिकृत रूपमा करोडौँ मूल्यबराबरको सम्पत्ति कौडीको भाउमा लिजमा दिएको आयोगले प्रतिवेदनमा स्पष्ट पारेको थियो।

५४ वर्षका लागि झन्डै २९ रोपनी लिजमा, सम्झौता भएको आठ वर्षसम्म बढेको भाडा संगठनले लिन नपाउने

वृहस्पति विद्या सदनसँग संगठनको केन्द्रीय कार्यालयस्थित २९ रोपनी जग्गा आगामी ५४ वर्षसम्म अर्थात् वि.सं. २१३१ सम्मका लागि भाडामा दिने सम्झौता भएको छ। यसबापत वार्षिक एक करोड रुपैयाँ भाडा दिने सम्झौता छ । भाडा प्रत्येक दुई वर्षमा पाँच प्रतिशतका दरले बढ्ने भनिएको छ। तर, सम्झौता भएको आठ वर्षसम्म भने बढेको भाडा संगठनले लिन पाउँदैन। जग्गा बैंक अफ काठमाण्डूमा धितो राखेर वृहस्पतिले ३० करोड रुपैयाँ ऋण लिएको छ। जग्गाको धितो मूल्यांकन मात्रै ३८ करोड १८ लाख रुपैयाँ छ। जग्गा धितोमा राखेर ऋण दिएबापत बैंकले मात्रै प्रतिवर्ष एक करोड ३३ लाख रुपैयाँ ब्याज आम्दानी गर्छ। सम्झौता अवधिभर वृहस्पतिले जग्गामा ५२ करोड रुपैयाँ मूल्यबराबरको सम्पत्ति जोड्न सक्ने भनिएको छ। जग्गा र जग्गामा बनेको भवनलाई वृहस्पतिले राई स्कुललाई सब लिजमा दिएको छ।

बाल संगठनको जग्गामा व्यापारीको कनक पेट्रोल पम्प, कनक र संगठनबिच भाडाबापत भएको लेनदेन अपारदर्शी

टेकुस्थित करिब एक रोपनी ११ आना जग्गा कनक ट्रेडर्स सेन्टरलाई आगामी २५ वर्षका लागि अर्थात् वि.सं. २१०२ सम्मका लागि लिजमा दिइएको छ। यसबापत कनकले वार्षिक चार लाख ८७ हजार रुपैयाँ भाडा बुझाउने भनिएको छ। कनक ट्रेडर्सका मालिक पेट्रोलियम डिलर्स एसोसिएसनका पूर्वअध्यक्ष शिवप्रसाद घिमिरे हुन्। घिमिरेले उक्त स्थानमा पेट्रोल पम्प चलाइरहेका छन्। कनकको तर्फबाट सम्झौता भने उनकी छोरी सिर्जना घिमिरेले गरेकी छिन्।

जग्गा भाडामा दिएबापत हुने आम्दानीको पनि हिसाब पारदर्शी छैन। संगठनको जग्गा कनकले ०६६ बाट भाडामा प्रयोग गरेको देखिन्छ। संगठनले आयोगलाई बुझाएको तथ्यांकअनुसार ०६६ यता कनकबाट मात्रै एक करोड १२ लाख रुपैयाँ आम्दानी भएको देखिन्छ। तर, कनकले यस अवधिमा संगठनलाई मात्रै ४३ लाख ६ हजार रुपैयाँ भाडा बुझाएको कनकले आयोगमा पेस गरेको पत्रबाट देखिन्छ।

कनक र संगठनबिच भाडाबापत भएको लेनदेन पारदर्शी नभएको पुष्टि हुन्छ। यो जग्गा पनि संगठनलाई सरकारबाटै प्राप्त भएको हो । यसलाई भाडामा लगाउन संगठनले कसैको स्वीकृति लिएको देखिँदैन। भाडामा दिन बोलपत्र आह्वान पनि कहिल्यै गरेको देखिँदैन।

संगठनका तत्कालीन महासचिवबाटै संगठनको जग्गा आफ्नै कम्पनीलाई भाडामा

टेकुस्थित महानगरीय प्रहरी परिसर काठमाडौं कार्यालयको उत्तरतर्फ मुख्य सडकमा जोडिएको संगठनकै नाममा अर्को एक रोपनी ११ आना जग्गा छ। जग्गामा १८ वटा सटर छन् । सटर नरेन्द्रलाल प्रधान अध्यक्ष रहेको व्यापारिक संस्था फेयर इन्टरनेसनलको हो। फेयरको मुख्य सेयरहोल्डर संगठनका तत्कालीन महासचिव गणेशभक्त श्रेष्ठ आफैँ हुन्। उनले अहिले उक्त सेयर श्रीमतीलाई बेचेका छन्। जग्गा भाडामा लगाउँदा पनि कुनै टेन्डर आह्वान भएन। मिलिभगतमै जग्गा आफ्नै कम्पनीलाई भाडामा लगाइयो। यसबापत संगठनले हाल वार्षिक १८ लाख ६ हजार रुपैयाँ उठाइरहेको छ। आयोगको प्रतिवेदनअनुसार यो भाडा अत्यन्तै न्यून हो। सम्झौताअनुसार यो जग्गा फेयरले ०८६ सम्म उपभोग गर्न सक्ने भनिएको छ।

नक्सालकै १३ रोपनी जग्गा व्यापारिक भवनका लागि लिजमा

संगठनकी तत्कालीन अध्यक्ष रिता सिंह वैद्य र तत्कालीन महासचिव कृष्णशंकर साहबिच लेनदेनमा विवाद भयो। रिताकै रिफारिसमा वृहस्पति विद्या सदनलाई सस्तो दरमा जग्गा भाडामा दिइएको थियो। महासचिव साहले यसैलाई निहुँ बनाएर अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा मुद्दा हाले। अख्तियारले घटना अनुसन्धान गर्दै थियो। महासचिव साहले एकतर्फी रूपमा वृहस्पतिसँगको सम्झौता भंग गरे। त्यसको ठाउँमा उनले तरुण दलका तत्कालीन नेता मनोजकुमार मिश्रलाई तरुण निर्माण सेवा नामको फर्म दर्ता गर्न लगाए। सोही फर्मलाई विनाप्रतिस्पर्धा वृहस्पतिलाई भाडामा दिएकोमध्ये १३ रोपनी १२ आना जग्गामा व्यापारिक भवन निर्माण गर्न दिने सम्झौता भयो। १३ माघ ०६६ मा गरिएको सम्झौता ३५ वर्षसम्मका लागि गरिएको थियो। सम्झौताअनुसार उनले बैंकबाट सुविधा प्रयोग गर्न सक्थे। भाडा प्रतिमहिना चार लाख ४० हजार बुझाउने सम्झौता भयो। मासिक अग्रिम भुक्तानी भन्दै मिश्रसँग ८० लाख रुपैयाँ पनि लिइएको थियो। तर, उक्त जग्गामा मिश्रले व्यापारिक भवन भने अहिलेसम्म बनाउन सकेका छैनन्।

पदाधिकारी र कर्मचारीले लिएको रकम फिर्ता गरेनन्

आयोगको प्रतिवेदनअनुसार संगठनका पदाधिकारी र कर्मचारीले संगठनबाट लिएको रकम अझै फिर्ता गरेका छैनन्। जसमध्ये सबैभन्दा धेरै रकम तत्कालीन अध्यक्ष वैद्यबाटै असुल गर्नुपर्नेछ। उनले संगठनको ७५ लाख रुपैयाँ फिर्ता गरेकी छैनन्। उक्त रकम व्यापारिक डिल गर्दा ठेकेदारसँग लिइएको हो।

त्यस्तै, बाल संगठन ललितपुरका तत्कालीन अध्यक्ष ओमकृष्ण कर्माचार्यले २७ हजार, सोही कार्यसमितिका तत्कालीन सल्लाहकार रामकृष्ण चित्रकारले १५ हजार, काठमाडौं जिल्ला कार्यसमितिका सचिव राजेन्द्रकुमार श्रेष्ठले १५ हजार, सोही कार्यसमितिका अध्यक्ष भगवान शाक्यले ३० हजार रुपैयाँ बुझाउन बाँकी छ।

त्यस्तै, काठमाडौं जिल्ला कार्यसमितिका कोषाध्यक्ष प्रयागराज श्रेष्ठसँग १० हजार, भोजपुरका अध्यक्ष बुरी राईसँग १५ हजार, केन्द्रका तत्कालीन उपकोषाध्यक्ष दीपकदास श्रेष्ठसँग ५० हजार र योजना छात्रवृत्ति शाखाका तत्कालीन प्रमुख आशा श्रेष्ठसँग १२ हजार रुपैयाँ संगठनले असुल्न बाँकी रहेको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनअनुसार यो रकम पेस्कीबापत लिइएको हो।

संगठनको गाडी व्यक्तिको नाममा पास

काठमाडौं जिल्ला कार्यसमितिले औचित्य पुष्टिविना नै गाडी खरिद गऱ्यो। यसका लागि नयाँ पाटी बचत तथा ऋण सहकारी संस्थाबाट ऋण लियो। गाडी खरिद गऱ्यो। तर, पास भने समितिका सचिव राजेन्द्रकुमार श्रेष्ठको नाममा गरियो। पछि ऋण तिर्न भन्दै समितिको कोषबाट ६ लाख ८० हजार रुपैयाँ झिकियो। अनि सहकारीमा तिरियो। तर, यो रकम कोषमा अझै दाखिला भएको छैन। गाडी भने अझै पनि सचिव श्रेष्ठकै नाममा छ।

सत्तारूढ...

पृष्ठ १ बाट क्रमशः

संकटमा परेको छ। ५९ सदस्यीय राष्ट्रिय सभामा बहुमतका लागि ३० मत चाहिन्छ। अध्यादेशको पक्षमा कांग्रेसका १६, एमालेका ११ गरी २७ सदस्य मात्रै छन्। विपक्षमा माओवादीका १८, एकीकृत समाजवादीका ८, जसपा नेपालका ३, जनमोर्चा र लोसपाका १-१ सांसद छन्। पार्टी एकता राष्ट्रिय अभियान सञ्चालन गरिरहेका वामदेव गौतम हालसम्म तटस्थ छन्। गौतमले अध्यादेशको समर्थन गरे पनि स्वीकृतिका लागि आवश्यक मत पुग्दैन।

■ पशुपति विकास कोषको बालुवाखानी उत्खननमा भ्रष्टाचार

एमाले नेता कुइँकेलसहित नौ दोषी ठहर

नयाँ पत्रिका

पशुपति विकास कोषको गोठाटारस्थित बालुवाखानी उत्खननसम्बन्धी ठेक्कामा भ्रष्टाचार मुद्दामा एमाले नेता निर्मल कुइँकेल र कोशी प्रदेश सभा सचिव गोपालप्रसाद पराजुलीसहित नौजना दोषी ठहर भएका छन्। कुइँकेल पशुपति क्षेत्र विकास कोषका तत्कालीन सदस्यसचिव हुन् भने अधिकारी तत्कालीन स्थानीय विकास अधिकारी हुन्।

सर्वोच्च अदालतका न्यायाधीशद्वय कुमार रेग्मी र अब्दुल अजिज मुसलमानको इजलासले बुधबार विशेष अदालतबाट भएको फैसला आंशिक उल्टी गरी कोषका तत्कालीन दुई सदस्यसचिव, काठमाडौंका तत्कालीन तीन स्थानीय विकास अधिकारी(एलडिओ), कोषका दुई कर्मचारी र दुई ठेकदारलाई पनि कैद र जरिवाना फैसला सुनाएको हो।

कुइँकेललाई ६ वर्ष कैद र ८३ लाख ४१ हजार जरिवानाको फैसला भएको छ। उनी कोषको सदस्यसचिव हुँदा बालुवाखानीको ठेक्का दिएका थिए। ०६३ मा राजनीतिक नियुक्तिका रूपमा उनी सदस्यसचिव बनेका थिए।

अर्का तत्कालीन सदस्यसचिव सचिव सुशील नाहटालाई ६ वर्ष कैद र ९१ लाख ६३ हजार रुपैयाँ जरिवानाको फैसला भएको छ। नाहटा कांग्रेसबाट कोषमा नियुक्त भएका थिए। तत्कालीन एलडिओ पराजुलीलाई ६ वर्ष कैद र एक करोड २२ लाख ३६ हजार ३४७ रुपैयाँ जरिवाना भएको छ। पराजुली हाल कोशी प्रदेश सभा सचिव छन्। फैसलासँगै उनी स्वतः बर्खास्त भएका छन्। अर्का तत्कालीन एलडिओद्वय प्रेमराज जोशीलाई ६ महिना कैद र दुई लाख ३७ हजार जरिवाना र महेन्द्रलाल श्रेष्ठलाई ७८ लाख ५३ हजार जरिवाना र चार वर्ष कैद सजाय भएको छ।

कोषका तत्कालीन निर्देशक राजुकुमार रेग्मीलाई दुई लाख ३७ हजार जरिवानाको सजाय भएको छ। कोषका तत्कालीन योजना अधिकृत भीष्मकुमार मल्ललाई ६ महिना कैद र दुई लाख ३७ हजार जरिवानाको सजाय भएको छ। ठेकदार मिठाराम दाहालबाट दुई लाख ३७ हजार असुल गरी सोहीअनुसार जरिवानाको फैसला भएको छ भने मुख्य ठेकेदार बच्चुराम दाहाललाई १२ करोड ९९ लाख असुल गरी सोहीबराबर जरिवाना हुने फैसलामा उल्लेख छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पशुपतिको भ्रष्टाचारबारे ०७१ मा विशेष अदालतमा मुद्दा दायर गरेको थियो। विशेषले ५ भदौ ०७३ मा फैसला सुनाउँदै पदाधिकारी र कर्मचारीलाई सफाइ दिएर ठेकेदारलाई मात्र दोषी ठहर गरेपछि अख्तियारले पुनरावेदन गरेको थियो। विशेषको फैसला नमिलेको भन्दै सर्वोच्चबाट उल्टिएको हो। कोषको मातहत रहेको गोठाटारस्थित ५३४ रोपनी जग्गामा अवैध रूपमा रुख कटान गरी बालुवा तथा माटो उत्खनन गरिएको थियो। मिलेमतोमा ठेक्का दिई शुल्क रोयल्टीसमेत छलिएको अख्तियारको अभियोग थियो।

मेलम्ची...

पृष्ठ १ बाट क्रमशः

नजिकै रहेको काठमाडौं जिल्ला अदालत, वन विभाग परिसर, भित्री गल्ली र स्थानीयको घरमा समेत डुबान भएको छ। विद्युत्को तार भूमिगत गर्दा जथाभावी मेसिन चलाउँदा फुटेको पाइपको पानीले केही भाग सडकसमेत भासिएको छ। चार फाँटमा क्षति पुगेपछि काठमाडौं जिल्ला अदालतले सूचना निकालेर केही इजलास केही दिन बन्द हुने जानकारी गराएको छ।

काठमाडौं उपत्यका खानेपानी आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी)का प्रोजेक्ट डाइरेक्टर टीका चौधरीले नेपाल विद्युत् प्राधिकरणको असावधानीपूर्ण कामले खानेपानीको पाइपमा ठुलो क्षति पुगेको बताए। उनका अनुसार करिब चार घण्टासम्म पानी बग्दा ४० लाख लिटर पानी खेर गएको छ र पाइप फुट्दा ४० लाखबराबर क्षति भएको छ। 'पाइप फुट्नुको मुख्य कारण विद्युत् प्राधिकरण हो, खानेपानीको पाइप छ है भन्दाभन्दै पनि ध्यान नदिएर सडक खनियो,' उनले भने, 'अब यसको क्षति प्राधिकरणले नै व्यहोर्नुपर्छ। मर्मत गर्न ४० लाख रुपैयाँ लाग्ने अनुमान छ।' मेलम्ची खानेपानीले ९० सेन्टिमिटर गहिराइमा २० इन्टको पाइप गाडेको छ। विद्युत् प्राधिकरणले तार भूमिगत गराउने योजनाअन्तर्गत त्यसैमाथि खन्ने क्रममा फलामे पाइप फुटेको पिआइडीका प्रोजेक्ट डाइरेक्टर चौधरीले बताए। प्राधिकरणले विद्युत्को लाइन होरिजेन्टल ड्रिलिङ गर्ने क्रममा पाइप फुटेको हो। बुधबार फुटेको पाइप पाँच सय एमएमको थोक वितरण प्रणाली (पल्क डिस्टिब्युस सिस्टम)अन्तर्गतको हो। थोक वितरण प्रणालीमा मोटो पाइप राखिने भएकाले त्यसमा पानी पनि प्रेसरले पठाइएको हुन्छ। काम गर्दागर्दै फुटेपछि वरपरको स्थान र सडक डुबानमा परेको थियो।

विद्युत् प्राधिकरण काठमाडौं उपत्यका मध्य तथा उत्तर वितरण प्रणाली सुदृढीकरण आयोजना प्रमुख अभिषेक अधिकारीले आफूहरूको कारण पाइप फुटेको स्विकारे। 'हामीले काम गर्ने क्रममा पाइप फुटेको हो। यसमा हाम्रोभन्दा पनि ठेकेदारको लापरबाही हो,' उनले भने, 'हामी ठेकेदारलाई क्षतिको जरिवाना तिराउँछौं। तत्कालका लागि फुटेको पाइप केयुकेएलले बनाउने निर्णय भएको छ।'

खानेपानीको पाइप फुटेर काठमाडौं जिल्ला अदालतले भुइँतलामा रहेको २६, २७, २८ र २९ फाँटमा क्षति पुगेपछि उक्त इजलास केही दिनका लागि बन्द गर्ने निर्णय गरेको छ।

प्रिन्सिपलकी...

पृष्ठ १ बाट क्रमशः

भन्नुभएको थियो। तर, आज के भएछ मिडियामा जानुभएछ,' श्रेष्ठले भने। पीडितका आफन्त र विद्यार्थीले लेखापालमाथि कारबाहीको माग गर्दै बुधबार भिमाद बजारमा नाराबाजी गरेका छन्। उनीहरूले यातना दिने शिक्षिकालाई तत्काल कारबाही गर्नुपर्ने भन्दै नाराबाजी गरेका हुन्। पक्राउ परेकी लेखापाल सुष्मा श्रेष्ठलाई हिरासतमा राखेर अनुसन्धान गर्न तनहुँ जिल्ला अदालतले अनुमति दिएको छ। इलाका प्रहरी कार्यालय बेल चौताराका प्रमुख, प्रहरी निरीक्षक पोषण थापाका अनुसार घटनाबारे बुधबार किटानी जाहेरी आएसँगै आरोपित श्रेष्ठलाई पक्राउ गरी अदालत लगिएको थियो। अदालतबाट पाँच दिनको म्याद थप भएको छ। बालबालिकाले 'काली' भनेर अपशब्द बोल्दै गालीगलोज गर्न थालेपछि नजिकै रहेको क्यान्टिनबाट तातो पन्यु ल्याएर विद्यार्थीमाथि आक्रमण गरेको सोधपुछका क्रममा खुल्न आएको' थापाले बताए। बालबालिका ऐन, २०७५ को परिच्छेद ८ को दफा ६६ अनुसार बालबालिकाविरुद्धको कसुरमा उनीमाथि अनुसन्धान भइरहेको हो।

भिमाद नगरपालिकाका मेयर दधिराज सुवेदीले घटना अचानक र आवेगमा आएर नभई सुनियोजित तरिकाले भएको देखिएको बताए। 'रिसमा हान्ने वा तर्साउने फरक कुरा हो, तर यहाँ त पन्यु तताएर डामिएको छ,' उनले भने, 'निकै संवेदनशील र डरलाग्दो घटना भयो, घटनामा को-को संलग्न थिए, पालिकाले पनि छानबिन गर्छ।' शिक्षा शाखा प्रमुख सन्दीप पौडेलको संयोजकत्वमा समिति गठन गरेर छानबिन गरिने उनले बताए। 'समितिले घटनाको अध्ययन र अनुसन्धानपछि दिएको प्रतिवेदनका आधारमा के गर्ने भन्ने निर्णय गर्छौं,' उनले भने।

मोटरसाइकल हरायो

मिति २०८१/१०/१६ गते बेलुका अ.५:३० बजेको समयमा कागेश्वरी मनोहरा न.पा.-६, ग्रीनहिलसिटी मनकामना टोलबाट मेरो निम्न व्यहोरा भएको रातो, कालो रंगको **220 CC** को पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : करिमक बचत तथा ऋण सहकारी संस्था लि. (दल बहादुर सुनेल)
मो.सा.नं.: बा.प्र. ०२-०५३ प २८०६
चेसिस नं.: MD2A13EX0RCE82406
इन्जिन नं.: DKXCRE32906
सम्पर्क न.: 9804976383

बागमती प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय
हेटौडा, नेपाल

स्नातक तथा स्नात्तकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूलाई शोधवृत्ती वितरणका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/११/१

यस संस्कृति तथा पर्यटन मन्त्रालय बागमती प्रदेशबाट पर्यापर्यटन, जैविक विविधता, पर्वतारोहण, पारिस्थितिक प्रणाली, संस्कृत भाषा, तामाङ भाषा, नेवारी भाषा तथा यस प्रदेश भित्र बोलिने विभिन्न लोपोन्मुख भाषा सम्बन्धी विषयमा स्नातक तथा स्नातकोत्तर तह अन्तिम वर्ष/सेमेष्टरमा अध्ययनरत नियमित विद्यार्थीलाई शोधपत्र (Thesis) का निम्ति सहयोग प्राप्त गर्न इच्छुक विद्यार्थीहरुबाट यस मन्त्रालयको **स्नातक/स्नात्तकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुलाई शोधवृति वितरण कार्यविधि, २०८१** को अनुसूची २ बमोजिम रीतपूर्वक कागजात सहित यो सूचना प्रकाशित भएको मितिबाट १५ दिनभित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। उक्त कार्यविधि यस मन्त्रालयको वेभसाइट mocat.bagamati.gov.np मा हेर्न सकिनेछ।

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

ढुङ्गा, गिट्टी,बालुवा उत्खनन् तथा संकलन र बिक्री सम्बन्धी पुनः विद्युतीय बोलपत्र (Re-Bid) आह्वानको सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०८१/११/०१)

यस गाउँपालिकाको आन्तरिक आयको तपसिलको ठेक्का, सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५, दफा ८(७) बमोजिम समय दिई न्यूनतम ठेक्का अंकमा नघट्ने गरी पुनः विद्युतीय बोलपत्र (Re-Bid) आह्वानको सूचना प्रकाशित गरिएको छ। यो बोलपत्र वेबसाईट : **www.bolpatra.gov.np/egp** मा हेर्न र डाउनलोड गर्न सकिनेछ। थप जानकारीका लागि जानकी गाउँपालिका कार्यालय, दुर्गौलीको सूचना पाटी, वेबसाईट : **www.janakimunkailali.gov.np** मा हेर्न सकिनेछ।

तपसिल :

क्र. सं.	आय ठेक्का नं.	ठेक्काको विवरण	कूल नदीजन्य पदार्थ उत्खनन् तथा संकलन (घन मिटर)	न्यूनतम ठेक्का रकम (सेवा शुल्क र मू.अ. कर बाहेक) रु.	बोलपत्र फाराम दस्तुर रु.	बोलपत्र खोलिने मिति र समय
१.	JRM/IR/02/2081/082	कर्णाली नदीको तोकिएका क्षेत्रहरूबाट (मुनुवाँ ठाँडा (कालिका सामुदायिक वनको पूर्वतिर) वडा नं. ९, बलचौर घाट, वडा नं. ९ र गोराङ्गे घाट, वडा नं. ९)	४१०००	८६,९२,०००।- (अक्षेरुपी छयासी लाख बयानब्बे हजार मात्र ।)	३,०००।- (अक्षरेपी तीन हजार मात्र ।)	२०८१/११/१९ (03 Mar. 2025) दिनको २:०० बजे।

प्रमुख प्रशासकीय अधिकृत

Myagde Rural Municipality
Office of Rural Municipal Executive
Chhang, Tanahun, Gandaki Province

Invitation for only electronic bids

Date of publication: 2081/11/01

Myagde Rural Municipality invites only electronic bids from Nepalese eligible bidders for the construction of following projects under National Competitive Bidding procedures.

S.N	Name Of the Project	Contract ID	Estimated amount (Inclusive of VAT)	Bid Security Amount	Bid Document Fee	First Date of publication	Last Date Of Submission
1	Gabion works for upstream and down stream of bridge connecting Myagde-05 and Suklagandaki Municipality-07	MRM–31-2081/082	**95,99,622.00**	**2,45,000.00**	**3000**	2081/11/01	2081/12/03

1. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Myagde Rural Municipality, Office of Rural Municipal Executive, Chhang, Tanahun or may visit PPMO website www.bolpatra.gov.np/egp for further information.
2. Bidders shall deposit the cost of bidding documents specified above for each contract in an account as specified below:
   Name of the Bank: Laxmi Sunrise Bank , Tharpu, Tanahun
   Name of the Office: Myagde Rural Municipality
   Office Account no: 07803000130
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

Chief Administrative Officer

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०

२४औं आहारारा पोखरा गोल्डकप

पुलिस ११औँपटक फाइनलमा

विपक्षीको स्तरअनुसारै रणनीति बनाएर खेल्यौँ

● **चेतन घिमिरे**, प्रशिक्षक, पुलिस

प्रतिस्पर्धामा विपक्षीमध्ये चर्च ब्वाइज तुलनात्मक रूपमा बलियो देखियो। विपक्षीको स्तरअनुसारै फरक रणनीति बनाएर खेल्यौँ। खेलाडीले समेत मैदानमा रणनीतिअनुसारै खेले। जितका लागि उनीहरूले धेरै मिहिनेत गरेका थिए। प्राविधिक रूपमा पछाडि रह्यौँ। चर्च ब्वाइजको खेल राम्रो थियो। सबैभन्दा मुख्य पक्ष दोस्रो हाफको सुरुमै गोल गर्न सक्यौँ। त्यही एक गोलमै फाइनलमा पुग्यौँ।

खेलमा नसोचेको गोल भयो

● **चेतनारायण श्रेष्ठ**, प्रशिक्षक, चर्च ब्वाइज

प्रतियोगिताको पहिलो सेमिफाइनलमा दुवै टोलीले राम्रो खेले। पुलिसविरुद्धको प्रतिस्पर्धामा नसोचेको गोल व्यहोर्यौँ। यसलाई दुर्भाग्य भन्नुपर्छ। पहिलो हाफमा त्यति राम्रो भएन। तर, मध्यान्तरपछि खेलमा सुधार आयो। दोस्रो हाफमा पुलिसमाथि दबाब राखे पनि स्कोर भएन। खेलाडीले गोलका लागि धेरै प्रयास गरेका थिए। समग्रमा पुलिसले अघिल्लो खेलको तुलनामा उत्कृष्ट खेल्यो।

कास्कीमा रोहितराज पराजुली

नेपाल पुलिस क्लब ११औँपटक राराआहा गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा पुगेको छ। पुलिसले ०७६ पछि अन्तिम दुईको स्थान पक्का गर्ने क्रममा चर्च ब्वाइज युनाइटेड क्लबलाई १-० ले हरायो। बुधबार पोखरा रंगशालामा भएको पहिलो सेमिफाइनलमा पुलिसका लागि एक मात्र निर्णायक गोल सञ्जीव लामाले गरेका थिए। उनले खेलको ५८औँ मिनेटमा गोल गरेका हुन्।

यसअघिका दुई संस्करणमा पुलिस चर्च ब्वाइजसँग पराजित भएको थियो। २२औँ संस्करणको प्रिक्वार्टरफाइनलमा २-१ र गत वर्ष क्वार्टरफाइनलमा चर्च ब्वाइजले पुलिसलाई हराएको थियो। पुलिस राराआहा गोल्डकपको सर्वाधिक विजेता हो। पुलिसले अहिलेसम्म ६ पटक ट्रफी उचालेको छ। पुलिस चारपटकको उपविजेता पनि हो। राराआहा गोल्डकपमा पुलिसको यो ५० औँ जित हो। अब पुलिसले थ्री स्टार र उज्वेकिस्तानको ब्ल्याक बुल्स फुटबल क्लबबिचको विजेताविरुद्ध प्रतिस्पर्धा गर्नेछ। दोस्रो

६ पटकको च्याम्पियन र चारपटक उपविजेता बनेको नेपाल पुलिसले अन्तिम दुईमा स्थान रक्षा गर्ने क्रममा चर्च ब्वाइजमाथि १-० को जित निकाल्यो

सेमिफाइनल बिहीबार हुनेछ।

उज्वेकिस्तानको ब्ल्याक बुल्सले क्वार्टरफाइनलमा सिक्किमको थन्डर बोल्टलाई हराएको थियो। प्रतियोतिगामा पुलिसले उद्घाटनमा आयोजक सहारा क्लबलाई १-० ले हराएको थियो। क्वार्टरफाइनलमा पुलिसले बेलायतको बिग्रेड ब्वाइज क्लबलाई २-० ले पाखा लगाएको थियो। चर्च ब्वाइजले प्रिक्वार्टरफाइनलमा एनआरटीलाई सडनडेथमा स्तब्ध पारेको थियो। साबिक विजेता त्रिभुवन आर्मी क्लबमाथि १-० को जित निकाली चर्च ब्वाइज सेमिफाइनलमा पुगेको थियो।

लामाले गरे विजयी गोल

'ए' डिभिजन लिग विजेता चर्च ब्वाइज र पुलिसबिच पहिलो हाफ गोलरहित बराबरी भएको थियो। मोफसलमा आयोजित गोल्डकपमा उत्कृष्ट प्रदर्शन गरिरहेको चर्च ब्वाइजले पुलिसविरुद्ध राम्रो खेल प्रदर्शन गरे पनि फिनिसिङ बलियो बनाउन सकेन। खेलको ५८औँ मिनेटमा गोलरक्षक राज भुसालले बल क्लियर गर्न नसक्दा पुलिसले बाजी मारेको हो। मैदानको मध्यभागबाट आएको बललाई चर्च ब्वाइजका गोलरक्षक भुसालले जज गर्न सकेनन्। लामाले सहजै गोल गरी पुलिसलाई १-० को अग्रता दिलाए।

उनकै गोल नै निर्णायक बन्यो। राराआहा गोल्डकपमा पुलिस र चर्च ब्वाइजबिचको खेल समग्रमा २५०औँ हो। पहिलो हाफमा दुवै टोलीले केही अवसर सिर्जना गरे पनि सदुपयोग गर्न सकेनन्। चर्च ब्वाइज र पुलिसले आक्रामक शैलीमा प्रतिस्पर्धा गरेका थिए। दोस्रो हाफमा पुलिसको तुलनामा चर्च ब्वाइजले पोस्ट चार्ज गरेको थियो।

आइसिसीले लगायो बंगलादेशी क्रिकेटरलाई पाँच वर्ष प्रतिबन्ध

एजेन्सी

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले बंगलादेशी अफ स्पिनर सोहेली अख्तरलाई पाँच वर्ष प्रतिबन्ध लगाएको छ। आइसिसीले पहिलोपटक महिला क्रिकेटरमाथि प्रतिबन्ध लगाएको हो। बंगलादेशी महिला राष्ट्रिय टोलीबाट दुई एकदिवसीय र १३ टी-२० आई खेलेकी अख्तरमाथि फिक्सिङको प्रयास तथा घुस र आइसिसीको एन्टी करप्सन कोड (एसियू)लाई आवश्यक पूर्ण विवरण नदिएको आरोपमा प्रतिबन्ध लगाइएको आइसिसीले जनाएको छ।

यसैगरी, अख्तरले आइसिसीको अनुसन्धानमा समेत बाधा पुऱ्याएको आरोपमा दोषी ठहराइएको छ। आइसिसीको नियम उल्लंघन गरेको स्वीकार गरेपछि उनलाई सबैखाले क्रिकेटमा पाँच वर्ष प्रतिबन्ध लगाइएको हो। सन् २०२३ मा दक्षिण अफ्रिकामा भएको आइसिसी टी-२० महिला विश्वकप प्रतियोगितामा अख्तरले बंगलादेशी एक क्रिकेटरलाई 'फिक्सिङ'को प्रस्ताव राखेकी थिइन्। सो विश्वकपमा उनी टोलीमा नभए पनि खेलाडीलाई फिक्सिङका लागि उक्साएकी थिइन्। अख्तरले बंगलादेश र अस्ट्रेलियाबिचको खेलमा हिट विकेट आउट गर्न एक खेलाडीलाई १६ हजार चार सय अमेरिकी डलर प्रस्ताव राखेकी थिइन्। तत्कालै ती बंगलादेशी क्रिकेटरले आफूमाथि 'फिक्सिङ' गराउन प्रस्ताव आएको आइसिसीको एन्टी करप्सन युनिटलाई जानकारी गराइन्।

डेढ वर्षसम्म चलेको अनुसन्धानले अख्तरलाई म्याच फिक्सिङमा प्रमुख दोषी ठहर गरेको हो। अनुसन्धानका क्रममा 'भ्वाइस रेर्कड' परीक्षण गरिएको थियो। जसमा दुई बंगलादेशी खेलाडीबिचको वार्ता स्पष्ट सुनिएको थियो।

फिक्सिङ तथा घुस प्रकरणमा दोषी ठहरिएपछि बंगलादेशबाट दुई एकदिवसीय र १३ टी-२० आई खेलेकी अख्तरलाई आइसिसीको कारबाही

'सुरुमा आरोपित खेलाडीले घटनाबारे जानकारी नभएको बताएकी थिइन्, अनुसन्धानका क्रममा सबै प्रस्ट भयो,' आइसिसीले भनेको छ, 'बंगलादेशलाई खेलमा हराउन मोटो रकम प्रस्ताव भएको खुलासा भएको छ।' आइसिसीले प्रमाणकै आधारमा अख्तरलाई कारबाही गरेको जनाएको छ। 'हामीसँग सबै प्रमाण सुरक्षित छ, बंगलादेशी क्रिकेटरले दोस्रो पक्षसँग मिलेर 'फिक्सिङ' प्रयास गरेको देखियो,' आइसिसीले भन्यो, 'दोषी ठहरिएपछि उनलाई सबै किसिमका फर्म्याटमा पाँच वर्ष प्रतिबन्ध सुनाइएको हो।'

भारतविरुद्ध सन् २०१३ मा डेब्यु

घरेलु तथा अन्तर्राष्ट्रिय क्रिकेटमा पाँच वर्ष प्रतिबन्धित अख्तरले सन् २०१३ मा भारतविरुद्ध एकदिवसीयमा डेब्यु गरेकी थिइन्। नौ वर्षको अन्तर्राष्ट्रिय करिअरमा उनले दुईवटा एकदिवसीयमा प्रतिस्पर्धा गरिन्। एकदिवसीयमा एक इनिङ्स ब्याटिङ गरेकी उनले चार बल सामना गरेकी थिइन्। बंगलादेशको राष्ट्रिय महिला टोलीमा उनलाई पार्टटाइम स्पिनरका रूपमा राखिएको थियो।

उनले टी-२० आईमा १३ खेलमध्ये ११ इनिङ्समा बलिङ गर्दै आठ विकेट लिइन्। एकदिवसीय खेलमा भने दुवै खेलमा उनले तीन विकेट हात पारेकी थिइन्। भारतविरुद्ध नै उनले टी-२० आईमा डेब्यु गरेकी थिइन्। उनको अन्तिम टी-२० आई सन् २०२२ मा श्रीलंकाविरुद्ध रह्यो।

अन्तर्राष्ट्रिय करिअरमा अख्तरले पाकिस्तान, थाइल्यान्ड, आयरल्यान्ड, अमेरिका र स्कटल्यान्डविरुद्ध प्रतिस्पर्धा गरेकी थिइन्। यसक्रममा टी-२० आईमा पाकिस्तान र श्रीलंकाविरुद्ध समान तीन रन बनाइन्।

नबिल बैंक लिमिटेडको, तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८१/११/०१)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी र कम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

१ **ऋणी कम्पनीको नाम र ठेगानाको विवरण (दुवाकोट शाखा, भक्तपुर)**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७९/१०/१७ मा दर्ता नं. ३०६१५३/०७९/०८० अन्तर्गत दर्ता भएको **मसल बिच हेल्थ स्टुडियो प्रा. लि.**।
ठेगाना : ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. ३।

ऋणी कम्पनीका संचालक तथा व्यक्तिगत जमानतकर्ताको विवरण

१. रामगुलाम साहको नाति रामबाबु साहको छोरा धनुषा जिल्ला, भुतही पटेर्वा गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल ललितपुर जिल्ला, पुलचोक न.पा. वडा नं. ३ बस्ने, ना.प्र.नं. १७१०४९/४२५ (जारी मिति २०७०/१०/२३, स्थान धनुषा) भएका **बिदुर कुमार साह**।
२. बल बहादुर राईको नाति सुब्बा सिं राईको छोरा काभ्रेपलाञ्चोक जिल्ला, पनौती न.पा. वडा नं १३ स्थायी घर भई हाल ललितपुर जिल्ला, पुलचोक न.पा. वडा नं. ३ बस्ने, ना.प्र.नं. ३००१-०६८-२१२२७ (जारी मितिः २०६८/०३/३०, स्थान काभ्रेपलाञ्चोक) भएका **प्रविन राई**।
३. नक्कल सिंह तामाङकी नातिनी पेम्बा तामाङकी छोरी, नुवाकोट जिल्ला, थप्रेक गा.वि.स. वडा नं. ७ स्थायी घर भई हाल ललितपुर जिल्ला, पुलचोक न.पा. वडा नं. ३ बस्ने, ना.प्र.नं. ८३८३३ (जारी मितिः ०५९/१२/२४, स्थान नुवाकोट) भएकी **शुकु माया तामाङ**।
४. ठइन्द्रबहादुर खड्काकी छोरी सुब्बा सिं राईकी बुहारी प्रविन राईकी श्रीमती काभ्रे जिल्ला, चलाल गणेशस्थान गा.वि.स. वडा नं ६ स्थायी घर भई हाल ललितपुर जिल्ला, पुलचोक न.पा. वडा नं. ३ बस्ने, ना.प्र.नं. ३०१०१७/१६८१०७ (जारी मितिः २०६५/०१/१२, स्थान काभ्रेपलाञ्चोक) भएकी **सृजना खड्का**।
५. चन्द्र बहादुर राईकी नातिनी रघुनाथ राईकी छोरी काभ्रे जिल्ला, खोपासी गा.प. वडा नं ५ स्थायी घर भई हाल ललितपुर जिल्ला, पुलचोक न.पा. वडा नं. ३ बस्ने, ना.प्र.नं. (९)६४२ (जारी मितिः २०४५/२/२२, स्थान काभ्रे) भएकी **कान्छी राई**।

धितोको विवरण

काभ्रे जिल्ला, खोपासी गा.प. वडा नं ५ स्थायी घर भई हाल ललितपुर जिल्ला, पुलचोक न.पा. वडा नं. ३ बस्ने, **कान्छी राइ**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काभ्रेपलाञ्चोक जिल्ला, सुन्थान गा.वि.स. वडा नं १ नक्सा सिट नं १ मा अवस्थित कि.नं. १८६ क्षेत्रफल १-५-३-२ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२ **ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण (बौद्ध शाखा, काडमाडौँ)**

बागमती प्रदेशको प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ बमोजिम काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, काठमाण्डौ, बागमती प्रदेश, नेपालमा मिति २०७८/०५/२१ मा दर्ता नं. ०६-१९८०६-३१-०७२९ अन्तर्गत दर्ता भएको **सुस्मिता फलफुल स्टोर**।
ठेगाना : काठमाडौं जिल्ला, काठमाण्डौ म.न.पा. वडा नं. ६।
ऋणी फर्मका प्रोप्राइटरः
जय बहादुर थापा मगरकी नातिनी भिम बहादुर थापा मगरकी छोरी, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ९ स्थायी घर भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ५ बस्ने, ना.प्र.नं. ३४१०२२/१९७५ (जारी मिति : २०६४/९/१२, स्थान पर्सा) भएकी **सुस्मीता थापा**।

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

प्रतिमान राईको नाति राम कुमार राईको छोरा भोजपुर जिल्ला, आमचोक गा.पा. वडा नं १० स्थायी घर भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ५ बस्ने, ना.प्र.नं. ०९-०१-७५-००४९६ (जारी मिति २०७५/०२/१४, स्थान भोजपुर) भएका **क्षितिज राई**।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

लहान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय

लहान, सिरहा
मधेश प्रदेश, नेपाल
(आन्तरिक राजस्व उपशाखा)

नदीजन्य पदार्थ उत्खनन्, संकलन, विक्री तथा व्यवस्थापनका लागि बोलपत्र शिलवन्दी वोलपत्र आह्वान सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/११/०१)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ क र यस लहान नगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा ११ को व्यवस्था वमोजिम तपसिलमा उल्लेखित खोला/नदीहरूको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खन्न/संकलन गरी लहान नगरपालिकाले तोकेको दरमा विक्री गर्ने गरी चालु आ.व. २०८१/०८२ (२०८१ चैत्र १ गते देखि २०८२ जेठ मसान्तसम्म) को लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरूले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरू संलग्न गरी तपसिल बमोजिमका शर्तहरूको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीकोलागि यो सूचना प्रकाशन गरिएकोछ।

तपसिल :

सूचना नं./ बोलपत्र नं.	ठेक्काको नाम	दैनिक रुपमा उत्खनन् तथा संकलन गर्न सकिने अधिकतम परिमाण	जम्मा उत्खन्न परिणाम (घन मीटर)	न्यूनतम ठेक्क अंक रकम रु. (सेवा शुल्क र मू.अ.कर बाहेक)	बोलपत्र जमानत रकम रु.	बोलपत्र फाराम दस्तुर रकम रु.
०१/ ०८१/०८२	नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल, माटो आदी) उत्खनन्, संकल, विक्री तथा व्यवस्थापन ठेक्का	**बलान खोला-** २०१.३९ घन मी. **सर्रे खोला-** २०७.७४ घन मी.	३६,८२१.७०	७३,६४,५००।-	३,७०,०००।-	३,०००।-

शर्तहरू :

१. बोलपत्र फाराम खरिद गर्न ईच्छुक फर्म वा कम्पनीहरूले फर्म नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र बोलपत्र फाराम दस्तुर वापत नेपाल बैक लि., शाखा कार्यालय, लहानमा रहेको यस कार्यालयको खाता नं. ०३६०३००००१००१०००००१ मा नगद जम्मा गरेको बैंक भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१ औं दिनसम्म कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ। वोलपत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट अर्थात् कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोलिने कार्य हुनेछ।
२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफूले कबोल गरेको अंकको ५% को दरले हुन आउने धरौटी रकम नेपाल बैंक लि., लहानमा रहेको यस कार्यालयको धरौटी खाता नं. ०३६०३००००३०००००००१ जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकवाट बोलप नं. र ठेक्काको नाम उल्लेख गरी कम्तिमा १२० दिनको म्याद भएको यस कार्यालयको पक्षमा जारी गरिएको बिड बण्ड र तोकिएको बोलपत्र फारम दस्तुर माथि उल्लेखित यस कार्यालयको बैंक खाता नं. मा जम्मा गरेको बैंक भौचर शिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ।
३. खरिद गरेको बोलपत्र फारामहरूमा उल्लेख भएका सबै विवरणहरू भरी बोलपत्रदाताको प्रत्येक पानामा सही छाप गरी शिलबन्दी गरी खाम वाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण, प्रोपराइटरको नाम, ठेगाना, फोन नं., मोवाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले २२ औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्ने छ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।
४. एक फर्म वा कम्पनीको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा कम्पनीको नामबाट दाखिला गर्न पाईने छैन। रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरू पेश गर्ने अन्तिम दिनको २:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, बोलपत्रदाताहरू वा निजको प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न वाधा पर्ने छैन।
५. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले ११ औं दिन दिनको १:०० बजे नगरकार्यपालिकाको कार्यालय, लहानमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरूले उक्त बैठकमा भाग लिई यस सम्वन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ। उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ।
६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्कक राख्न सकिनेछ। म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
७. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिनभित्र कबोल अंकको ५०% ले हुने प्रथम किस्तावापतको रकम अनिवार्य बुझाउनुपर्नेछ। बाँकी ५०% ले हुन दोस्रो किस्तावापतको रकम नेपाल राष्ट्र बैकबाट ईजाजत प्राप्त बाणिज्य बैकबाट वि.सं. २०८२ साल आषाढ मसान्तसम्म म्याद भएको यस कार्यालयको पक्षमा जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी चलनपट्टा उठाउनु पर्नेछ। साथै बोलपत्र कबोल गर्ने फर्म वा कम्पनीले आफूले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै वुझाउनु पर्ने छ।
८. कुनै कारणवस ठेक्का अवधि कम हुन गएमा कवोल अंकलाई आधार मानी कम हुने अवधिको दामासाहीले कम हुन आउने अंकलाई ठेक्का अंक रकम मानिनेछ।
९. तोकिएको म्यादभित्र चलनपट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। उल्लेखित खोला/नदीहरूको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४, लहान नगरपालिकाबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड वमोजिम हुनेछ। साथै स्वीकृत (IEE) वातावरणीय अध्ययन प्रतिवेदन ठेक्का सम्झौताको अभिन्न अंग मानिनेछ।

(**नोट :** विस्तृत जानकारीको लागि यस कार्यालयको Website:www.lahanmun.gov.np मा समेत हेर्न सकिनेछ)

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com